# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक "**मित्रप्रसाद दाहालको प्रमद्वरा खण्डकाव्यको तत्वगत आधारमा अध्ययन**" रहेको छ ।

## १.२ शोधको प्रयोजन

यस शोध पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय म.र.ब क्याम्पस इलाम नेपाली विभाग अन्तर्गत एम.ए. दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

अनुसन्धानका क्षेत्रहरू भाषा, लोक साहित्य र साहित्य मध्ये अध्ययन गर्न लागेको क्षेत्र साहित्य अन्तगर्तको 'प्रमद्वरा' खण्डकाव्य रहेको छ । वि.सं. १९९९ साल चैत्र १२ गते झापा जिल्लाको शान्तिनगरमा जन्मिएका मित्रप्रसाद दाहाल नेपाली साहित्यका कवि, खण्डकाव्यकार र महाकाव्यकार हुन् । वि .सं. २०२२ सालदेखि नै फूटकर कविताहरू लेख्न सुरू गरेका दाहालले हालसम्ममा पाँचवटा कृतिहरू प्रकाशन गरिसकेका छन् । जसमध्ये मैले अध्ययन गरेको कृति 'प्रमद्वरा' (२०५७) खण्डकाव्य हो । यस खण्डकाव्य महाभारत र श्रीमद्भागवतका पौराणिक कथामा आश्रित रहेर लेखिएको छ । उक्त काव्यमा महर्षि भृगुका पुत्र च्यवन र महाराजा सर्यातिकी पुत्री सुकन्या प्रसङ्ग रहेको छ । उनीहरूको विवाह पछि पुत्र प्रमति जन्मिएको छ । च्यवन पुत्र प्रमति र धृताचि अप्सरा प्रसङ्ग एवं उनीहरूको पुत्र रुरु जन्मिएको कुरा रहेको छ । मेनका अप्सरा र गन्धर्भराज विश्वावसु प्रसङ्ग तथा उनीहरूबाट एक पुत्री जन्मिएको प्रसङ्ग आदि छन् । विस्वावसु र मेनकाबाट परित्यक्ता शिशु बालिकालाई स्थूलकेश ऋषिले आफ्ना आश्रममा ल्याई आफ्नी पत्नी बेदमाता साहित उनको लालन पालन र संस्कार गरी उनको नाम 'प्रमद्वरा' राखिएको छ । उनी ज्यादै राम्री सुशील र विदुषी रहेकी छिन् । त्यही आश्रममा आएका ऋषिकुमार रुरुसँग उनको भेट भएको छ । विद्याबुद्धिमा पारङ्गत सुशिल एवम् सुन्दर दुवै युवक युवतीमा विवाह भएको छ । प्रमद्वाराको सर्पको टोकाइबाट निधन भएको छ । त्यसपछि रुरुका प्रयासले उनको आधा उमेर दिई प्रमद्वारा पुनजीर्वित भएको कुरा देखाई काव्य समाप्त गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा कवि, खण्डकाव्यकार र महाकाव्यकारका रुपमा चिनिएका मित्रप्रसाद दाहालले नेपाली काव्यजगत्लाई योगदान दिएका हुन् । नेपाली खण्डकाव्य र महाकाव्यलाई दुवैको पूर्वीय मान्यताअनुरूप प्रस्तुत गरी स्थापित मूल्य र मान्यतालाई निरन्तरता प्रदान गर्न दाहालका खण्डकाव्य र महाकाव्य महत्वपूर्ण रहेका छन् । उनका काव्यहरूमा धर्म, पुराण र ज्योतिषशास्त्रका विषयहरू रहेका छन् । तसर्थ उनका साहित्यिक कृतिहरूमा आधारमा 'चन्द्रहंस' महाकाव्यले 'मित्रप्रसाद दहालको जीवन व्याक्तित्व र कृतित्व' चन्द्रहंस महाकाव्यको विश्लेषण र मूल्याङ्न, श्रीवत्स महाकाव्यको कृतिपरक अध्ययन र तारा शोककाव्यको शैली वैज्ञानिक अध्ययन जस्ता विषयमा शोधकार्य भइसकेपनि उनको प्रथम प्रकाशित खण्काव्य 'प्रमद्वराको' छुट्टै अध्ययन भएको पाईंदैन । त्यसैले उनको 'प्रमद्वरा' (२०५७) खण्डकाव्यको विस्तृत अध्ययन र विश्लेषण गर्नु यस शाधकार्यको समस्या हो । प्रस्तावित शोधकार्य निम्न लिखित समस्यासँग सम्बद्ध रहेको छ ।

क) मित्रप्रसाद दाहालको काव्यात्मक यात्रा के कस्तो छ ?

ख) मित्रप्रसाद दाहालको 'प्रमद्वरा' खण्डकाव्यको तत्वगत आधारमा के कसरी अध्ययन गर्न सकिन्छ ?

ग) मित्रप्रसाद दाहालका खण्डकाव्यगत प्रवृतिहरू के कस्ता छन् ?

## १.५ शोधकार्यका उद्देश्यहरू

शोधकार्यका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हो । यस शोधकार्यको समस्याको सुव्यवस्थित र एवम् वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्न लिखित उद्देश्यहरू राखिएका छन् ।

क) मित्रप्रसाद दाहालको काव्यात्मक यात्राको निरुपण गर्नु ।

ख) मित्रप्रसाद दाहालको 'प्रमद्वरा' खण्डकाव्यको तत्वगत आधारमा अध्ययन गर्नु ।

ग) मित्रप्रसाद दाहालको खण्डकाव्यगत प्रबृत्तिहरू केलाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

मित्रप्रसाद दाहालको एउटा खण्डकाव्य तथा तीन वटा महाकाव्यको पूर्वीय मान्यतालाई साकार पार्दै साहित्यको क्षेत्रलाई उर्वर बनाएका छन् । उनका अरू कृतिहरूका बारेमा अध्ययन भएपनि 'प्रमद्वरा' खण्डकाव्यको बारेमा विस्तृत एवम् सुव्यवस्थित अध्ययन

भएको पाईदैन । यसै क्रममा साहित्यकार मित्रप्रसाद दाहालका कृति विश्लेषणका केही पूर्वकार्यहरूको चर्चा निम्न रहेको छ -

क) साहित्यकार दैवज्ञराज न्यौपानेले कवि मित्रप्रसाद दाहालको कृति 'प्रमद्वरा' (२०५७) खण्डकाव्यको भूमिकामा 'सम्मतिका केही शब्दहरू' शीर्षकमा 'प्रमद्वरा' स्वयम्मा उत्कृष्ट रहेको छ, यसको भाव पक्ष निकै संवेद्य एवम् मननीय छ । वर्णमात्रिक छन्दहरूको कठोर नियम भित्र रहेर पनि सफलताका साथ छन्द साथ छन्द साधना गरेकोमा काव्यकार स्तुत्य हुनुहुन्छ भन्ने प्रशंसा गरेका छन् ।

ख) विश्लेषक अनिरुद्र तिम्सिनाले कवि मित्रप्रसाद दाहालको चन्द्रहंस महाकाव्यको भूमिकामा 'चन्द्रहंस' महाकाव्य सरसर्ती पढ्दा भन्ने शीर्षकमा राष्ट्र, राष्ट्रियता, भाषा संस्कृति र जातीय परम्परा उत्थान हुने वैचारिकता र नैतिकता भित्र रहेर साहित्य रचना गर्नुपर्छ, भन्ने काव्यकारको मान्यता रहेको कुरा देखाउँदा चन्द्रहंस महाकाव्यकै कोटीमा पर्ने काव्य रहेको बताएका हुन् । तर 'प्रमद्वरा' खण्डकाव्यको बारेमा उनले केही पनि बताएका छैनन् ।

ग) समीक्षक उपेन्द्र पागलले चन्द्रहंस महाकाव्यको भूमिका खण्डमा यो महाकाव्यकै श्रेणीमा उदाएको भनेका छन् नेपाली महाकाव्य परम्पराका मानक काव्यहरूको दाँजोमा पुग्न नसकेको भएपनि कथावस्तुका दृष्टिले पूर्ण देखिएको र पात्रकथावस्तु, पञ्च सन्धी सर्ग योजना एवम् कालिक परिवेशका दृष्टिले चन्द्रहंस महाकाव्यकै श्रेणीमा पर्ने काव्य भनेका छन् भने उनले 'प्रमद्वरा' खण्डकाव्यका बारेमा बोलेका छैनन् ।

घ) श्रीवत्स (२०६४) महाकाव्यको आशंशा शीर्षकको भूमिकामा टीकाप्रसाद शर्माले 'कृति' पण्डित मित्रप्रसाद दाहाल शास्त्रीको 'महाकाव्य' सरल बोधगम्य नेपाली प्रवृत्तिको समादरमा उदाएको यस महाकाव्यले काव्यानुरागी सबैलाई न्याय दिनेछ भन्ने मैले सम्झेको भनेर भनेका छन्, तर 'प्रमद्वरा' खण्डकाव्यका बारेमा उनले केही पनि उल्लेख गरेका छैनन् ।

ङ) श्रीवत्स (२०६४) महाकाव्यको श्रीवत्स महाकाव्यभित्र चन्चु प्रवेशको भूमिकामा उपेन्द्र पागलले श्रीवत्स महाकाव्य यसरी चर्चा गरेका छन् । त्यो श्रीवत्स महाकाव्य सर्ग योजना बर्णनशैली परिशिष्ट र समयावधि आदिका दृष्टिले समेत छन् ।

च) मेची टाइम्स (फाल्गुन-१९, २०६४) मा लता खरेलले काव्यचेतनाका धनी मित्रप्रसाद दाहाल शीर्षकको लेखमा मित्रप्रसाद दाहालको काव्यकारिताको चर्चा गरेकी छिन् ।

श्रीवत्स महाकाव्य लगायत साहित्यका अन्य विधा उपविधामा पनि कवि दाहालको काव्य लेखनगत विषयवस्तु चाहिँ प्रायः पौराणिक नै रहेको छ ।

छ) जिल्ला शिक्षा कार्यलय भद्रपुर झापाका तत्कालीन जिल्ला शिक्षा अधिकारी लक्ष्मण खनालले 'प्रमद्वरा' खण्डकाव्यलाई शुभेच्छा प्रकट गर्दै भनेका छन् ,"प्रमद्वराले नेपाली साहित्यमा नयाँ आयाम थप्ने विश्वास राख्दै आजको यस बेफुर्सदिलो समयमा पनि पुराणका ठेलीहरू पल्टाएर तत्कालीन समाजको अध्ययन गर्न नसक्नेहरूका लागि काव्यको रसास्वादन गराउदै एउटा उपलब्धि बनेको छ ।"

ज) श्री भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक केशवप्रसाद रिजालले 'प्रमद्वरा' खण्डकाव्यलाई शुभकामना दिँदै भनेका छन् 'प्रमद्वरा' शरीरदेखि वीरसम्म वकाई फकाई हेर्दा आर्दश राधव शाकुन्तल जस्ता महाकाव्य भित्रका आश्रमहरूमा हराए झैं लाग्नु प्रकृति चित्रणमा एकाकार हुनु स्वभाविकै हो, त्यसमा पनि च्यवन, सुकन्या, विश्वावसु, प्रमति, मेनका, धृताची, रुरु र प्रमद्वरा पात्रहरूलाई जीवन्तता दिँदै कल्पनाको पुल जोड्ने कामलाई बौद्धिकताको उपल्लो श्रेणीमा राख्न सकिन्छ ।

यसरी विभिन्न विद्वान् तथा समालोचकहरूले दाहालका अन्य कृतिहरूका बारेमा अध्ययन गरेको भएतापनि उनको 'प्रमद्वरा' खण्डकाव्यको बारेमा अध्ययन भएको देखिँदैन त्यसैले यस शोध कार्यमा मित्रप्रसाद दाहालको 'प्रमद्वरा' खण्डकाव्यको बारेमा अध्ययन भएको देखिदैन, त्यसैले शोधकार्यमा मित्रप्रसाद दाहालको 'प्रमद्वरा' खण्डकाव्यको अध्ययन तथा मूल्याङ्कन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

यस शोधकार्यमा 'प्रमद्वरा' खण्डकाव्यको कृतिपरक अध्ययन र विश्लेषण गरिने भएकोले आउने पिँढीलाई यस कृतिको वस्तुगत जानकारी प्राप्त हुनेछ प्रस्तुत शोधकार्यको 'प्रमद्वरा' खण्डकाव्यको बारेमा जान्न इच्छुक व्यक्तिहरूका लागी अनुसन्धानको क्षेत्रमा यसको ठुलो महत्व रहनेछ । नेपाली साहित्यको खण्डकाव्य र महाकाव्यको क्षेत्रमा काव्यकार मित्रप्रसाद दाहाललाई स्थापित गराउने छ । उपर्युक्त दृष्टिकोणले प्रस्तुत शोधकार्यको औचित्यतपूर्ण र उपयोगी भएको छ ।

## १.८ प्राक्कल्पना

पौराणिक बिषयवस्तुमा  आधारित भएर तथा वर्णमात्रिक छन्दको कठोर अनुशासन भित्र रहेर काव्य सिर्जना गर्ने भएकाले कवि मित्रप्रसाद दाहाल विशेष गरेर छन्दवादी कवि हुन् ।

## १.९ शोधकार्यको सीमाङ्कन

नेपाली भाषामा प्रकाशित मित्रप्रसाद  दाहालको 'प्रमद्वरा' (२०५७) खण्डकाव्यको कृतिपरक अध्ययनमा केन्द्रित रहने छ । खण्डकाव्यको विश्लेषण गर्ने क्रममा खण्डकाव्य सम्बन्धी पूर्वीय मान्यताको प्रमुख तत्वगत आधार लिइएको छ ।

## १.१० शोध सामाग्री सङ्कलन विधि

शोधपत्रसँग सम्बन्धित तथ्याङ्क तथा अन्य आवश्यक सामाग्रीहरूको संकलन गर्ने क्रममा समाग्री संकलनका प्राथमिक र द्वितीय स्रोत दुवैको आवश्यकता अनुसार अवलम्बन गरिनेछ । प्राथमिक स्रोत अन्तर्गत प्रमद्वरा खण्डकाव्यलाई लिइने छ भने द्वितीय स्रोत अन्तरर्गत समालोचकहरूद्वारा व्यक्त गरिएका धारणाहरू प्रस्तुत गर्न पुस्ताकालय पद्धतिलाई अपनाइने छ भने द्वितीय स्रोत अन्तर्गत समालोचकहरूद्वारा व्यक्त गरिएका धारणाहरू प्रस्तुत गर्न पुस्तकालय पद्धतिलाई अपनाइएको छ भने स्वयम् कविसँगको अन्तरवार्ता आदिबाट सामग्री संकलन गरिएको छ  ।

## १.११ शोधविधि

ऐतिहासिक वर्णनात्मक र तुलनात्मक  पद्धतिको आवश्यकता अनुसार उपयोग गरिएको छ ।

### क) ऐतिहासिक पद्धति

विषयको कालक्रमिक अध्ययन गर्ने विधिलाई ऐतिहासिक पद्धति भनिन्छ । यसले के थियो भन्ने कुराको बर्णन गर्दछ । सिद्धान्तको अध्ययन गर्ने क्रममा यो पद्धति अवलम्बन गरिएको छ (शर्मा र लुईटेल, २०५२ :१४-२५) ।

### ख) बर्णनात्मक पद्धति

वर्तमान समस्यासँग सम्बन्धित सामाग्री संकलन बर्णन, व्याख्या विश्लेषण, अर्थापन र मूल्याङ्कन गरिने विधिलाई वर्णनात्मक अनुसन्धान पद्धति भनिन्छ । कृतिको व्याख्याको सन्दर्भमा यो विधि पद्धतिको उपयोग गरिएको छ ।

### ग)  तुलनात्मक विधि

दुई वा दुई भन्दा बढी पक्ष (व्यक्ति, कृति, प्रवृत्ति, धारा, काल, विधा, विषय आदि) विशेषका बीचमा तुलना गरी समानता भिन्नता केलाएर निष्कर्ष निकालिने विधिलाई तुलनात्मक अनुसन्धान पद्धति भनिन्छ । अन्त्य समकालीन खण्डकाव्यसंग तुलना गर्न तुलनात्मक पद्धतिको उपयोग गरिएको छ (शर्मा र लुइटेल, २०५२ : १८) ।

## १.१२ शोपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचना लाई सुसंगठित र व्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदहरूमा वर्गीकरण  गरी अध्ययन गरिनेछ ।

पहिलो परिच्छेद -शोधको परिचय

दोस्रो परिच्छेद - मित्रप्रसाद दाहालको सहित्यिक परिचय र काव्ययात्रा

तेस्रो परिच्छेद - खण्डकाव्यको सैद्धान्तिक परिचय र विकासक्रम

चौथो परिच्छेद - मित्रप्रसाद दहालको 'प्रमद्वरा'खण्काव्यको तत्वगत आधारमा अध्ययन

पाँचौ परिच्छेद - उपसंहार एवम्,  निष्कर्ष

परिशिष्ट र सन्दर्भसूची

*

# दोस्रो परिच्छेद

# मित्रप्रसाद दाहालको साहित्यक परिचय र काव्ययात्रा

## २.१ मित्रप्रसाद दाहालको जीवनी

### २.१.१ जन्म र बाल्यकाल

कवि मित्रप्रसाद दाहालको जन्म वि.स. १९९९ चैत्र १२ गते मेची अञ्चल अन्तर्गत झापा जिल्लाको शान्तिनगर गा.वि. स. मा पिता तुलसिराम दाहाल र माता अम्बिकादेवी दाहाल बाट भएको हो । यिनी ३ बर्षको उमेरमै टुहुरो भएका थिए ।

वि.स. २००० सालमा उनका पिताको देहावसान भएपछि विचलित भएको परिवार आश्रयका निम्ति आसामकै शोणितपूर जिल्ला अन्तर्गत विहालीको बटियामारी भन्ने स्थानमा पुगेका हुन् । उनका पिता पारिवारिक खिचातानीमा परी वि. स. १९९४ मै आफ्नै नाममा दर्ता भएको जग्गा जमिन जिरायत आदि छोडी आफूले लगाएको मुगाको कोट, औँठी र घडी समेत बेचेर नावालक एउटी छोरी र छोरो मित्रप्रसादलाई लिएर आसामको दरङ्ग जिल्ला अन्तर्गत बन्दुरगुडीमा पुगेका छन् । कवि दाहालको बाल्यकाल आसामको बाधागाउँ बन्दुरगुडीमा बितेको हो ।

यसरी भारतभूमिमा आफ्नो बाल्यकाल बिताएका मित्रप्रसादले नेपाली बंगाली, हिन्दी, असमिया जस्ता धेरै भाषा सिक्ने अवसर पाए । आफ्नो नेपाल भुमिबाट बाध्यताले भारत पुगेका मित्रप्रसादको बाल्यकाल मावलमा नै बित्यो । आमाको वात्सल्य र मावलिहरूको न्यानो मायामा हुर्किएका उनको बाल्यकाल सुखद् नै रह्यो (पौड्याल,२०६६ : ७) ।

### २.१.२ शिक्षा–दीक्षा र विवाह

कवि मित्रप्रसाद दाहाल एक वर्ष पुग्दा नपुग्दै वि.स. २००० सालमा पिता तुलसीरामको देहावसान भएकाले आमा अम्बिकादेवीले आश्रयका लागि माइतीमा पुर्याएकी थिइन् । मामाहरूले असल स्वभाव, सामाजिक सद्भाव, विद्या अध्ययन र आध्यात्मिक चिन्तनबाट सानैदेखि प्रेरित मित्रप्रसादले त्यहीँको विद्यालयमा असमिया भाषामा अध्ययन प्रारम्भ गरे । त्यहीँको विद्यालयबाट माध्यमिक तहसम्मको औपचारिक शिक्षा हासिल गरे ।

भारतको राष्ट्रभाष हिन्दीमा कोवित (स्नातक) सम्म भारत भूमिमा नै रहेर अध्ययन गरे ( दाहाल, २०६४ : ८) ।

पछि संस्कृत भाषाको पढाइको सिलसिलामा केही समय बनारसमा बिताई पुनः गौहाटी विश्वविद्यालय अन्तर्गतको असम संस्कृत वोर्डबाट पाणिनी व्याकरण विषयमा सन् १९६७ मा शास्त्री गरी पछि त्रिभुबन विश्वविद्यालय अन्तर्गतको संस्कृत अध्ययन संस्थान पिण्डेश्वर विद्यापिठबाट २०३४-३५ मा स्नातक गरेका हुन् (दाहाल, २०६४:) ।

चौबीस वर्षको उमेरमा  भारत भूमिबाट आफ्नो जन्मभूमि नेपाल फर्केका मित्रप्रसादको झापा जिल्लाको सुरूङ्गामा स्थाई बसोबास जम्यो । नेपाल प्रवेश गरेपछि वि. स. २०३५ सालमा झापाको टागनडुब्बा स्थित डिल्लीबजार माध्यमिक विद्यालयमा संस्कृत र नेपाली भाषा शिक्षकको रूपमा नेपाली भाषा शिक्षकको रूपमा नियुक्त भए । यो उनको लागि सुनौलो अवसर थियो । त्यही विद्यालमा रहँदा असल मित्रहरूको संगतमा परि नेपाली भाषा गहिरिएर अध्ययन गर्न थाले । अध्ययन र अध्यापन संगसँगै लाने मित्रप्रसादले वि. स. २०५० सालमा पुर्वाञ्चल विश्वविद्यालयमा स्वतन्त्र रूपमा नेपाली बिषयमा एम.ए. गर्ने क्रममा उनले पूर्वीय र पाश्चात्य साहित्यको अध्ययन गर्ने मौका पाए (बराल, २०७१ : ८) ।

इलाम जिल्ला शान्तिडाँडा गा.वि.स. अन्तर्गत फुटुक निवासी पिता डम्मरूबल्लभ र माता रूक्मिणीदेवीको कोखबाट कान्छी छोरीको रूपमा वि. स. २०१० सालमा जन्मिएकी तारादेवी गौतमसँग कवि मित्रप्रसाद दाहाल वि.स. २०२५ सालमा विवाह भएको थियो । मित्रप्रसाद र तारादेवीको कोखबाट दुई छोरा र एक छोरी गरी जम्मा तीन सन्तानहरू जन्मिए । जेठो छोराको नाम निर्मल दाहाल, कान्छो छोरो नेत्रप्रसाद दाहाल र छोरी सुनिता हुन् । वि.स. २०६६ साल भाद्र महिना २१ गते उनकी पत्नी तारादेवीको ५६ वर्षकै उमेरमा असामयिक निधन भएपछि कवि दाहाल अकस्मात् पत्नीशोकबाट आहात एवम् शोकसन्तप्त हुन पुग्छन् र त्यो असह्य पीडालाई तारा शोककाव्य मार्फत सबैमा बाँड्न पुग्छन् । हाल जेठा छोरा निर्मल र बुहारी तिर्थाको साथमा जीवन बिताईरहेका कवि मित्रप्रसाद भौतिक सुखलाई होइन आत्मिक सुखलाई साँचो सुख मान्दछन् ।

## २.२ व्यक्तित्व

### २.२.१. सेवा र व्यक्तित्व

कवि मित्रप्रसाद जीवनीका पच्चिसौँ वसन्त परदेशमा बिताएका थिए । आसामकै वातावरण रहनसहनमा हुर्केका उनले असमिया भाषाबाटै शिक्षा आरम्भ गरी कोविद (स्नातक तह) सम्म अध्ययनकै क्रममा बनारस पुगेका मित्रप्रसादले गौहाटी विश्वविद्यालय अन्तर्गतको असम संस्कृत बोर्डबाट सन् १९६७ मा शास्त्री गर्न सफल बने । उनले वि स २०२२ सालदेखि नै नेपाली भाषा र साहित्यको सेवा गर्ने प्रण गर्दै फाटफुट कविताहरू रचना गर्न थाले । वि. स. २०२५ सालमा नेपाल प्रवेश गरेपछि झापाको टाँगनडुब्बा स्थित डिल्लीबजार माध्यमिक विद्यालयमा नेपाली र संस्कृत विषय शिक्षकको रूपमा नियुक्त भई सेवामा संलग्न भए । यसरी शिक्षण पेशामा संलग्न भएपछि उनले आफ्नो बौद्धिक प्रतिभालाई फलाउने फुलाउने मौका पाए । जीवनको उत्तरार्धमा झापाकै शिवगञ्ज स्थित भानु माध्यमिक विद्यालय लालझोडामा नेपाली बिषयको माध्यमिक शिक्षकको रूपमा सेवा गर्दै त्यहिंबाट वि.स. २०६० सालमा अनिवार्य अवकास लिएर हाल निवृत्त जीवन बिताइरहेका छन् ।

कवि मित्रप्रसाद दाहाल आध्यात्मिक र भौतिक चेतना भएका कवि हुन् । पौराणिक ग्रन्थहरू, संस्कृत साहित्य, नेपाली साहित्य तथा पाश्चात्य साहित्यको गहन अध्ययन गरी उनले आफ्नो बौद्धिकतालाई तिखारेका छन् । संस्कृत, नेपाली तथा बंगाली भाषाका पौराणिक ग्रन्थहरू तथा नेपाली साहित्य जगतका मूर्धन्य कविहरूका काव्यकृतिहरूको अध्ययनबाट उनले साहित्यसिर्जनामा लाग्ने प्रभाव र प्रेरणा ग्रहण गरे । नेपाली साहित्यका साहित्यकारहरू दैवज्ञराज न्यौपाने, कमलमणि दीक्षित, डा.डिल्लीराम दाहाल, उपेन्द्र पागल, अनिरूद्र तिम्सिना, तेजराज खतिवडा, मोहनप्रसाद घिमिरे, कोमलप्रसाद घिमिरे, गोपाल सङ्ग्रौला लगायतको सामिप्यले अझै प्रेरित बन्दै उनी साहित्य सिर्जनामा लागे (बराल, २०७१ : ९) ।

कवि मित्रप्रसाद शिक्षण पेशामा संलग्न भएपछि २०३० सालतिर शिक्षक गोपाल सङ्ग्रौलाको संगतबाट वार्णिक छन्दमा कविता रचना गर्न प्रेरित बने । त्यसपछि आदि पत्रिकाहरूमा उनका छन्दोबद्ध कविताहरू प्रकाशित हुँदै आए । विभिन्न विद्धानहरूबाट हौसला पाएका पौराणिक ग्रन्थका साधक मित्रप्रसादले पौराणिक नारीपात्रको केन्द्रियतामा

कलम कलम चलाएर 'प्रमद्वारा' (२०५७) खण्डकाव्य प्रकाशित गरेपछि झापाका सशक्त छन्दवादी कविको रूपमा चिनिन थाले । 'प्रमद्वरा' खण्डकाव्यको सफल सिर्जना पछि हौसला पाएका मित्रप्रसादले महाकाव्य रचना गर्न कम्मर कसेर लागे (बराल, २०७१ : ९-१०) । पौराणिक कथाबस्तुका आधारमा संरचित 'चन्द्रहंस' (२०६४), 'श्रीवत्स (२०६४) महाकाव्य र सामाजिक कथाबस्तुमा आधारित नारीवादी 'मल्लिका' (२०७४) महाकाव्य उनका प्रतिनिधि महाकाव्य मानिन्छन् ।

वि.स. २०६६ सालमा आफ्नी धर्मपत्नी ताराको असामयिक निधन भएपछि मर्माहत बनेका कवि मित्रप्रसाद दाहालले उनका शोकमा व्याकुल भएर घोर निरासामा रूमलिदै आफ्नो वह र शोक आत्मीय र स्वजन अगाडि पोख्दा केहि हलुङ्गो हुने महसुस गरेर 'तारा' शोककाव्य (२०६६) तत्कालै प्रकाशन गरे । हालै उनको विशुद्ध सामाजिक विषयबस्तुमा आधारित नेपाली समाजमा नारीले भोग्नुपरेका दुःख पीडा तथा बेदनालाई समेटेर इलामको जितपुरलाई उद्गम स्थल बनाएर लेखिएको 'मल्लिका' महाकाव्य प्रकाशन भइसकेको छ भने उनको 'मित्र कविता कुञ्ज तथा गद्य वाटिका' कविता संग्रह प्रकाशन अवस्थामै रहेको छ । जसमा ९०-९५ वटा कविताहरू संग्रहित रहनेछन् ।

### २.२.२ सम्मान तथा पुरस्कार

१. वि.स. २०५९/०९/२६ मा कवि शिरोमणी लेखनाथ पौड्यालको ११९ औं जन्मजयन्ती समारोहमा लेखनाथ पुस्तकालय, चन्द्रगढीद्वारा छन्दोवादी कवि र काव्यकारका रूपमा अभिनन्दन सहित सम्मान-पत्र ।

२. शिक्षा क्षेत्रमा प्रशंसनीय कार्य गरेवापत २०५९/११/१२ गतेदेखि लागु हुने गरी मा.वि. द्वितिय श्रेणीमा पदोन्नति तथा झापा जि.शि. समितिद्वारा शिक्षा दिवस २०६१।०१।०१ का दिन शिक्षासेवा पदक तथा प्रमाणपत्र प्रदान ।

३. 'नेपाल राष्ट्रिय शिक्षक संगठन' झापाद्वारा २४ औं शिक्षक दिवसको उपलक्षमा दीर्घ सेवाको उच्च मूल्याङ्कन गर्दै सम्मान-पत्र प्रदान ।

४. श्री भानु मा.वि. शिवगञ्ज ४ झापाद्वारा अनिवार्य अवकासका अवसरमा विदाई समारोहमा सम्मान गर्दै दीर्घसेवी, कार्यकुशल, नम्र, मिलनसार, दक्ष र इमान्दार शिक्षकका रूपमा कदर गर्दै कदर-पत्र प्रदान ।

५. श्री वाणी प्रकाशन विराटनगरद्वारा मिति २०६४।१०।२८ गते सरस्वती पूजाका दिन काव्य महाकाव्यकारका रुपमा 'श्री गेरु अम्बिका कोइराला स्मृति वाणी पुरस्कार' २०६४ बाट नगद र सम्मानपत्र प्रदान ।

६. जुही १५ औं साहित्यिक सद्भाव कार्यक्रम २०६९ वैशाख १ मा नगद सहित सम्मान-पत्र ।

७. मिति २०५९/१२/१४ गते गोमेन्द्र बहुमुखी महाविद्यालय, विर्तामोड, झपाद्वारा २८ औं शिक्षा दिवस २०५९ को अवसरमा कर्तव्यनिष्ठ शिक्षकको रूपमा विभुषित भएको उपलक्ष्यमा बधाई तथा शुभकामना ।

८. कञ्चनजंघा एफ. एम. ९२.६ मेघाहर्जबाट छन्द दिवस २०७३ को उपलक्ष्यमा बैसाख ८ गते साहित्यको छन्द विधामा कलम चलाएको उपलक्ष्यमा नगदसहित दोसल्ला ओडाएर सम्मान-पत्र प्रदान ।

९. इडन गार्डन बोर्डिङ् स्कुल, विर्तामोड झापाद्वारा २०३ औं भानु जयन्तीको उपलक्षमा आदिकवि भानुभक्त साहित्य रत्न पुरस्कार-२०७३ बाट नगद सहित दोसल्ला ओढाएर सम्मान-पत्र प्रदान (दाहाल, २०७३) ।

१०. मेची बहुमुखी क्याम्पस, धनकुमारी खरेल तथा प्रकाशचन्द्र पौड्याल, महेन्द्रबहुमुखी क्याम्पस, इलामका निर्मला खनाल तथा मेदनी बराल, तथा कन्काई बहुमुखी क्याम्पसका प्रमीला खरेलद्वारा स्नातकोत्तर तहमा शोध-पत्र लेखन ।

११. पूर्वाञ्चल दैनिक, विर्तामोड झापामा २०६१ जेठ २ गतेको रमाइलो शनिवारमा कवि रश्मिशेखरद्वारा अध्यात्मभित्र डुवेका कवि मित्रप्रसाद दाहाल भन्ने श्रष्टाङ्क प्रकाशित ।

१२. नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाण्डौंद्वारा प्रकाशित साहित्यकार कलाकार परिचय कोषमा स्रष्टाको परिचय र फोटो सहित उनका चारैवटा काव्यको परिचय ( दाहाल, २०७४) ।

## २.३ खण्डकाव्यकार मित्रप्रसाद दाहालको काव्ययात्रा

कवि मित्रप्रसाद दाहालले कविताको लघुरूप फूटकर कवितादेखि कविताको बृहत्तम रूप महाकाव्य सम्मको यात्रा तय गरेका छन् । उनले औपचारिक रूपमा वि.स. २०२५ सालदेखि साहित्ययात्रा प्रारम्भ गरेका भए तापनि उनका कृतिहरू भने वि.स. २०५७

सालदेखि मात्र प्रकाशित भएका पाइन्छन् । वि.स. २०५७ सालबाट प्रकाशित 'प्रमद्वरा' खण्डकाव्य उनको प्रथम प्रकाशित पुस्तककार कृति हो । त्यसपछि वि.स. २०६४ सालमा 'चन्द्रहंस' र 'श्रीवत्स' महाकाव्य एकैपटक प्रकाशित भएका छन् (बराल, २०७२ : १०-११) । वि.स. २०६६ सालमा आफ्नी पत्नि ताराको असामयिक निधन भएपछि मर्माहत बनेका कवि दाहालले पीडा सबैमा बाँड्न 'तारा' शोककाव्य (२०६६) प्रकाशन गर्न पुग्छन् त्यस्तै २०७४ सालमा पनि 'मल्लिका' महाकाव्य प्रकाशित भएको छ । संरचना र प्रवृत्तिको आधारमा उनको काव्य यात्रालाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ :

(क) पहिलो चरण (वि.स. २०२५ - २०५६ सम्म)

(ख) दोस्रो चरण (वि. स. २०५७ - २०६५ सम्म)

(ग) तेस्रो चरण (वि.स. २०६६ पछि)

## २.३.१. पहिलो चरण (वि. स. २०२५ - २०५६ सम्म)

कवि मित्रप्रसाद दाहालले औपचारिक रूपमा वि. स. २०२५ सालदेखि साहित्ययात्रा प्रारम्भ गरेका हुन् । उनले आफू भारतको आसाममा बसेर अध्ययन गर्दा धेरै पौराणिक ग्रन्थ पढ्ने मौका पाए । विदेशी भूमिमा नेपालीहरूलाई दोस्रो दर्जामा राखेर हेयत्व भावनाले हेर्ने गरेको देख्दा कविको हृदयमा देशप्रेम, आफ्नो भाषा, जाती र संस्कृतिप्रति प्रगाढ स्नेह उम्लेर आयो । फलस्वरूप उनले सरस्वतीवन्दना, ईश्वरवन्दना, भवगती, स्तोत्र तथा राष्ट्रभक्ति भावना पोखिएका कविताहरू सिर्जना गरे । उनका कविताहरू वृन्दावनबाट प्रकाशित हुने 'इन्द्रप्रभा', झापाबाट प्रकाशित हुने 'सूर्योदय', 'जुही', 'नवरत्न' आदि पत्रिकाहरूमा छापिन थाले । (बराल,२०७१ : ११) आफ्ना कविताहरूको संकलन गरि 'मित्र कविता कुञ्ज तथा गद्य वाटिका' नामक कविता सङ्ग्रह छपाउने जमर्को पनि कविले पहिले नै गरेका हुन् तर सिङ्गो काव्यकृति नै प्रकाशन गर्ने जाँगर आउँदा 'मित्र कविता कुञ्ज तथा गद्य वाटिका' पछि परेको पाइन्छ ।

यसरी फुटकर कविता रचनाबाट अघि बढेको कविको साहित्ययात्रा वि.स. २०५४ सालतिर आइपुग्दा काव्यसिर्जनाको सङ्घारमा देखिन्छ । पहिलो चरणको उनको खास प्रवित्ति स्वच्छन्दवादी भावधारा नै छ । देशप्रेम, प्रकृतिप्रेम, नीतिचेतना, ईश्वरभक्ति तथा मानवतावादी चिन्तन यस चरणका प्रवृत्तिगत विशेषताहरू हुन भन्न सकिन्छ । यो चरण उनको कवितायात्राको प्रारम्भिक चरण हो (बराल, २०७१ : ११) ।

### २.३.२. दोस्रो चरण (वि.स. २०५७ - २०६५ सम्म)

ईश्वरवन्दना, स्तोत्रभक्ति र राष्ट्रप्रेमले भरिएका फुटकर कविताहरू शास्त्रीय छन्दमा रचना गर्दै नेपाली साहित्य सिर्जनामा अघि बढेका कवि मित्रप्रसाद यस अवधिमा काव्यसिर्जनामा आतुर देखिन्छन् । उनले प्रथम चरणमा सिर्जना गरेका फुटकर कविताहरूको संगालो प्रकाशन नगरी पौराणिक कथावस्तुमा आधारित छन्दोवद्ध काव्यसिर्जनामा लागे । फलस्वरूप वि.स. २०५७ मा 'प्रमद्वरा' नामक खण्डकाव्य प्रकाशन गरे । वि.स. २०६० सालमा जागिरबाट अनिवार्य अवकाश पाई पूर्णरूपमा काव्य साधनामा लागेका दाहालले वि. स. २०६४ सालमा एकैपटक 'चन्द्रहंस', र 'श्रीवत्स' महाकाव्य प्रकाशन गरे । एकैपटक दुईवटा महाकाव्य प्रकाशन हुनुले उनले उनको हालसम्मको काव्ययात्राको चरम प्राप्ति मानिन्छ । उक्त महाकाव्यहरूमा 'रामायण', 'देविभागवत्', 'महाभारत' जस्ता धार्मिक ग्रन्थबाट प्रेरीत भई काव्यमा सोही विषयवस्तुको व्याख्या गर्न उनी सफल देखिन्छन् ( पौड्याल, २०६६ : १२) ।

### २.३.३. तेस्रो चरण (वि. स. २०६६ पछि)

रामायण, महाभारत, देविभागवत् तथा पौराणिक ग्रन्थबाट प्रेरित भइ साहित्य सृजना गर्ने मित्रप्रसाद यस चरणमा आइपुग्दा अलि पृथक बनेका देखिन्छन् । वि.स. २०६६ साल भाद्र २१ गते आफ्नी धर्मपत्नी ताराको देहावसान भएपछि भावविह्वल बनेका कविले तत्कालै 'तारा' शोककाव्य (२०६६) प्रकाशन गरे । आँसुले हृदयलाई धुन्छ भन्ने लोकोक्तिलाई संभ्रेर पत्नीको वियोगको बह सबैसामु पोखेका छन् । यसले मानिसलाई पत्नी वियोगमा कति मर्माहत तुल्याउँदो रहेछ भन्ने कुरा कविले 'तारा' शोककाव्य मार्फत दर्साएका छन् । त्यस्तै हाल 'मल्लिका' महाकाव्य २०७४ प्रकाशन भएको छ । यो पूर्ण सामाजिक महाकाव्य हो । दोस्रो चरणमा पौराणिक बिषयवस्तुलाई आधार मानेर परिष्कारवादी भाव धारामा रही काव्य सृजना गर्ने कवि यस धारामा आईपुग्दा सामाजिक विषयबस्तुलाई आधार मानेर काव्य सृजना गरेका छन् भने प्रथम चरणमै लेख्न सुरू गरेको मित्र कविता कुञ्ज केही परिस्कृत भएर 'मित्र कविता कुञ्ज तथा गद्य बाटिका' भनि प्रकाशन अवस्थामा रहेको छ । यस चरणमा उनका कृतिगत विशेषताहरू दार्शनिकता, प्रकृति चित्रण, स्वच्छन्दवादी भावधारा, यथार्थवादी भावधारा, काल्पनिकता, नीतिचेतना आदि रहेका छन् ।

*

# तेस्रो परिच्छेद

# खण्डकाव्यको सैद्धान्तिक परिचय

## ३. खण्डकाव्यको सैद्धान्तिक स्वरुप

### ३.१ साहित्यको एक विधाका रूपमा कविता

कविता साहित्यको एक प्रमुख विधा हो । लालित्यपूर्ण एवं सुन्दर भाषामा जीवनका अनुभूति र प्रभावको सुन्दरतम अभिव्यक्ति नै साहित्य हो । लय वा छन्दका आधारमा साहित्यलाई दुई भागमा वर्गीकरण गरिएको छ । गद्य  र पद्य । कथा, उपन्यास, नाटक जस्ता आख्यानात्मक साहित्य र निबन्ध, जीवनी जस्ता आख्यानेत्तर साहित्य गद्य अन्तर्गत पर्दछन् भने आख्यात्मक वा आख्यारहित सम्पूर्ण कविता काव्य (गद्य कविता समेत) पद्य अन्तर्गत पर्दछन् । यस आधारमा हेर्दा मानवीय अन्तर्गतका अनुभूतिको भाषाका माध्यमबाट गरिने लयात्मक अभिव्यक्तिलाई कविता भनिन्छ । लय नै कवितालाई अन्य साहित्यका विधाबाट छुट्टयाउने प्रमुख आधार हो । यही कविता साहित्यको एक प्रमुख विधा हो ।

### ३.२ कविताको एक उपविधाका रुपमा खण्डकाव्य

कविता विभिन्न उपविधाहरु छन् । आयामका दृष्टिले दुई पाउ/हरफका साना मुक्तक कवितादेखि लिएर एकलाख श्लोक संख्या भएको महाभारत जस्तो बृहत्तम समाख्यानात्मक पद्य रचनालाई पनि कविताकै रुप मानिन्छ । यसरी कविता आयामका दृष्टिले सानो भन्दा सानो पनि हुन सक्छ र बृहत्तर आयामको पनि हुन सक्छ । कवितालाई संरचनात्मक वा अनुभूतिको विस्तारका दृष्टिले विभिन्न भागमा वर्गीकरण गरिएको पाइन्छ । संरचना र अनुभूति विस्तारका दृष्टिले कविताका विविध उपभेद देखिन्छन् । लघुतम रुप, लघु रुप, मध्यम रुप, बृहत्तम रुप र बृहत्तर रुप (त्रिपाठी, २०४६:१२) । कविताको लघुत्तम रुपलाई मुक्तक कविता, लघु रुपलाई फुटकर कविता, मध्यम रुपलाई खण्डकाव्य, बृहत् रुपलाई महाकाव्य (कलात्मक महाकाव्य) र बृहत्तर रुपलाई विकासशील महाकाव्य पनि भनिन्छ । खण्डकाव्य कविताको मझौला रुप अन्तर्गत पर्दछ । यो फुटकर कविताभन्दा माथिल्लो र महाकाव्य भन्दा तल्लो कवितात्मक एकाइ हो । त्यसैले कविताका पाँच उपविधामध्ये खण्डकाव्य मझौला आयामको कवितात्मक उपविधा मानिन्छ ।

## ३.४ खण्डकाव्यको परिभाषा : पूर्वीय चिन्तनका आधारमा

पद्य कविताको एक प्रबन्धात्मक उपभेद खण्डकाव्य हो भन्ने देखाई सर्वप्रथम त्यसलाई परिभाषित गर्ने काम चौधौँ शताब्दीका संस्कृत साहित्यशास्त्री विश्वनाथले गरेबाट खण्डकाव्यसम्बन्धी सैद्धान्तिक चिन्तनको मूल स्रोत संस्कृत साहित्यशास्त्र नै ठहर्दछ । त्यसैले संस्कृत साहित्यशास्त्रीय चिन्तन-परम्परामा पद्यात्मक (कवितात्मक) प्रबन्ध-काव्यका बारेमा गरिएको सैद्धान्तिक चिन्तनका आधारमा खण्डकाव्यको सैद्धान्तिक स्वरूप ठम्याउनु आवश्यक देखिन्छ (अवस्थी, २०६४ : ४३) ।

संस्कृत साहित्यशास्त्रको परम्परामा सर्वप्रथम रुद्रटले देखाएका प्रबन्धकाव्यको लघु भेद लघुकाव्य ले खण्डकाव्यका लक्षणलाई निकै मात्रामा प्रस्ट्याएको छ । आकारप्रकारका दृष्टिले महाकाव्यका ब्यतिरेकमा  उनले प्रयोग गरेका 'लघुकाव्य' भन्ने संज्ञा सार्थक पनि छ । उनले लघुकाव्यको उदाहरणका रूपमा 'मेघदूत' लाई नै प्रस्तुत गरेका हुनाले परवर्ती आचार्य विश्वनाथले रुद्रटले बताएको 'लघुकाव्य' लाई नै प्रस्तुत गरेको हुनाले परवर्ती आचार्य विश्वनाथले रुद्रटले बताएको 'लघुकाव्य' लाई नै खण्डकाव्य भनेका हुन् भन्ने अड्कल गर्न सकिन्छ । रुद्रटका अनुसार पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) मध्ये कुनै एकको अनि सम्पुर्ण रसको असमग्र वा कुनै एक रसको पूर्ण अभिव्यक्ति गरिएको रचना लघुकाव्य हो । उनीपछि आनन्दवर्धनद्वारा निर्देशन पद्य-काव्यका दश भेदहरूमध्ये क्रमशः 'पर्यायबन्ध' र 'परिकथा' मा लघु काव्य वा खण्डकाव्यअन्तर्गतका आख्याननिरपेक्ष कोषात्मक रूप वा आख्यानात्मक खण्डकाव्यहरूको लगभग दिग्दर्शन प्राप्त हुन्छ भने कुनै प्रसिद्ध कथाको एक भाग वा एक देशको वर्णन गर्ने 'खण्डकथा' सँग नै खण्डकाव्यको निकट सम्बन्ध देखा पर्छ । सम्भवतः यह निकटताका कारणले नै परवर्ती युगमा पद्यप्रबन्धको एक भेदका रूपमा 'खण्डकाव्य' को 'खण्ड' शब्दलाई यथावत् रूपमा ग्रहण गरी आख्यान-विधासँग ज्यादा सम्बन्ध राख्ने 'कथा' शब्दका सट्टा 'काव्य' शब्द राखी 'खण्डकाव्य' भन्ने नामाकरण विश्वनाथद्वारा गरिएको हो । उनले खण्डकाव्यलाई यसरी परिभाषित गरेका छन् ;

"भाषा -विभाषानियमबाट बन्ने काव्य त सर्गमा

पद्य एकार्थमा मिल्ने सन्धिसामग्ग-युक्त होस्

जस्तै-भिक्षाटन, आर्याविलास पनि

खण्डकाव्य त काव्यकै एकादेशानुसार होस्

जस्तै - मेघदुत इत्यादि । ” (अनुवाद कोमलनाथ अधिकारी)

विश्वनाथले महाकाव्यका सापेक्षतामा ‘काव्य’ लाई चिनाई त्यही काव्यका सापेक्षतामा नै ‘खण्डकाव्य’ लाई चिनाएका छन् । उनका दृष्टिमा ‘काव्य’ त्यो प्रबन्धात्मक पद्यकाव्य हो जो संस्कृत भाषाका अतिरिक्त प्राकृत र अप्रभंशजस्ता भाषाविभाषाहरूमा समेत लेखिन्छ । उनले साहित्यदर्पण मा दिएको ‘काव्य’ को यस परिभाषामा ‘सर्गसमुज्झितम्’ का सट्टा ‘सर्गसमुत्थितम्’ भन्ने पाठान्तरसमेत भेटिएबाट काव्य सर्गयुक्त वा सर्गरहित पनि हुन सक्ने बुझिन्छ । यसै गरी एकार्थ वा एकान्वितिपर्ण पद्यहरूबाट ‘काव्य’ बन्दछ र यो सन्धिसामग्रीले युक्त भए पनि यसमा समग्र सन्धि (महाकाव्यीय पाँचवटै सन्धि) को प्रयोग नहुने कुराको सङ्केत पनि विश्वनाथले दिएकै छन् । यति कुरा भनिसकेपछि भिक्षाटन र आर्याविलास जस्ता काव्यलाई उदाहरणका रूपमा पेस गर्दै उनले यस्तै ‘काव्य’का एक देशको अनुसरण गर्ने प्रबन्धकाव्य ‘खण्डकाव्य’ हो भनेका छन् । यसबाट के प्रस्ट हुन्छ भने विश्वनाथका दृष्टिमा भाषाविभाषाहरूमा (पनि) रच्न सकिने, सर्गयुक्त वा सर्गरहित, सन्धि समग्रताद्वारा वर्जित एकान्वितिपूर्ण पद्यहरूबाट संरचित ‘काव्य’ कै एक देशको अनुसरण गर्ने प्रबन्धकाव्य ‘खण्डकाव्य’ हो । यसरी संस्कृत साहित्यशास्त्रमा कविताविधाको एक उपभेदका रूपमा सर्वप्रथम ‘खण्डकाव्य’को नामाङ्कन र लक्षण-निर्देश गर्न काम आचार्य विश्वनाथबाट भयो । तर उनको खण्डकाव्यसम्बन्धि परिभाषा स्वयममा पनि अपर्याप्त देखिन्छ । उनले पबन्धकाव्यको सर्वोत्तम स्थान महाकाव्यलाई प्रदान गर्दै त्यस महाकाव्यको जस्तो सन्धिसग्रता (पाँच सन्धिको प्रयोग :महाकाव्यजत्तिकै जीवनसमग्रतालाई समेटेका अवस्था) नरहेको पद्यभेदलाई ‘काव्य’ मानी त्यहि ‘काव्य’ को पनि एकादशीय वा खण्डरूपलाई सिद्धान्ततः ‘खण्डकाव्य’ मानेका छन्; तर त्यस ‘खण्डकाव्य’का अरू विस्तृत लक्षण उनले दिएका छैनन् । यसै सन्दर्भमा उनले त्यस ‘खण्डकाव्य’का अरू विस्तृत लक्षण उनले दिएका छैनन् । यसै सन्दर्भमा उनले त्यस ‘कोषकाव्य’ को पनि सङ्केत गरेका छन् जसमा पारस्परिक अपेक्षा नभएको तर समूहबद्ध श्लोकराशि रहने गर्दछ । यी कोषकाव्यगत पद्य पूर्वोक्त ‘काव्य’ वा ‘खण्डकाव्य’ मा जस्तै एकार्थप्रवण नरही परस्पर अपेक्षारहित हुने गरे पनि तिनलाई कुनै व्रज्याक्रम (सजातीय प्रसङ्गको एकस्थानिक वर्णक्रम) मा रचना गर्दा नै मनोहरता प्राप्त हुने उल्लेख समेत उनले गरेका छन् । यसबाट आख्यानात्मक एकार्थ प्रवणतामा आधारित खण्डकाव्यको आख्याननिरपेक्ष क्रमबद्धतामा आधारित कोषकाव्यीय पूरक सिद्धान्तसमेत विश्वनाथका चिन्तनमा प्राप्त हुन्छ (अवस्थी, २०६४ : ४५) ।

संस्कृत साहित्यशास्त्रीय चिन्तन-परम्पराको उपर्युक्त परिप्रेक्षमा खण्डकाव्यसम्बन्धी सैद्धान्तिक आधार रुद्रटको 'लघु काव्य' सम्बन्धी मान्यतामा, आनन्दवर्धन-अभिनव गुप्तका 'पर्यायबन्ध-परिकथा-खण्डकथा' सम्बन्धी मान्यतामा र विश्वनाथको 'खण्डकाव्य' सम्बन्धी परिभाषामै प्राप्त गर्न सकिन्छ । अभिनव गुप्तले 'खण्डकथा'मा कुनै प्रसिद्ध कथाका एक भागको वर्णन हुन्छ भने तापनि हालका 'खण्डकाव्य' मा त्यो हुन वा नहुन पनि सक्तछ र विश्वनाथले सङ्केत गरेको आख्यानेत्तर वर्ण्य विषयको व्रज्याक्रम पनि खण्डकाव्यको वैकल्पिक ढाँचा हुन सक्तछ । विश्वनाथले भनेभ्कैं 'खण्डकाव्य' ले 'महाकाव्य' भन्दा केहि कम विस्तार भएको 'काव्य' का सामग्री वा प्रसारको एक देश वा एक भागको लगभग निकट रहि एकार्थप्रवण आख्यान वा वर्ण्य विषयको प्रबन्धन भने प्राप्त गर्नु नै पर्दछ । यो खण्डकाव्य सर्गयुक्त, समग्रसन्धिवर्जित र एकान्वितिपूर्ण आख्यानात्मक वा वर्ण्य विषयका दृष्टिले नै क्रमबद्ध पद्यहरूद्वारा संरचित भने रुद्रटको 'लघु काव्य' सम्बन्धि मान्यताबाटै प्राप्त गर्न सकिन्छ । मानिसले चतुर्वर्ग (धर्म, अर्थ, काम र मोक्ष) मध्ये कुनै एकको र जीवनका सबै रसमध्ये कुनै एकको अङ्गी वा प्रमुख भूमिका रहेको कर्म र फलप्राप्तिमै आफ्नो जीवनको एक कालखण्ड वा समयखण्डको जुन उपयोग गर्दछ त्यसैसँग नै उनले (रुद्रटले) भनेभ्कैँ खण्डकाव्यको आख्यानात्मक वा आख्यानरहित बिषयवस्तुका साथै भावपरिवेश सम्बन्धित हुन आउँछ । त्यसैले यो खण्डकाव्य मानवजीवनको र प्रबन्धात्मक पद्य-काव्यसंरचनाको पनि महान् नभई लघु र पूर्ण सङ्गथनात्मक रूप ठहर्छ ।

संस्कृत साहित्यशास्त्रीहरूका खण्डकाव्यसम्बन्धी यिनै धारणहरूलाई समाती निचोडमा खण्डकाव्यलाई यसरी चिनाउन सकिन्छ : "खण्डकाव्य कविता विधाको त्यो प्रबन्धात्मक रूप हो जो सर्गरहित वा सर्गसहित हुन सक्छ, जसले समग्रसन्धिको अपेक्षा गर्दैन, जो आख्यानात्मक वा सर्गरहित अनि एकान्वितिपुर्ण पद्यहरूद्वारा संरचित हुन्छ र जसमा एकै उद्देश्यप्राप्तिमा प्रवृत्त जीवनखण्डको वा जीवनगत कालखण्डको ('महाकाव्य', 'सकलकथा' र विश्वनाथीय 'काव्य' का दाँजामा लघु र खण्डात्मक अनि फुटकर कविताका दाँजामा अपेक्षाकृत विस्तारित किसिमको) र कुनै एक पुरुषार्थ वा मानवार्थको र रसविशेषको अभिव्यक्ति हुन्छ (अवस्थी, २०६४ : ४५) ।

## ३.४ खण्डकाव्यको परिभाषा, पाश्चात्य चिन्तनका आधारमा

पाश्चात्य साहित्यको कविता विधाअन्तर्गत चर्चाका क्रममा पूर्वीय जगत्मा भ्कैं ठीक मिल्ने गरी खण्डकाव्यसम्बन्धी सैद्धान्तिक चर्चा गरेको पाइँदैन भन्ने कुरा विज्ञहरूले उल्लेख

गरेका छन् । महाकाव्य, फुटकर कविताको विस्तृत चर्चा गरिएको भेटिए पनि यी दुईका बीचको अवस्थामा देखापर्ने खण्डकाव्यको चर्चा नपाइने हुँदा पाश्चात्य जगत्मा देखापर्ने लामो कविता नै लगभग खण्डकाव्यको नजिक देखा पर्छ । त्यस बाहेक पाश्चात्य साहित्यको प्राचिन गाथाहरूलाई अध्ययन गर्दा हामीले भन्ने गरेको खण्डकाव्यका नजिक नजिक पुग्न सकिने स्थिति भने त्यहाँको वास्तविकता र यथार्थ हो । पाश्चात्य साहित्यका प्राचिन गाथाहरूमा कथातत्वका आधिक्य प्रवलता र कवित्वको दूर्वलता भेटिए पनि वास्तवमा तिनै गाथाहरू खण्डकाव्यको समकक्षी रहेको बताएको छ ।

पाश्चात्य परम्परामा कविताका विकासका क्रममा लय, संरचना तथा भाव विषयवस्तुमा आधरित साना-ठुला कविता-आकृतिका अनेक पारिभाषिक संज्ञा भेटिए पनि तात्विक रूपमा लघु (छोटा) कविता र दीर्घ (लामा) कविताका साथै दीर्घतर/दीर्घतम् समाख्यानात्मक कवितामा कलात्मक महाकाव्य (इपिक अफ आर्ट) र विकासशील महाकाव्य (इपिक अफ ग्रोथ) समेत चार श्रेणी नै रहेको ठान्न सकिन्छ भनी त्रिपाठीले उल्लेख गरेका छन् ।

यसरी कविताका चार उपविधाको चर्चा पाश्चात्य जगत्मा भेटिए पनि महाकाव्यलाई छोडेर उनीहरूले औँलयाएका लामा कवितामा नै खण्डकाव्योचित गुण फेला पर्दछन् । अझ प्राचिन कालमा बाहेक मध्यकालमा हुर्किएका र विकसित भएका लामा कविताका भेदभित्र खण्डकाव्य सलबलाउन थाल्दछन् । वास्तवमा पश्चिमाहरूले लामा कविताहरूलाई गाथा, आख्यानात्मक कविता, रोमाञ्च काव्य, गोपकाव्य, शोककाव्य गरी कविताको विभेद छुट्याएको पाइन्छ । यसबाहेक प्राचिन ग्रीसपछि प्राचिन रोमदेखि आधुनिक युरोपसम्मका पश्चिमी परम्परामा पत्रकाव्य, गीतिकाव्य, ग्रामकाव्य, (गोपकाव्य), व्यङ्ग्यकाव्य, चरितकाव्य, नाट्यकाव्य, आदिका माध्यमबाट कविताका विभिन्न मध्यम रूपहरूको सृजना भई तिनले पारिभाषिक संज्ञा भने त्यस परम्परामा उपलब्ध छैन । पाश्चात्य साहित्यमा देखापरेको गीतिमय गाथा र आख्यानात्मक कविताका यी दुई स्वरूपलाई नै खण्डकाव्यको क्षतिपूर्ति गरेको मानिन्छ । लामो कविताको विभिन्न स्वरूप र भेदलाई पश्चिमाहरूले निम्नअनुसार परिभाषित र व्याख्या गरेका छन् (आचार्य, २०७१: ७) ।

### ३.४.१ गाथा

गाथा लोकसंरचना हो र लोकसंरचनाकै आधारमा लेखिएको कृति नै गाथा हो । पाश्चात्य साहित्यमा डान विक जजले रोमन क्याथोलिकका विरुद्ध रचना गरेको रोमाञ्चपूर्ण 'लिरीकल ब्यालेड' नै अहिलेसम्मको पहिलो खण्डकाव्यात्मक कृति मानिन्छ । अर्थात् यहि नै लोकगाथाहरूमा आधारित भएर लेखिएको गीतिमय गाथा हो जसमा खण्डकाव्यको स्वरूप भेट्न सकिन्छ । नेपाली लोकगाथामा जस्तै पाश्चात्य साहित्यको गाथामा पनि लोकतत्व,आख्यानतत्व, गीतितत्व र नृत्यतत्व अनि कवितातत्व र प्रबन्धतत्व रहेको हुन्छ ( आचार्य, २०७१ : ८) ।

### ३.४.२ आख्यानात्मक कविता

अठारौँ शताब्दीको अन्त्य र उन्नाइसौँ शताब्दीको प्रारम्भतिर पाश्चात्य साहित्यमा कविताका क्षेत्रमा आख्यानात्मक कविता कृतिको रचना भएको पाइन्छ । जुन कविताले आख्यानलाई आत्मसाथ गरी लम्बिने र तन्किने चासो देखाए ती कविता रचनाको मझौला रूपमा देखापरे । यसप्रकारका काव्य कृतिमा कविता र कथानकको सह -अस्तित्व ब्यालेडमा झै नै देखापर्दछ । तर पनि कथातत्वलाई कवित्वतत्वको बाहुल्यताले नै घुमाएको पाइन्छ । यी आख्यानात्मक कविता संक्षिप्ततातिर नियन्त्रित गऱ्यो भने फुटकर कविता बन्ने र बिस्तृतितिर तन्काइ दियो भने हाकाव्यको स्वरूप फेलापर्ने संभावनाको संकेतमा देखापरेको कुरा पाश्चात्य विद्वान्हरूले उल्लेख गरेको पाइन्छ (आचार्य, २०७१ : ९) ।

### ३.४.३ रोमाञ्च काव्य

पाश्चात्य मध्यकालीन यूरोपमा रोमन क्याथोलिक चर्चहरूको विरोधमा लेखिएको लिरिकल ब्यालेड (गीतिमय गाथामा) अद्भूत घटनाको वर्णन रहस्यमय र प्रभावकारी ढङ्गले गरिएको थियो । त्यहीबाट रोमाञ्च काव्यको परम्परा थालनी भएको मानिन्छ र मध्यकालभरि यस उपविधाले निकै लोकप्रियताकासाथ आफूलाई विकसित पनि गऱ्यो । त्यसकारण रोमाञ्चकाव्यलाई मध्यकालीन पाश्चात्य साहित्यको उपजका रूपमा लिइएको छ । कृति पढ्नका लागि अभिप्रेरित गर्ने अचम्मका अद्भूत घटनाहरूको वर्णन र उपस्थितिले पाठकलाई आफतिर तान्ने प्रयास रोमाञ्चकाव्यले गर्दछ (आचार्य, २०७१ : ९) ।

### ३.४.४ गोपकाव्य

पाश्चात्य साहित्यमा क्षुद्र, सानो, निकृष्ट र स्तरीय विषयवस्तु लिएर लेखिएका कवितालाई गोपकाव्य भनिएको छ । यस प्रकारका काव्यकृतिमा विषयवस्तु तल्लो स्तरको निकृष्ट र छुद्र भए पनि अभिव्यक्तिको स्तरीयता हुन्छ भनी पाश्चात्यहरूले नै विवेचना गरेका छन् । यस प्रकारका कृतिले प्रकृतिको वर्णन गर्न प्रकृतिको काखमा पल्टेपछि उसले कथाभन्दा कवित्वलाई नै बढि प्राथमिकता दिने गर्दछ । वास्तवमा अभिव्यक्तिको उच्चता र बिषयवस्तुको निकृष्टता रहनु यस प्रकारका कविताको आफ्नै विशेषता हो । यसरी हेर्दा प्रकृतिको वर्णन भएका, अभिव्यक्तिगत उत्कृष्टता तर विषयगत क्षुद्रता भएर देखापरेका पाश्चात्य कवितालाई गोपकाव्य भनेको देखिन्छ (आचार्य, २०७१ : ९) ।

### ३.४.५ शोककाव्य

पाश्चात्य साहित्यशास्त्रीहरूले कविताको वर्गीकरण गर्ने सम्बन्धमा निजी व्यक्तिगत तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तुलाई लिएर शोकाकुल अभिव्यक्ति गरिएका काव्यकृतिलाई शोककाव्य का तहमा राखेका छन् । पाश्चात्य जगत्मा देखिने यस प्रकारका शोककाव्यमा शोकाकुल अनुभूतिको विस्तारित रूप पाइए पनि खण्डकाव्य अनुकूलको कथानक पाइँदैन । त्यस दृष्टिले शोककाव्यलाई पनि खण्डकाव्यकै परिधिमा राख्न सकिदैन तर शोकपूर्ण भावनाको विस्तारपूर्ण अभिव्यक्तिले खण्डकाव्यकै विस्तारित रूपलाई आत्मसाथ गर्न पुगेको झ-झल्को दिन्छ (आचार्य, २०७१ : ९-१०) ।

## ३.५ नेपाली साहित्यमा खण्डकाव्य सम्बन्धी चिन्तन

नेपाली साहित्यका सर्जक तथा समीक्षकहरुले पनि खण्डकाव्य सम्बन्धी आफ्ना दृष्टिकोणहरुलाई अगाडि सारेको देखिन्छ । सोमनाथ शर्माले खण्डकाव्य सम्बन्धी आफ्नो धारणा यस प्रकार गरेका छन् : काव्यको एक टुक्रा जस्तो कथानक श्रृङ्खलित रुपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गबन्धन, सन्धिबन्धनहरु नभएको छोटो काव्यलाई खण्डकाव्य भन्दछन् (शर्मा, २०१६:१०९) ।

केशवप्रसाद उपाध्यायले 'साहित्य प्रकाश' भन्ने आफ्नो पुस्तकमा खण्डकाव्य चिन्तन सम्बन्धी अवधारणा यसरी प्रकट गरेका छन्- खण्डकाव्यमा जीवनको एक अंश विशेषको झलक प्रस्तुत गरिन्छ, यसमा एउटै सीमित कालखण्डमा वा अल्पावधिमा घटित एउटै

घटना एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ, यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ (उपाध्याय, २०४०:११) ।

कुमारबहादुर जोशीले खण्डकाव्य सम्बन्धी आफ्नो अवधारणामा प्रस्तुत गर्दै भनेका छन्- खण्डकाव्यमा जीवन जगत्को एक खण्ड वा जिन्दगानीको एक सानो धारा प्रवाहित हुन्छ । यसमा अनुभूतिको एउटा सानो खोल बग्छ । कथानक चरित्र र देश काल वातावरणमा वा परिवेशको आधारभूमिमा उभिने जुन आख्यान तत्व हो त्यसलाई क्रीडास्थल बनाएर अनुभूति कवित्वमय बन्दै प्रवाहित भएको काव्य नै खण्डकाव्य हो र यसको संरचना पनि सु-संगठित र स्वयम् पूर्ण हुन्छ (जोशी, २०४०:११) ।

भानुभक्त पोखरेलका अनुसार-कविताहरुमा पूर्वापर सम्बन्ध, एकान्विति अथवा एकात्मकता भए पनि खण्डकाव्य एक रसात्मक, द्रुतगामी सानो काव्यकृति हो (पोखरेल, २०४०: ११) ।

खण्डकाव्य सम्बन्धी अवधारणा व्यक्त गर्ने क्रममा हिमांशु थापाले खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ । एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ भनेको पाइन्छ (थापा, २०५०: ५७) ।

खण्डकाव्यको परिचयका क्रममा टंकप्रसाद न्यौपानेले यस्तो विचार प्रकट गरेका छन् । 'खण्डकाव्यमा जीवनको कुनै एक पक्ष वा अंशको वा मर्मको प्रस्तुति हुन्छ । सामान्यतया एउटै मात्र अथवा एकभन्दा बढी तर ३-४ भन्दा कम संख्यामा पात्रहरु रहने यस्तो काव्यमा एउटै घटना हुन्छ र पाठकलाई कुनै एक रसमा डुबाउनु, एउटै मात्र प्रभाव दिनु यसको काम हुन्छ । यसमा कथावस्तु वा विषयवस्तुको आधार ऐतिहासिक वा काल्पनिक कुनै पनि हुन्छ र पात्रहरु प्रसिद्ध वा जुनसुकै भए पनि हुन्छ (न्यौपाने, २०३८:११३) ।

बासुदेव त्रिपाठीले खण्डकाव्य सम्बन्धी आफ्नो दृष्टिकोण प्रस्तुतु गर्दै भनेका छन् - खण्डकाव्य कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद ठहर्दछ, जसले कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगतको एक अंश वा भागलाई अन्विितपूर्ण बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट व्यक्त गर्दछ (त्रिपाठी, २०४७:६) । माथिका खण्डकाव्य सम्बन्धी अवधारणाबाट नेपाली साहित्यमा पनि खण्डकाव्य सम्बन्धी चिन्तन र अवधारणाको स्पष्ट विकास भएको पाइन्छ । उपर्युक्त समालोचकहरुका चिन्तनलाई केलाएर हेर्दा बासुदेव त्रिपाठीको चिन्ता सबैभन्दा उत्कृष्ठ देखा पर्दछ । उनी नै त्यस्ता चिन्तक हुन जसले

खण्डकाव्यलाई चिनाउने क्रममा यसका बहुआयामिक पक्षलाई समेटका छन् । यस क्रममा उनले खण्डकाव्यको आकार प्रकार वा आयाम विधागत भेद, आख्यानात्मक वा आख्यान विकल्पी संरचना, जीवनजगतको एकदेशीयता वा एकाशको प्रस्तुति, क्रमबद्धता, मुक्त वा बद्ध भाषिक लय जस्ता कुरामा पनि दृष्टि पुऱ्याई खण्डकाव्यलाई चिनाउने प्रयास गरेका छन् ।

खण्डकाव्यको स्वरुपका बारेमा नेपाली साहित्यका समालोचकहरुले पनि प्रशस्त मात्रामा चर्चा गरेका छन् तर तिनका विचारमा एकै खालको दृष्टिकोण भने भेटिदैन । उपर्युक्त समालोचकहरुले खण्डकाव्य भनेको एक देशीय वा जीवनको एक खण्डको प्रस्तुतीकरण हो भन्ने कुरामा भने सहमति जनाएको देखिन्छ । नेपाली समालोचकहरुले अभिव्यक्त गरेका उपर्युक्त विचारहरुलाई केलाउँदा सबैले संस्कृत साहित्यशास्त्री विश्वनाथको खण्डकाव्य सम्बन्धी दृष्टिकोणलाई नै मूल आधार बनाउको देखिन्छ ।

## ३.६ खण्डकाव्यका मुख्य तत्व

### ३.६.१ शीर्षकीकरण

'शीर्षकीकरण' सबै साहित्यिक विधाका कृतिहरूको आङ्गिक बाह्य तत्व हो । साहित्यका सबै विधाका कृतिहरूको कुनैनकुनै नामाकरण गरिएको हुन्छ र त्यही नामाकरण नै सम्बन्धित साहित्यिक कृतिको 'शीर्षक' हो । खण्डकाव्यका प्रसङ्गमा पनि 'शीर्षक' भन्नाले सम्बन्धित खण्डकाव्यकृतिको नाम भन्ने बुझिन्छ । खण्डकाव्यको शीर्षकीकरण यी विभिन्न आधारमा गरिएको हुन सक्छ (क) पात्रविशेषका नाम, नायक-नायिकाका नाम वा यी दुवैमध्ये कुनै एकको नामका आधारमा (उदाहरणः रजकुमार प्रभाकर, मुनामदन, कुञ्जिनि आदि), (ख) खण्डकाव्यको मुख्य विषयवस्तु वा भावका आधारमा (उदाहरणः वैराग्य-शतक, नासमझो गाँठो आदि), (ग) पात्रनाम र विषयवस्तुको मिश्रण गरेर (उदाहरण : सीताहरण, रावणजटायुयुद्ध आदि) र (घ) यी आधारहरूमध्ये केहिलाई वा सबैलाई मिसाएर (उदाहरण : नयाँ सत्यकलिकसंवाद आदि) यी विभिन्न आधारमा राखिएको शीर्षकीकरण त्यतिखेर उपयुक्त एवम् सार्थक हुन्छ जतिखेर शीर्षक र सम्बन्धित खण्डकाव्यकृतिका बीच अधिकाधिक सङ्गतिपूर्ण सम्बन्धका साथै सो शीर्षकद्वारा खण्डकाव्यको मुख्य पक्ष निर्देशित वा सङ्केतित हुन पुग्दछ (अवस्थी, २०६४ : ५२-५३) ।

### ३.६.२ आख्यानात्मक संरचना वा आख्यान विकल्पी संरचना

खण्डकाव्यमा आख्यानात्मक संरचना अपेक्षित हुन्छ । कथावस्तु, पात्र र वातावरण वा परिस्थितिको त्रिवेणी नै आख्यान हो । कथा, पात्र र परिवेशको समष्टि स्वरूप नै आख्यान हो । आख्यानको सु-गठित संयोजन नै आख्यानात्मक संरचना हो । आख्यानले कविका तरल अनुभूतिलाई बिस्तार गर्नमा मद्दत पुर्याउछ । कविताको मध्यम रूप खण्डकाव्यमा आख्यान दुर्लभ भएमा अनुभूति छिरोलिनुका साथै प्रभाव-शक्तिमा क्षति हुन पुग्दछ । समालोचक वासुदेव त्रिपाठीका भनाइमा पनि एउटा सफल खण्डकाव्यात्मक कृति बन्नका लागि त्यसको आख्यानात्मक संरचना दरीलो हुनु आवश्यक छ । कुनै कृतिको बनोट वा प्रबन्ध नै त्यसको रूप वा संरचना हो । संरचना जति प्रबल हुन्छ  वा अनुभूतिको संयोजन प्रबन्धन, विन्यास, रखाइ अथवा आयोजना जति सु-गठित, सुनिश्चत हुन्छ । त्यति खण्डकाव्य रचना प्रभावशाली हुन्छ (त्रिपाठी, २०५२:९) । भन्ने भनाइबाट पनि खण्डकाव्यको संरचनापक्ष प्रभावकारी हुनुपर्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

खण्डकाव्यमा आख्यान तत्व अपेक्षित भए पनि आख्यानविहीन खण्डकाव्यको रचना गरेको पनि भटिन्छ । यस्ता खण्डकाव्यमा कुनै व्यक्तित्व, स्थान, दृष्य, भाव र ऋतु आदिलाई केन्द्रविन्दु बनाई कविका अनुभूतिप्रवाह बगाइएको हुन्छ । त्यस्ता खण्डकाव्यमा आख्यान तत्व ठोस, प्रवल र मुर्त नरहे तापनि सूक्ष्म झिनो र अमूर्त आख्यान चूर्ण भने अवश्य हुन्छ ( त्रिपाठी, २०५२:६) । भन्ने विचार समालोचक वासुदेव त्रिपाठीको रहेको छ । खण्डकाव्यको आख्यानात्मक संरचनाअन्तर्गत कथावस्तु, पात्र र परिवेश पर्दछन् । जसका बारेमा क्रमशः तलका बेग्लै उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

#### ३.६.२.१ कथावस्तु

पात्रद्वारा गरिने कार्यव्यापारलाई नै कथावस्तु भनिन्छ । यसलाई घटना वा कथानक पनि भनिन्छ । खण्डकाव्यका लागि कथावस्तु आवश्यक हुन्छ । संस्कृत साहित्यशास्त्रमा कथावीतुसम्बन्धी चर्चाको थालनी भरतमुनिबाट भएको हो । उनले प्रथमतः नाटक र महानाव्यलाई आधार बनाएर कथावस्तुको चर्चा गरेका छन् र पाश्चात्य साहित्यशास्त्रमा नाटकका सन्दर्भमा अरिस्टोटलबाट कथासम्बन्धी विवेचना थालिएको पाईन्छ (वर्मा र अन्य, २०२०:२७३) । संस्कृत साहित्यमा इतिहास वा जनमानसमा लोकप्रियता प्रप्त गरेको कथालाई नै कथावस्तुको आधारको रूपमा पाइन्छ (थापा, २०५०:५८) । प्रख्यात कथावस्तु

इतिहास पुराणबाट ग्रहण गरिन्छ, उत्पाद्य कथावस्तु लेखकको कल्पनाद्वारा जन्मिन्छ र मिश्रित कथावस्तुको पृष्ठभूमि प्रख्यातनै हुन्छ, तर त्यसभित्र अनेक कथाहरू काल्पनिक पनि हुन्छन् । पाश्चात्य विद्वान अरिस्टोटलले दुखनन्त नाटकको चर्चा गर्ने सन्दर्भमा कथावस्तुबारे । आफ्नो दृष्टिकोण स्पष्ट पारेका छन् । यिनले कथावस्तुको स्रोतका रूपमा दन्त्यकथा, इतिहास र काल्पनिक कथालाई लिएका छन् (त्रिपाठी, २०४८:५४) । उनले कथावस्तुका उपर्युक्त स्रोतहरूमध्ये दन्त्यकथालाई वढि प्राथमिकता दिएका छन् (त्रिपाठी, २०४८:५४) । उनका विचारमा विश्वासनीय नभई दन्त्यकथा प्रचलित हुँदैनन् (त्रिपाठी, २०४८:५४) । सम्भाव्यताको नियमअन्तर्गत इतिहास र काल्पनिक कथावस्तु पनि सफल हुन सक्छन् ( त्रिपाठी, २०४८:५४) । भन्ने कुरामा उनी विश्वास गर्छन् । कथावस्तुमा कार्यकारण श्रृखला मिलेको हुनुपर्छ । खण्डकाव्यमा एउटा मूल कथा र त्यसमा अझ बढी प्रभाव सृजना गर्न अन्य उपकथा वा तत्सम्बन्धी साना-साना घटना पनि समावेश गर्न सकिन्छ तर तिनीहरू स्वतन्त्रताजस्ता देखिनु हुन्न (न्यौपाने, २०३८: ११४) । खण्डकाव्यमा भावनाको आख्यानीकरण हुने र आख्यानभित्र कथावस्तु पनि पर्न हुनाले यसमा कथावस्तुको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । कथावस्तुकै आधारमा खण्डकाव्यले गतिशीलता प्राप्त गर्न सन्छ । जति जति कथावस्तुको विकास हुँदै जान्छ त्यति त्यति त्यसले मनमा कौतूहल र प्रभावकारिता सृजना गर्दै जान्छ । कथावस्तुमा अनावश्यक घटनाहरू समावेश गर्नु हुँदैन ।

### ३.६.२.३ पात्रविधान

खण्डकाव्यमा कथावस्तुलाई गतिशील तुल्याउनका लागि पात्रको आवश्यकता पर्दछ । कथावस्तुका सम्पूर्ण घटना र कार्य पात्रमा आधारित हुन्छन् । पात्रलाई चरित्र पनि भनिन्छ । अरिस्टोटलका अनुसार चरित्र त्यसलाई भनिन्छ जसले कुनै व्यक्तिका रुचि अरुचिको प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ (त्रिपाठी, २०४८:५७) । उनले पात्रमा भद्रता, औचित्य, जीवनअनुरुपता, एकरूपता, अनुकृतिमूलक वैशिष्ट्य जस्ता गुणहरू हुनुपर्ने बताएका छन् (त्रिपाठी, २०४८:५९) । खण्डकाव्यमा कथावस्तु जक्तिकै महत्वपूर्ण तत्व पात्र हो । पात्रको अभावमा कथावस्तुको परिकल्पना गर्न सकिँदैन । कथावस्तुलाई प्रारम्भदेखि अन्त्यसम्म लैजानका लागि पात्रको आवश्यकता पर्दछ । खण्डकाव्यमा पात्रद्वारा नै मानवीय मानसिकताको उद्घाटन हुन्छ र उसद्वारा नै लेखकका जीवन र जगत्सम्बन्धी जीवनदृष्टिहरू अभिव्यक्ति हुन्छन् । चरित्रचित्रणका प्रकारहरू निम्नलिखित हुन सन्छन् ( बराल र अन्य, २०५६: २९-३१) । गतिशील गतिहीन (वातावरण वा कुनै घटनाले गर्दा

परिवर्तन हुने पात्र गतिशिल र परिवर्तन नहुने पात्र गतिहीन), यथार्थ र आदर्श (समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने पात्र यथार्थ र उच्च आकांक्षा बोकी यस्तो हुनुपर्छ भनी सन्देश दिन आउने पात्र आदर्श), अन्तर्मुखी र बहिर्मुखी (जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढै बस्न चाहाने पात्र अन्तमुखी र आफ्ना मनका कुरा अरूलाई भन्ने र बाहिरी सम्पर्कमा रम्ने पात्र बहिमुर्खी), गोला र च्याप्टा (जीवनलाई जटिल रूपले भोग्ने र क्षण-क्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने पात्र गोला र जीवनलाई सरल रूपमा भोग्ने र विषेशगरी सजिलैसँग बुझ्न सकिने पात्र चेप्टा), सार्भभौम र आञ्चलिक (जताततै उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम र आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका पात्रलाई आञ्चलिक) तथा पारम्परिक र मौलिक (परम्पराको गोरेटोमा हिड्ने पारम्परिक र नवीन ढङ्गमा जीवनको अन्वेषण गर्ने पात्रलाई मौलिक) । मोहनराज शर्माले चरित्रचित्रणका आधारहरूलाई अझ सूक्ष्म र स्पष्ट तरिकाले प्रस्तुत गरेका छन् (शर्मा,२०४८:१६७-१६८) उनका अनुसार पात्रहरू लिङ्गका आधारमा पूलिङ्गी र स्त्रीलिङ्गी, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल,स्वभावका आधारमा  गतिशील र गतिहीन, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत आसन्नताका आधारमा मञ्चनीय र नेपथ्य, आवद्धताका आधारमा बद्ध र मुक्त हुन्छन् । खण्डकाव्यले जीवनको एक खण्डको अभिव्यक्ति गर्दछ त्यसकारण पनि यसमा अनावश्यस पात्रको प्रयोग उचित मानिदैन ।

### ३.६.२.४ परिवेशविधान

परिवेश भनेको देश काल परिस्थिति हो । यसलाई वातावरण पनि भनिन्छ । परिवेश-विधान भनेको कथावस्तुका घटना एवं पात्रसँग सम्बन्धि हुन्छ । पात्रको मनस्थितिलाई पनि परिवेशले प्रभाव पार्दछ । वातावरणकोआन्तरिक पक्षअन्तर्गत पात्रको मानसिक स्थिति पनि पर्दछ । वातावरण बाह्य पक्षअन्तर्गत काव्यको भौतिक प्रस्तुतिहरू पर्दछ । वातावरणको बाह्यपक्ष र आन्तरिक पक्षको कुशल संयोजनले काव्य सजीव र संवेद्य हुन्छ । खण्डकाव्यमा कुनै खास परिवेशको व्यापक चित्रण नगरी त्यसको संक्षिप्त साङ्केतिब विधान गरिन्छ । खण्डकाव्यमा वातावरणको प्रयोग काव्यको आवश्यकता र स्वभाविकतालाई ध्यानमा राखेर गर्नुपर्छ । खण्डकाव्यमा कथातत्वलाई जीवन्त बनाउन एवं पात्रको मानसिकतालाई उद्घाटित गर्न परिवेशको आवश्यकता पर्ने भएकाले यो पनि खण्डकाव्यको एउटा महत्वपूर्ण

तत्व हो । उच्च एवं गुणस्तरीय खण्डकाव्य बन्नका लागी कथा पात्र र परिवेशको समन्विति भएको आख्यानात्मक संरचना आवश्यक हुन्छ (अर्याल, २०५७:३७-३८) ।

### ३.६.२.४ भावविधान

भाव पनि खण्डकाव्यको अर्को महत्वपूर्ण तत्व हो । भाव काव्यको आन्तरिक पक्षसँग सम्बन्धित छ यसलाई एक प्रकारले काव्यको आत्मा मान्न सकिन्छ (वर्मा, २०२०:५४८) । शास्त्रीय लक्षणका आधारमा हेर्ने हो भने खण्डकाव्यमा कुनै न कुनै भाव अभिव्यक्त भएको हुनुपर्छ । खण्डकाव्यले कुनै एउटा भावसौन्दर्यद्वारा पाठकका हृदयलाई उद्दीप्त गर्न सक्नुपर्छ । पूर्वीय साहित्यशास्त्रको रसवादी चिन्तन अनुसार कुनै पनि कृतिमा रति, शोक, उत्साह, भय आदि स्थायी भावहरूमध्ये एउटालाई मुख्य भावका रूपमा स्वीकारिएको हुन्छ भने अन्य लज्जा, मोह, जिडता, निर्वेद, मद, उग्रता, विबोध, मरण, दैत्य, आवेग, श्रम, स्वप्न, गर्व, निन्द्रा,  औत्सुक्य, उन्माद, ग्लानि, तर्क, शङ्का आदि अनेकौं सञ्चारी-भावहरू अवस्था हेरी केन्द्रीय भाव बाहेक अन्य भावहरू आवश्यकता हेरी प्रयोग गर्न सकिन्छ । तर एकभन्दा बढी भावको परिपाक भने हुनु हुँदैन । कृतिमा रहेको मुख्य/केन्द्रीय भाव बढी आकर्षक भएमा कृतिको काव्यात्मक मूल्य चरमोत्कर्षमा पुग्दछ । खण्डकाव्यलाई स्तरीय बनाउनका लागि त्यसको भावविधानमा रचनाकार बढी सचेत हुनुपर्दछ ।

### ३.६.२.६ सर्गयोजना

महाकाव्यमा सर्गयोजना वा सर्गबन्धन अनिवार्य रहन्छ तर खण्डकाव्यमा सर्गयोजनालाई ऐच्छिक तत्वका रूपमा लिइएको छ । खण्डकाव्यमा विषयवस्तुलाई भिन्न-भिन्न सर्गमा विभाजित गर्नु आवश्यक छैन( वर्मा, २०२०:२३८) विश्वनाथको खण्डकाव्यसम्बन्धी मान्यतालाई केलाएर हेर्दा खण्डकाव्यमा सर्गयोजना भए वा नभए पनि हुने देखिन्छ । नेपाली साहित्यका समीक्षकहरूले पनि सर्गयोजनालाई ऐच्छिक तत्वका रूपमा लिएको पाइन्छ । सर्ग खण्डकाव्यको ऐच्छिक तत्व भए तापनि कविका अनुभूति-पुञ्जलाई सु-संगठित गर्नका लागि र भावनालाई सरल र बोधगम्य बनाउनका लागि पनि सर्गयोजना गरिन्छ । सर्गयोजनाअन्तर्गत कृतिको बनोट, संरचना वा आकार-प्रकार पर्दछ । खण्डकाव्यमा यति नै सर्ग हुनुपर्छ भनेर किटान गरिएको हुँदैन तर पनि कविका अनुभूतिलाई व्यवस्थित र सुसंगठित गर्नमा सर्गयोजनाको महत्वपूर्ण भूमिका हुने हुनाले सर्गयोजना गर्नु राम्रो मानिन्छ ।

### ३.६.२.६ लयविधान

कवितालाई साहित्यिक विधाबाट अलग्याउने प्रमुख तत्व लयविधान नै हो । कवितामा निश्चित वर्ण, मात्रा र अक्षरको वितरणक्रममा पङ्क्तिगत अनेपास (आदि, मध्यानुप्रास र अन्त्यानुप्रास) । र समाक्षरी शब्दशैयाको क्रम मिलाई लयको सिर्जना गर्न सकिन्छ । कविता पङ्क्तिमा प्रयोग गरिएका वर्ण, मात्रा र अक्षरको वितरण-क्रम तथा तिनको विश्रामको नियमित स्थिति लय हो । लयविधान कविताका हरफहरूमा प्रयुक्त भाषिक स्वर व्यञ्जन वर्णका सम र विषम विवतरण प्रकृयाबाट निर्मित चरण, पाउ वा पङ्क्तिको गतिक्रम र यतिविधानमा आधारित हुन्छ । भाषाशैलीको पङ्क्तिगत, पङ्क्तिपुञ्जगत (श्लोकात्मक वा अनुच्छेदात्मक) उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक र ध्वनिगत आल्हाद नै लयविधान हो (त्रिपाठी, २०४६: १९) । कविताका पङ्क्तिहरू दोहोरिँदै जाँदा वा पङ्क्तिगत अनुप्रास मिल्दै पङ्क्तिदेखि माथि श्लोक वा अनुच्छेदका स्तरमा पुग्दा पनि पङ्क्ति-पङ्क्तिका बीचमा देखिने वर्ण र मात्राहरूको नियमित आवृत्तिको स्थिति नै छन्द वा लय हो । यस्ता नियमित पङ्क्तिपुञ्ज छन्दका ढाँचा हुन् । पङ्क्तिका बीच यस्तो नियमितता नदेखिनु वा कम नियमितता देखिनु पनि लय नै हो र त्यसलाई मुक्त लय भनिन्छ । आधुनिक युगमा मुक्त लय पनि त्यतिकै प्रचलित छ । खासगरी काव्य रचनाका क्रममा अनुभूति-प्रवाहलाई तीब्रता दिन वा अनुभूति-प्रवाहमा खजमज हुन नदिन आज भोलिका रचनाहरूले मुक्त लयलाई बढी प्राथमिकता दिएको देखिन्छ ।

मुख्यतः वर्णमात्रिक, मात्रिक, वाणिक र मुक्त गरी लयका चार भेद छन् । खण्डकाव्य कविताको एक उपाीधा भएकाले यसका लागी लयविधान आवश्यक देखिन्छ । खण्डकाव्यमा यी चार किसिमका लयमध्ये जुनसुकै लयमध्ये जुनसुकै लयको प्रयोग गर्न सकिन्छ ।

### ३.६.२.७ कथनपद्धति

खण्डकाव्यमा कथनपद्धति एक महत्वपूर्ण तत्वका रूपमा रहेको हुन्छ । यसलाई दृष्टिविन्दु पनि भनिन्छ । खण्डकाव्यमा कविले जीवन र जगतसम्बन्धी आफ्ना दृष्टिकोणहरूको अभिव्यक्ति गर्दछ । यस क्रममा रचनाकारले विभिन्न खालका कथनपद्धतिलाई अँगाल्न सक्दछ । यस्ता कथनपद्धतिहरू खासगरी दुई किसिमका हुन्छन् । कविप्रौढोक्ति कथन र कविनिबद्धप्रौढोक्ति कथन हो र कविले सीधै आफैं वर्णन नगरी कसैका

माध्यमबाट प्रकट गर्ने जुनसुकै प्रविधिलाई कविनिबद्धक्तिप्रौढोक्ति भनिन्छ । यस्ता पद्धतिलाई प्रथमपुरुषविधान कथनपद्धति र तृतियपुरुषप्रधान कथनपद्धति पनि भनिन्छ ।

### ३.६.२.८ जीवनदर्शन/उद्देश्य

कुनै पनि साहित्यिक कृतिलाई चरण, अनुच्छेद, अलङ्कार, बिम्ब आदिको बन्दनमा राखिने भए पनि आफ्ना कृतिमा कृतिकारले प्रत्यक्ष अप्रत्यक्ष जस्तोसुकै रूपमा भएपनि समाजका लागि नैतिक सन्देश अवश्यनै छोडेको हुन्छ । प्रत्येक श्रष्टाले समाजका निम्ति आफ्ना दृष्टिकोण अथवा सैद्धान्तिक धारणाहरू अघि सारेको हुन्छ । यस सन्दर्भमा आफ्ना विचारहरू तथा उद्देश्यहरूलाई प्रचारमूलक तरिकाले राख्दा कृतिको मूल्य नष्ट हुनसक्छ । त्यसैले समाजको हितका लागि अथवा परिवर्तनका लागि प्रस्तुत गरेका विचारहरू कलात्मकताका साथ व्यञ्जित हुनु राम्रो मानिन्छ । खण्डकाव्यमा रचनाकारले आफुले व्यक्त गर्न खोजेको मूल मर्म, जीवनदर्शन वा उद्देश्यबाट यसको महत्व वा मूल्य बढ्ने हुनाले जीवनदर्शन वा उद्देश्यलाई खण्डकाव्यको एउटा महत्वपूर्ण तत्व मानिन्छ ।

### ३.६.२.९ बिम्ब-प्रतीकविधान

बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँ हो । भाषाका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थ छाँया पारिदिने पद्धतिलाई बिम्ब-विधान भनिन्छ । कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचरको प्रतिच्छायाँका रूपमा आउने अर्को सहप्रस्तुति वा सहवर्ती अर्थ बिम्ब हो । जीवन्जगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्ब-बिधान हुन सक्छ (त्रिपाठी र अन्य,२०४६: २०-२१) । यसलाई अलङ्कार पनि भनिन्छ । अलङ्कारले कृतिको आन्तरिक संरचनालाई सबल बनाउनुका अतिरिक्त सृजनालाई लालित्यमय, सौन्दर्यपूर्ण र उच्च बनाउँछ । सृजनामा विम्वहरू खासगरी उपमाका रूपमा आउने गर्दछन् । ती बक्रोक्ति वा अतिशयोक्तिबाट सृजित हुने भएकाले विशेष चमत्कारी पनि हुन्छन् । बिम्बहरू सृजनाका गहना हुन् । त्यसैले खण्डकाव्यमा बिम्बको प्रयोग आवश्यक हुन्छ ।

खण्डकाव्यमा बिम्बका अतिरिक्त बिभिन्न प्रतीकको प्रयोग पनि हुनसक्छ । खण्डकाव्यमा कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भाववको उल्लेख गर्न सकिन्छ । कुनै अनुपस्थत वस्तुद्वारा झल्काउने कुरा नै प्रतीक हो (त्रिपाठी, २०४९:७१) । यसरी प्रयोग गरिने वस्तु वा घटनालाई प्रतिक भनिन्छ । प्रतीकले रचनामा एकातिर अमूर्त र

अव्यक्त भावलाई भिन्न तरिकालाई मुर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नु पर्ने कुरालाई थोरै शब्दमा मीठोसँग भन्दछ । खण्डकाव्यमा रचनाकारले आफ्ना कतिपय कुराहरू प्रतीकका माध्यमबाट व्यक्त गर्दछ । प्रतीकको प्रयोग कथ्यको अनुकूल एवं भावकले बुझ्न सक्ने किसिमको हुनुपर्छ । प्रतीकविधानबाट नै काव्यात्मक उच्चता बढ्ने हुँदा खण्डकाव्यमा यसको प्रयोग गर्नु आवश्यक हुन्छ ।

### ३.६.२.१० भाषाशैली

साहित्य एक भाषिक कला हो र यसलाई भाषिक माध्यम अँगाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ । त्यसैले साहित्यकै एक लयात्मक विधास्वरूप कविता र त्यसको माध्यम आययामको उपविधास्वरूप खण्डकाव्यमा पनि भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ । भाषाको सौन्दर्यपूर्ण प्रयोगलाई नै साहित्यिक भाषाशैली भन्ने गरिन्छ र खण्डकाव्यका सन्दर्भमा भाषाको सौन्दर्य एकातर्फ खण्डकाव्यकृतिका लयविधानका श्रुतिमधुरताका अपेक्षासँग जोडिएको हुन्छ भने अर्कातर्फ सम्बन्धित बिषयवस्तु र त्यसका भावात्मक एवम् वैचारिक अर्थगत संरचना अनि कथनपद्धतिको वाहक पनि हुने गर्दछ । यसरी खण्डकाव्यको भाषाशैलीले खण्डकाव्यको अपेक्षित लयात्मक श्रुतिमधुर्यका साथै त्यसका कथ्य विषयवस्तु एवम् भावविचारको सौन्दर्यपूर्ण अर्थगत संरचनाको वाहक पनि हुनुपर्ने हुन्छ । पूर्वीय साहित्यशास्त्रमा चर्चित एवम् शब्दालङ्कारका तत्वका र रीतिगत एवम् गुणगत तत्वका वर्णसंरचना र शब्दसङ्घटना जस्ता पक्ष पनि खण्डकाव्यको भाषाशैलीभित्रै पर्दछन् । खण्डकाव्यमा मुक्त र बद्ध लयको संरचना भाषबाटै निर्मित हुनु र भाषिक वर्ण एवम् मात्राको सौन्दर्यपूर्ण प्रयोगले श्रुतिरम्यता बढाउने हुनाले शब्दालङ्कार चाहिँ खण्डकाव्यका बद्ध वा मुक्त लयका साथै भाषाशैलीसँग पनि सम्बन्धित रहन्छ । लयगत पङ्क्तिसंरचना र अनुच्छेदसंरचनाका क्रममा आन्तरिक अनुप्रास र अन्त्यानुप्रास समेतको माधुर्य पनि शब्दालङ्कारका सन्दर्भमा भाषाशैलीकै एक उल्लेख्य पक्ष हुने गर्दछ ( अवस्थी, २०६४ : ५३) ।

### ३.७ आधुनिक नेपाली खण्डकाव्यको विकास क्रियाका पृष्ठभूमि, प्रवर्तन र प्रमुख धारा

खण्डकाव्यको विकास-प्रक्रिया भन्नु समष्टि कविताका विकास-प्रक्रियाकै एक अंश हो र सोहि रूपमा आधुनिक नेपाली खण्डकाव्यको विकास प्रक्रियालाई हेर्नुपर्ने हुन्छ । नेपाली कविताको समष्टि विकास-प्रक्रिया भन्नु यसका मुक्तक, फुटकर, मझौला र बृहत

प्रकारहरूको सङ्ख्यात्मक एवम् गुणात्मक उपलब्धिहरूको क्रमागत परिणति हो र खास गरी प्रायः सबै कविहरूले रच्ने मुक्तक-फुटकर कविताका निरन्तरताबाट सो विकास-प्रकृया क्रमबद्ध बनेको छ । सो विकासक्रममा खासखास कविहरूले मात्र रचेका मुक्तक-फुटकर कविताभन्दा कम तथा महाकाव्यभन्दा बढि रचिएका खण्डकाव्यको विकास-प्रक्रियाले नेपाली कविताको समष्टि विकासप्रक्रियासँग नै सहसम्बन्ध राखेको पाईन्छ । (अवस्थी, २०६४ : ५८) ।

### ३.७.१ पृष्ठभूमिगत र प्रवर्तनगत सन्दर्भ

आधुनिक नेपाली खण्डकाव्यको साहित्यक पृष्ठभूमि त्यो पूर्वपरम्परा हो जुन यसका लोकप्रारूप र प्राथमिककालीन (वि.स. १८२६-१९४०का) एवम् माध्यमिककालीन ( वि.स.१९४१-१९७४ का) रचनात्मक प्राप्तिका समष्टिबाट बनेको छ । नेपाली खण्डकाव्यको पृष्ठभूमिगत लोकप्रारूप लोकगाथा हो । वि.स.१३४४-४६ यताका मान्न सकिने र डोटी-कर्णाली प्रदेशका लोकजीवनमा प्रचलित रहिआएका 'भारत'(उदा.बालाराजा काशीरामको भारत), 'चैत' (उदा. सिगासको चैत), 'चाँचरी' (उदा. रिपु मल्लकी चाँचरी) आदि जस्ता लोक गाथामा खण्डकाव्यात्मक लोकप्रारूप दृष्टिगोचर हुन्छ । नेपाली कविताको प्राथमिककालीन परम्पराअन्तर्गत वि. स. १८७२ तिर कवि उदयानन्द अर्यालले रचेको वेताल पच्चीसी खण्डकाव्य शिष्ट-लेख्य नेपाली साहित्यिक परम्पराको प्रथम खण्डकाव्यात्मक कृति ठर्हछ । यसपछि प्राथमिककालिन परम्परामा यी अरू कविहरूले पनि खण्डकाव्यात्मक किसिमका कृतिहरू रचेः रामचन्द्र जोशी (हरिश्चन्द्रविलाप),वसन्त शर्मा (कृष्णचरित्र, समुन्द्रलहरी), वीरशाली पन्त (विमलबोधानुभव), भानुभक्त आचार्य (प्रश्नोत्तर,वधुशिक्षा, भक्तिमाला), रघुनाथ पोखर्‍याल (सुन्दरकाण्ड रामायण),ज्ञानदिलदास (उदयलहरी), पतञ्जली गजुर्‍याल (अध्यात्मरामायण बालुन), लालबहादुर आउँमासी (भोटेको लडाईंको सवाई), नरबहादुर राना (जङ्गबहादुरको सवाई) आदि । उपर्युक्त खण्डकाव्यात्मक रचनाबाट प्राथमिककालीन परम्परामा नेपाली लोकपरम्पराका लहरी, सवाई जस्ता ढाँचाका साथै संस्कृत परम्पराका शास्त्रीय छन्दोबद्ध आख्यानात्मक खण्डकाव्यढाँचा (उदा.कृष्णचरित्र) र कोषकाव्यढाँचा (उदा.प्रश्नोत्तरी) को सहउपस्थिति रहेको देखिन्छ । यस कालमा ज्यादाजसो हिन्दू पौराणिक स्रोतको विषयवस्तु र केहि मात्रामा तत्कालीन एतिहासिक घटना (नेपाल-भोट युद्ध), सामाजिक-सांस्कृतिक ढाँचा (वधुशिक्षा), युगप्रभावी व्यक्तित्व (जङ्गबहादुर राणा) आदिलाई विषयबस्तुको रूपमा प्रयोग गरी खण्डकाव्य रचिए । तिनमा सर्गयुक्तता (

उदा.कृष्णचरित्र:दुई सर्ग) र सर्गसहिता (उदा.उदयलहरी) जस्ता दोहरै प्रवृत्ति देखा पर्छन् । कम्तीमा पनि सय श्लोकसम्मको विस्तारलाई खण्डकाव्यको मानक लमाइ मान्दा प्राथमिककालीन नेपाली खण्डकाव्यहरूमध्ये कृष्णचरित्र (१६९ श्लोक),सुन्दरकाण्ड रामायण ( १८७ श्लोक) र उदयलहरी (१०९ श्लोक) ले त्यस्तो लमाई पनि प्राप्त गरेको भेटिन्छ । नेपाली खण्डकाव्यको प्राथमिक कालका पूर्वोक्त रचनाहरू त्यस्ता प्राथमिक खण्डकाव्यात्मक प्रारूपका रूपमा नै देखा पर्छन् जसमा कविताकलाका भावबिधान, अलङ्करण-सौन्दर्य, भाषाशैलीगत रम्यता, उक्तिविचित्रता, प्रतिकात्मक व्यञ्जनासामर्थ्य जस्ता विशिष्ट तत्वहरूभन्दा छन्दोबद्ध अभिधात्मक कथन-वर्णनकै समान्यता देखापर्छ । खण्डकाव्यात्मक विधागत सचेतता नदेखिनु र त्यसका गुणवत्तातर्फको चासो नलिनु अनि त्यति वेला केवल लेखिनु र प्रकाशनमा पनि नआउनु यिनका प्राथमिककालीन अभिलक्षण नै हुन् (अवस्थी, २०६४:७९/८०)

नेपाली कविताको माध्यमिक कालमा शृङ्गारधारा र भक्तिधाराको अधिव्यक्तिका साथ थरीथरीका निकै खण्डकाव्य रचिए र ती आख्यानात्मक तथा कोषकाव्यात्मक ढाँचाका नै देखिए । यस कालमा पद्यात्मक आख्यानकाव्य (उदा.मोतीराम भट्टद्वारा रचित प्रह्लादभक्तिकथा, गजेन्द्रमोक्ष, उषाचरित्र, राजीवलोचन जोशीद्वारा रचित केदारबल्फ, पतिव्रताचरित्र, लक्ष्मीदत्त पन्तरचित श्री सत्यहरिश्चन्द्रवर्णनकम्, तीर्थराज पाण्डेरचित आदि) सवाई काव्य (उदा.मनिसराज शाहीको चरिको सवाई, अमृतजङ्ग सिजापतिको सासूबुहारीको सवाई आदि), स्तुतिकाव्य (उदा.शिखरनाथ सुवेदीः वीरषष्टिका, शम्भुप्रसाद ढुङ्गेलः चन्द्रप्रतापवर्णन आदि), ऋतुकाव्य (उदा. भैरवकुमार राजभण्डारीः ऋतुवर्णन, टीकाराम शर्माः ऋतुमञ्जरी आदि), दूतकाव्य (उदा.मोतीराम भट्टः पिकदुत), नीतिकाव्य (उदा.तीर्थराज पाण्डेः उपदेशमञ्जरी),लहरीकाव्य (उदा.कृष्णप्रसाद रेग्मीः कामिनी विरह-लहरी, प्रेमलहरी, धर्मसिंह चामलिङ राईः मदनलहरी) जस्ता अनेक थरी ढाँचाका खण्डकाव्यहरू रचिई प्रकासनमा पनि आए । यस कालमा संस्कृत भाषास्रोतका रामायण, महाभारत, भागवत आदिका विभिन्न काण्ड, पर्व, स्कन्ध आदिमा वर्णित आख्यान तथा चरित्रलाई विषय बनाई पद्याख्यानात्मक खण्डकाव्य (उदा. प्रह्लादभक्तिकथा), गजेन्द्रमोक्ष आदि)को प्रयोग गरेर पनि केहि खण्डकाव्य लेखिए । यस कालमा चरित्रविषेश (उदा. उषाचरित्र), व्रतविशेष (उदा.पतिव्रताचरित्र), स्थानविशेष (उदा.केदारकल्प), विषयविशेष (उदा.प्रह्लादभक्तिकथा), व्यक्तिविशेष (उदा. चन्द्रप्रतावर्णन), आदिको चित्रण- वर्णन गरिएका खण्डकाव्य पनि रचिए । यस कालका

खण्डकाव्यमा शास्त्रीय छन्द र नेपाली लोकछन्दको प्रयोग गर्ने प्रवृत्ति पाइनुका साथै ढाँचागत प्रयोगविविधता, युगगत व्यावसायिक अपेक्षाअनुरूपको परिमाण-प्रचुरता, प्रायः एकसर्गबद्धताजस्ता प्रवृत्ति दृष्टिगत हुन्छन् । व्यावसायिक दृष्टिले हल्काफुल्का रम्य प्रेमाख्यानमूलक काव्य एवम् पद्यबद्ध धार्मिक आख्यानमूलक काव्यकै माग बढी रहेको त्यस युगमा खण्डकाव्यका गुणवत्तातर्फ त्यति ध्यान गएन (अवस्थी, २०६४ : ८०/८१)

प्राथमिककालीन नेपाली कविताका वीरधारा र भक्तिधारा तथा माध्यमिककालीन नेपाली कविताका खास गरी शृङ्गारधारा एवम् भक्तिधाराका पद्याख्यान र सवाई-लहरी-दूत काव्यका मझौला आयामिक विस्तारयुक्त कृतिगत प्राप्तीबाट आधुनिक नेपाली खण्डकाव्यको पूर्वपरम्परागत पृष्ठभूमि बन्यो । त्यो पृष्ठभूमि पद्याख्यानका कथारस र कोषकाव्यका शिथिल संरचना तथा कम कलात्मकताका सीमाभित्र खुम्चिएको छ । यसै पृष्ठभूमिमा नै वि.सं १९६५ तिर नेपाली भाषामा के कलात्मक गुणस्तरीय कविता-काव्य रचिन सक्छन् भन्ने प्रश्न टड्कारो रूपमा उठ्यो । संस्कृत, फारसी, उर्दु, हिन्दी आदि भाषामा रचिएजस्ता मौलिक गुणवत्तायुक्त कविता-काव्य नेपाली भाषामा रचिन नसकेको बोध त्यति बेलाका नेपाली कवि-लेखक तथा पाठकहरूले गर्न पुगे । यसै बोधलाई त्यति बेलाका कवि लेखनाथ पौड्याल (वि. स.१९४१-२०२२) ले चुनौतीका रूपमा लिए र अरू समृद्ध भाषामा (संस्कृत, हिन्दी, उर्दू-फारसी आदिमा) जस्तै नेपाली भाषाका पनि उत्कृष्ट कलात्मक कविताकाव्य रचिन सक्छन् भन्ने कुरालाई प्रमाणित गर्न कम्मर कसे । यसैको परिणामस्वरूप उनले प्रथमतः वर्षाविचार (वि. स. १९६६) र पछि ऋतुविचार (वि. स. १९७३) जस्ता परिष्कारवादी काव्य रची  प्रकासनमा ल्याए । यिनै काव्यमार्फत नेपाली खण्डकाव्य परम्परामा आधुनिक मौलिकतापूर्ण सचेत उत्कृष्ट काव्यतर्फको उन्मुखता देखा पर्न आयो । अझ वि. स. १९७० मा स्थापित गोरका भाषा प्रकाशिनी समिति र सोही साल प्रकाशित चन्द्रका व्याकरणले नेपाली लेख्य भाषाको मानकीकरण गरी यसका लखाइ-छपइमा एकरूपतासमेत ल्याएका पृष्ठभूमिमा नै नेपाली कविता तथा खण्डकाव्यका निम्ति नयाँ सृजनात्मक दिशाबोध प्राप्त भयो । नेपाली भाषाको मानकीकरण, त्यसका मानकीकृत लेख्य प्रयोगमा एकरूपताको निर्वाह अनि स्तरीय कलात्मक कविता-काव्यका युगगत अपेक्षासमेतका पृष्ठभूमिमा लेखनाथ पौड्यालले रची सार्वजनिक प्रकाशनमा ल्याएका ऋतुविचार (१९७३), बुद्धिविनोद (१९७३), सत्यकालिनसंवाद (१९७६) जस्ता परिष्कारवादी खण्डकाव्यहरूबाट वि. स. १९७३-७६ का बिच आधुनिक नेपाली खण्डकाव्यको प्रवर्तन हुन गयो (अवस्थी, २०६४ : ८१/८२) ।

### ३.७.२ आधुनिक नेपाली खण्डकाव्यका प्रमुख धारा

लेखनाथ पौड्यालद्वारा रचित र वि. स. १९७३ मा प्रकासित ऋतुविचार खण्डकाव्यबाट आधुनिक नेपाली खण्डकाव्य-परम्पराको परिष्कारपूर्ण प्रारम्भिक प्रवर्तन भएको हो भने लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित र १९९२ सालमा प्रकाशित मुनामदन खण्डकाव्यबाट त्यस परम्परामा निकै नयाँ स्वच्छन्दतावादी धाराको प्रतिष्ठापन भएको हो । यीनै तथ्यका सन्दर्भमा भन्नुपर्दा आधुनिक नेपाली खण्डकाव्यको विकास प्रकृयामा यी धाराहरूको प्रयोग भएकको देखिन्छ :

(क) परिष्कारवादी धारा

(ख) स्वच्छन्दतावादी धारा

(ग) प्रयोगवादी धारा

(घ) प्रगतिवादी धारा

(ङ) उत्तरप्रयोगवादी/ उत्तरआधुनिकतावादी धारा (अवस्थी, २०६४ : ८२) ।

#### ३.७.२.१ परिष्कारवादी धारा

आधुनिक नेपाली खण्डकाव्यको परिष्कारवादी धाराको मुख्य समयावधि वि. स. १९७३ देखि १९९० सालसम्मको कालखण्ड हो भने उत्तरवर्ती समयमा पनि यस धाराको उपयोग गरी कतिपय कविप्रतिभाहरूले खण्डकाव्यात्मक सिर्जनशीलता देखाएकै छन् । यस धाराका मुख्य समयावधिमा खण्डकाव्य रच्ने र प्रकाशनमा ल्याउने उल्लेखनीय स्रष्टाहरूमा लेखनाथ पौड्याल (ऋतुविचार, बुद्धिविनोद, सत्यकालिनसंवाद आदि),चक्रपाणि चालिसे (मछिन्द्रनाथको कथा), पिनाकीप्रसाद आचार्य (बुद्धिविनोद), प्रेमप्रसाद भट्टराई (विरक्त पुष्पाञ्जली, सती सावित्री), महानन्द सापकोटा (मनलहरी, अन्न आशा आँसु), तारनाथ नेपाल (राघवविलाप, उत्तराविलाप, नेपालशतक) आदि पर्दछन् । यस धाराका उत्तरवर्ती कालखण्डमा उल्लेख्य परिष्कारवादी खण्डकाव्यकारिता देखाउने स्रष्टा हुन् : बालकृष्ण सम आगो र पानी, अवतारदर्शन), माधवप्रसाद देवकोटा (हुस्सू पाथिक, रुरुगौरव) , भीमनिधि तिवारी (तर्पण, यशस्वी शव), बदरीनाथ भट्टराई (सिन्धुलिको झलक), भरतराज पन्त (उर्लको आँसु, दिनेश, चन्द्रहास, मेरो रमु) आदि । नेपाली खण्डकाव्य - परम्परामा परिष्कारवादी धाराको वरण गरी रचिएका खण्डकाव्यहरूमध्ये ज्यादाजसो आख्यानरहित कोषकाव्यात्मक

ढाँचाका देखा पर्छन् भने केही (उदा. तर्पण , यशस्वी शव आदि) मा चाहिँ सूक्ष्माख्यानको आभास पाइन्छ । यस धाराका परम्परामा लघुकाव्यात्मक आयाम (उदा. बुद्धिविनोद) र मानक आयाम (उदा.आगो र पानी)का खण्डकाव्यहरू रचिएका छन् (अवस्थी, २०६४:८३) ।

परिष्कारवादी सौन्दर्यपूर्ण खण्डकाव्यकलाका दृष्टिले हेर्दा लेखनाथ पौड्याल, महानन्द सापकोटा, माधवप्रसाद  देवकोटा, बालकृष्ण सम र भरतराज पन्त नै यस धाराका खास उत्कृष्ट र प्रतिनिधि खण्डकाव्यस्रष्टाका रूपमा दरिन्छन् (अवस्थी, २०६४ : ८४) ।

मित्रप्रसाद दाहालको 'प्रमद्वरा' (२०५७) खण्डकाव्य पनि परिष्कारवादका खण्डकाव्यात्मक मान्यताअनुरूप रहेकाले उनको यो खण्डकाव्यले नेपाली साहित्यको खण्डकाव्य परम्परालाई विकास गरेको छ । त्यसैले 'प्रमद्वरा' खण्डकाव्यलाई परिष्कारवादी खण्डकाव्यको श्रेणीमा राख्न उचित ठहर्छ ।

### ३.७.२.२ स्वच्छन्दतावादी धारा

नेपाली कविताका परम्परामा १९९१ सालमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका फुटकर कविताहरूका प्रकाशनमार्फत स्वच्छन्दतादी धाराको प्रवर्तन भएको हो भने १९९२ सालमा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित-प्रकाशित मुनामदन खण्डकाव्यबाट नेपाली खण्डकाव्य-परम्परामा पनि उक्त धाराको प्रवर्तन भयो । नेपाली कवितामा यस धाराको मुख्यता कायम रहेको समयावधि १९९१-२०१६ सालका बीचको पच्चीसबर्षे युग हो भने त्यस यता पनि यस धाराको प्रयोग गरी रचिएका खण्डकाव्यहरू प्रकाशनमा आउने क्रम निरन्तरित नै रहेको छ । यस धाराको प्रवर्तन गरी समृद्धिपूर्ण युगको नै निर्माण गर्ने केन्द्रिय स्रष्टा लक्ष्मीप्रसाद देवकोटा हुन । उनले आफ्नो प्रथम खण्डकाव्य मुनामदनमा स्वच्छन्दतावादी आख्यानात्मक गाथाकाव्यढाँचाको प्रयोग गर्ने नवप्रवृत्ति देखाउनका साथै लोकप्रसिद्ध विषयवस्तुमा मौलिक कल्पनाको मिश्रण गर्ने र त्यसलाई लोकलयमा बाँधी व्यक्त गर्ने मार्मिक आख्यानकला तथा सशक्त कवित्वको बीचमा सामन्जस्य कायम गर्ने प्रभावकारी कौशल पनि स्थापित गरे । उनले यस धाराको मौलिकीकृत र नेपालीकृत प्रयोग गर्दै पछि निकै खण्डकाव्यहरू रचे र तीमध्ये यस धाराका मुख्य समयावधिमा उनका यी खण्डकाव्यहरू प्रकाशनमा पनि आए : राजकुमार प्रभाकर, कुञ्जिनी, पहाडी पुकार (लघुतर खण्डकाव्य/लामो कविता), नाला, आँसु (लघुखण्डकाव्य), वसन्ती-२ (२००९), रावणजटायुयुद्ध र म्हेन्दु । उनका  यी खण्डकाव्यका साथै पछि प्रकाशित लूनी, सीताहरण, सृजामाता, मैना, मायाविनी सर्सी, भञ्जावर्णन आदि खण्डकाव्यबाट नेपाली खण्डकाव्यको

यो स्वच्छन्दतावादी धारा निकै प्राप्तिपूर्ण बन्यो । यस धारामा निकै उत्कृष्टता देखाउने अन्य उल्लेखनीय कलाकारहरू हुन् : सिद्धिचरण श्रेष्ठ (उर्वशी, ज्यानमारा शैल, मङ्गलमान, भीमसेन थापा आदि), भवदेव पन्त (वनबाला, वीर अभिमन्यु), केदारमान व्यथित -मेरो पृथ्वी, मेरी प्रेयसी प्रजातान्त्रिक स्वतन्त्रता आदि), माधवप्रसाद घिमिरे (गौरी, राजेश्वरी, पापिनी आमा, राष्ट्रनिर्माता, धर्तीमाता आदि), अमरसिंह गिरी (आँसु, युद्ध र योद्धा), धर्मराज थापा (रत्नजुनेली, मङ्गली कुसुम आदि), कञ्चन पुडासैनी (प्रेमको चिठी), प्रेमिका, आखिर, प्रत्यावर्तन आदि), शिवकुमार राई (डाँफे), वसन्तकुमार शर्मा नेपाल (विधवा विवाह), रत्नदेव शर्मा (नौली), लक्ष्मण लोहनी (थानसिने कान्छी, टुहुरो आदि), मानवज्र बज्राचार्य (आँसुभित्र म, वसन्तश्रवण), चूडामणी बन्धु (वनवासिनी), मदनमोहन मिश्र (सिताहरण, रामराजा), मोदनाथ प्रश्रित (आमाको आँसु, बुबा खै) आदि । यी कविहरूमध्ये धेरैजसो स्वच्छन्दतावादी काव्यधाराका मुख्य कालखण्डमा देखा परी पछि पनि सृजनारत रहेका छन् भने केही कविहरू उक्त धाराका निकट उत्तर-कालमा देखा परेका हुन् । यीदेखी बाहेक स्वच्छन्दतावादी काव्यधाराका मुख्य कालखण्डमा सृजनात्मक क्रियाशीलता देखाउने अरू निकै प्रतिभाहरू रहेको कुरा पनि स्मरणीय नै छ (अवस्थी, २०६४ : ८४-८५) ।

#### ३.७.२.३ प्रयोगवादी धारा

नेपाली कविताका विकास-प्रक्रियामा प्रयोगवादी धाराको मुख्यता रहेको कालखण्ड वि.स. २०१७ -२९ हो भने यसै बिचमा नेपाली खण्डकाव्य-परम्परामा पनि पश्चिमी प्रयोगवादी लामा कविताको सिर्जनात्मक नवप्रवर्तन र प्रतिष्ठापन भएको हो । नेपाली कविताका समस्टि परम्परामा प्रयोगवादी धाराको प्रवर्तन २०१७ सालतिर कवि मोहन कोइरालाले गरेको भएपनि त्यसै धाराका लामा कविताको सिर्जनात्मक प्रवर्तनमा भने जगदीशशमशेर राणा र मदन रेग्मीको अग्रणी भूमिका छ । यी दुवै कवि (राणा र रेग्मी) ले रचेका र २०२१ सालमा प्रकाशनमा आएका क्रमशः कान्छी शहर जान्छे (रूपरेखा) र आजाजुजे, पहाड र घाउको आँखा (मुकुट) जस्ता लाम कविताले नै नेपाली खण्डकाव्यको पश्चिमी लामोकविताधर्मी प्रयोगवादी धाराको नवप्रवर्तन गरेका हुन् । त्यसपछि यस धारामा मोहन कोइरालाले निकै गुणवत्तायुक्त लामा कविताहरू प्रस्तुत गरे र यस धाराका लामा कविताको परम्परालाई प्राप्तिपूर्ण एवम् प्रतिष्ठित तुल्याए (अवस्थी, २०६४ : ८६) ।

उनले यस धाराका मुख्य कालखण्डमा र उत्तरवर्ती समयमा पनि रची प्रकाशनमा ल्याएका लामा कविताहरू हुन् : सुर्यदान, लेक,पलङ नं २१, नुन शिखरहरू, नदी किनारका

माझी (छवटा लामाकविताहरूको सङ्ग्रह), ऋतुनिमन्त्रण र गरलपान (दुईवटा लामा कविताको सङ्ग्रह), नीलो मह (लघुमहाकाव्यात्मक लामो कविता), एउटा पपलरको पात ( तीनवटा लामो कविताको सङ्ग्रह), चो-को पर्वत-२, सिमसारका राजदूत आदि । प्रयोगवादी धाराका मुख्य समयावधिमा देखिई उत्तरवर्ती समयमा पनि सिर्जनशील रहेका र २0३0 साल यताको नेपाली कविता-परम्परामा देखिई लामो कविताको परम्परालाई पर्याप्त निजत्वका साथ हुर्काउने उल्लेखनीय अरू कवि हुन् : ईश्वरवल्लभ (मेरी आमाले आत्महत्या गरेको देश, एउटा शहरको किनारामा, अग्निद्वीप, अग्नि म महिमा गर्छु आदि), गुमानसिंह चामिलिङ (कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको), रत्नशमशेर थापा -क्षितिजको भुत्ला आज बोकाको सपनामा), असीत राई (अक्टोपस), कणाद महर्षि (पग्लिएका लाभा), जनार्दन जोशी (हस्पिटलको कैदी क्याबिन नं १ मा, गुम्सिएको रातभित्र पुरिएको अस्थिपञ्जर, आवाजको खोजी), वानीरा गिरी (मेरो आविष्कार), तोया गुरुङ्ग (तोया गुरुङ्गका लामाकविता : चारवटा लामा कविताको सङ्ग्रह), युद्धवीर राणा (चिहान नपाएका तक्माहरू), सरूभक्त (बोक्सीको आह्वान र घोषणापत्र), शैलेन्द्र साकार (नाङ्गो तार, आयुषाको देशमा), रमेश श्रेष्ठ (घाँस उखेलिरहेको केटी, रोदी रोएको देशमा), टङ्क उप्रेती (गजुर पग्लिएर, निगुराको खरानी), सङ्गीत आयाम (चक्रव्यूह र युद्ध पीडाहरू: लामो कविताको सङ्ग्रह) आदि यि सबै कृतिहरू आधुनिक नेपाली खण्डकाव्यको प्रयोगवादी धाराको निरन्तरताका कडी हुन् (अवस्थी, २0६४:८६-८७) ।

### ३.७.२.४ प्रगतिशील तथा प्रगतिवादी धारा

नेपालका सन्दर्भमा २00६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएपछि मात्र प्रतिवद्ध प्रगतिवादी साहित्यिक लेखन थालीएको भएपनि २00५ सालमा जन प्रकाशानालय, रक्सौलबाट प्रकाशित र लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित पाहाडी पुकार (लामो कविता/लघुतर खण्डकाव्य) त्यति बेला नेपाली साम्यवादी आन्दोलनमा सक्रिय कार्यकर्ताहरूका निम्ती 'रेडबुक' (रातो पुस्तक) सरहनै रहेको कुरा विभिन्न स्रोतहरूबाट जानकारी आएको छ (जोशी, २0४८) र यसले नेपाली साम्यवादी पार्टी सङ्गठित हुनुभन्दा अघावै नेपाली साहित्यमा प्रगतिवादमूलक प्रगतिशील सञ्चेतना सगबगाएको कुराको पुष्टि पनि गर्छ (अवस्थी, २0६४ : ८८) ।

नेपाली खण्डकाव्यका परम्परामा लक्ष्मीप्रसाद देवकोटा (उदा.पहाडी पुकार, झञ्जावर्णन, मायाविनी सर्सी), बालकृष्ण सम (उदां आगो र पानी), वसन्तकुमार शर्मा

नेपाल (उदा. विधवा विवाह) जस्ता प्रतिभाले प्रगतिवादी रूपान्तरणकामी उन्मेष लिए भन्ने पनि माक्सवादी विचार र दलप्रति प्रतिवद्ध लेखक गोविन्द भट्टले २०२४ सालमा सार्वजनिक प्रकाशनमा ल्याएको शान्तिसन्देश खण्डकाव्यबाट नेपाली खण्डकाव्यका विकासप्रक्रियामा प्रगतिवादी धाराको प्रवर्तन भयो । यसपछि साम्यवादी विचार र राजनैतिक दलगत प्रतिबद्धतासहित २०२७ सालमा युद्धप्रसाद मिश्रले रची प्रकाशनमा ल्याएको मुक्ति रामायण अरण्यकाण्ड खण्डकाव्यबाट नेपाली प्रगतिवादी खण्डकाव्य-धारा अगाडी बढ्यो । नेपाली खण्डकाव्यको प्रगतिवादी धारालाई अगाडी बढाउने अरू उल्लेखनीय प्रतिभा हुन् : जनकप्रसाद हुमागाइँ (गोरे घर्तीको सवाई) रामचन्द्र भट्टराई (बोई), विक्रम सुब्बा (शान्तिको खोजमा),गोविन्द भण्डारी (फिलिङ्गो), नेत्रलाल अभागी (नर्कको कथा), मोहनविक्रम सिंह ( झिम्रुक नदी र चिबे चराको कथा, आदिम विद्रोह), ऋषिराम न्यौपाने (अमर शुक्र, मुत्तिका मुटु, विजयका बाँसुरी) आदि हुन् (अवस्थी, २०६४ : ८९) ।

### ३.७.२.५ उत्तरप्रयोगवादी/उत्तरआधुनिकतावादी धारा

२०३० साल नेपाली कविताको विविध धारागत प्रवृत्तिका साथै कतिपय नविन सञ्चेतनाबाट समन्वित बनेको युगलाई उत्तरप्रयोगवादी धाराको युगका रूपमा लिने गरिन्छ । यो धारा एकातर्फ पूर्ववर्ती परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा र प्रगतिवादी धाराका प्रवृत्तिगत अन्तमिश्रणबाट परिपोषित देखिन्छ भने अर्कातिर नवयथार्थवादी-प्रगतिवादी धाराका प्रवाहबाट र कतिपय उत्तरआधुनिक सञ्चेतनाबाट पनि अनुप्राणित बनेको देखिन्छ (अवस्थी, २०६४ : ९०) ।

यसै धाराका कालखण्डमा अशेष मल्ल, गगन विरही, दिनेश अधिकरी र विष्णुविभु घिमिरेले एउटा बस्तीको कथा शीर्षकको लामोकवितामा सामुहिक लेखनको नवप्रवृत्ति देखाए । यसै धाराका कालखण्डमा केहि उत्तरआधुनिक नारी सञ्चेतनालाई व्यक्त गर्ने खण्डकाव्य पनि रचिएका छन् र तिनको उदाहरणका रूपमा सीता खरेलद्वारा रचित स्मृतिका छाल र हरिकला अधिकारीद्वारा रचित अन्तरर्द्वन्द्व, चित्रविचित्र, जिन्दगी बुझ्नलाई आदि कृतिहरू लिन सकिन्छ । पूर्वचर्चित प्रयोगवादी धाराका कविहरूमध्ये मोहन कोइराला, तोया गुरूङ, शैलेन्द्र साकार, रमेश श्रेष्ठ, इन्दिरा प्रसाइँ, टङ्क उप्रेती, सङ्गीत आयाम, विप्लव ढकाल, कुसु छेत्री, मनोज न्यौपाने र चेतनाथ धमलाको विलयन काव्यले पनि यस उत्तरप्रयोगवादी धारा कतिपय उत्तरआधुनिक नवीन प्रयोगसहित गहकिलो योगदान पुऱ्याएका छन् (अवस्थी, २०६४ : ९१-९२) ।

*

# चौथो परिच्छेद

# मित्रप्रसाद दाहालको प्रमद्वरा खण्डकाव्यको तत्वगत आधारमा अध्ययन

## ४. प्रमद्वरा खण्डकाव्यको विश्लेषण

### ४.१ लेखनगत सन्दर्भ

प्रमद्वारा खण्डकाव्य अन्नपूर्ण अफसेट प्रिन्टर्स कमलाक्षी काठमाण्डौंबाट पहिलो पटक वि.स. २०५६ सालमा प्रकाशित खण्डकाव्य हो । आकार प्रकारका दृष्टिले यस खण्डकाव्यमा १०६ पृष्ठ छन् । यस खण्डकाव्यको आवरण पृष्ठको सुरूमा आकासे (निलो) रङ्गमा ठूला अक्षरमा 'प्रमद्वरा' लेखिएको छ भने त्यहीबाट ठिक मुनि खण्डकाव्य लेखिएको छ । आवरण पृष्ठको आधा भागमा तीन वटा लामा छोटा धर्काहरूमा कोरीएको छ । ती धर्काहरूमा पहिलो धर्का तीन वटा पूर्णविराम आकारका छन् भने दोस्रो धर्का पाँच वटा पूर्णविराम आकारका छन् । त्यस्तै तेस्रो धर्का पनि तीन वटा पूर्णविराम आकारमै रहेको छ । अन्त्यमा रचयिता मित्रप्रसाद दाहाल सुरूङ्गा ५ झापा भनी निलो मसीमा लेखिएको छ । यी सम्पूर्ण कुराहरूलाई गाढा निलो मसिले घेराभित्र पारिएको छ । पृष्ठको सुरूमा आवरण पृष्ठ नै हुबहु सादा रूपमा प्रस्तुत गरिएको छ । तेस्रो पृष्ठको बाँया भागमा क्रमश नम्बर दिएर रचयिताको नाम, प्रकाशक, पहिलो संस्करण, सर्वाधिकार, कम्प्युटर सेटिङ्ग, मुद्रण मूल्य आदि उल्लेख गरिएको छ । चौथो पृष्ठदेखि सातौं पृष्ठसम्म 'सम्मतिका केही शब्दहरू' शीर्षकमा दैवज्ञराज न्यौपानेले प्रमद्वरा खण्डकाव्यको कथावस्तु, छन्दयोजना, भावप्रवाह, अलङ्कार योजना, र भाषाशैलीको चर्चा गरेका छन् । आठौं पृष्ठ खाली रहेको छ । नवौं पृष्ठमा झापाका तत्कालीन प्रमुख जिल्ला अधिकारी लक्ष्मण खनालले आत्मनन्दनको लागि आध्यात्मिक चिन्तनको नवीन खोजतर्फ आजको विश्व लागिपरेको वेला पौराणिक आख्यानलाई लिएर देखा परेको यस काव्यले त्यसको परिपूर्ति गर्न सकोस भन्ने सुभेच्छा प्रकट गरेका छन् । एघारौं पृष्ठमा श्री भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक केशवप्रसाद रिजालले विषय 'शुभकामना' शीर्षकमा कविजीको लेखनी निरन्तर अथक रूपमा चम्किरहोस् भन्ने शुभकामना व्यक्त गरेका छन् । तेह्रौं पृष्ठमा कविले कृतज्ञता ज्ञापन गरेका छन् । चौधौं पृष्ठ खाली छोडिएकको छ भने पन्धौं पृष्ठमा कविले आफ्नो भनाई प्रस्तुत गरेका छन् ।

त्यसपछि सत्रौं पृष्ठमा कविले प्रस्तुत प्रमद्वरा खण्डकाव्य आफ्नी धर्मपत्नी 'तारा'मा अर्पण गर्दै दुई श्लोकमा व्यक्त गरेका छन् । अठारौं पृष्ठमा कविले कुनैपनि धार्मिक कार्य गर्नु पूर्व गणेश भगवानको आराधना गर्नुपर्ने मान्यतालाई अनुशरण गर्दै श्री गणेशाय नम : भनी 'मङ्गला-चरण' शीर्षकमा दुई श्लोक श्री गणेश आराधना गाएका छन् । उन्नाइसौं र बिसौं पृष्ठमा कविले 'प्रस्तावना' शीर्षकमा सम्पूर्ण अग्रज तथा भगवानको शरणमा परेर आफूले उक्त साहित्य सिर्जना गर्न लागेको कुरा ८ श्लोकमा बसन्त तिलका छन्दमा प्रस्तुत गरेका छन् । जस्तै :

प्राचीन दिव्यमय भारतभारतीको
श्रीव्यासका सुमन कोमल भावनाको ।
पूर्वीय संस्कृति सुभास सुसाधनाको ॥
आलोक लोकभर बोकि परम्पराको ॥(१)

पृष्ठ १ बाट श्री गणेशाय नमः श्री सरस्वत्यै नम प्रमद्वरा खण्डकाव्य प्रथम सर्ग सार्दूलविकीडित छन्दमा भनी खण्डकाव्य सुरूवात गरिएको छ । प्रस्तुत खण्डकाव्य क्रमशः १०५ पृष्ठसम्म छैटौं सर्गमा विभाजित छ । पृष्ठ १०६ देखि १०७ सम्म कविले आफ्नो परिचय ११ श्लोकमा व्यक्त गरेका छन् । प्रथम सर्गदेखि छैटौँ सर्गसम्म १३ वटा छन्दहरू प्रयोग गरिएको छ । छन्द लेखेर त्यसको सीधा मुनि कतै एउटा धर्का त कतै दुईवटा मसिना धर्का तानिएको छ र अन्त्यमा कोष्ठभित्र लेखिएको छ । यसरी बिस्तार गरिएको प्रस्तुत खण्डकाव्यको अन्तिम पृष्ठको बाँया भागमा कृतिकारको परिचय प्रकाशित तथा प्रकाशोन्मुख कृतिहरू आदि राखिएका छन् प्रस्तुत पुस्तकको मूल्य रू ५० संकेत गरिएको छ ।

प्रस्तुत प्रमद्वारा खण्डकाव्यलाई निम्नलिखीत तत्वगत आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

## ४.२ शीर्षक

प्रस्तुत काव्यको शीर्षक शब्दकोशीय दृष्टिले एक शब्दको छ । प्रत्येक कृतिको आ-आफ्नो शीर्षक हुन्छ । त्यही शीर्षकले सो कृतिलाई चिनाउँछ । कविले यस काव्यको शीर्षक काव्यकी प्रमुख चरित्र वा नायिकाबाट राखेका छन् । 'प्रमद्वरा' एक पौराणिक नारीको नाम

हो त्यसैले प्रस्तुत काव्य नारीप्रधान रहेको छ भन्ने कुरा शीर्षकबाट नै प्रष्ट हुन्छ । पुराणका महत्वपूर्ण आख्यानहरु मध्ये विश्वमित्र मेनका पुत्री शकुन्तलाका बारेमा लेखिएका शकुन्तलोपाख्यान शीर्षक राखेर अन्य कविहरूले काव्य रचना गरेको तर तिनै मेनका र विश्वावसु पुत्री प्रमद्वराका बारेमा लेखिएको प्रमद्वरोपाख्यान महत्वपूर्ण भएर पनि ओझेलमा परेको देखेर कवि मित्रप्रसाद दहालले 'प्रमद्वरा' शीर्षक राखेर खण्डकाव्य लेखेका छन् । पौराणिक ग्रन्थहरुमा पनि प्रमद्वराको बारेमा त्यति धेरै मात्रामा उल्लेख नगरिएको कारणले 'प्रमद्वरा' शीर्षक सुन्ने वित्तिकै पाठकको मनमा यो काव्य कस्तो र कसका बारेमा लेखिएको हो भन्ने कौतुहलता सिर्जना हुने किसिमको देखिन्छ । त्यसैले उक्त कृति पुरै पढ्नलाई प्रेरित समेत गरेको देखिन्छ ।

## ४.३ कथाबस्तु

यस खण्डकाव्यको प्रथम सर्गमा श्री भृगुऋषिका पुत्र च्यवनजीको प्रसङ्गसगै सुरूवात सँगै भएको छ । कुनै एक समय च्यवनजी तपस्या गर्न भनी बसेका थिए । तपस्या गर्दा धेरै काल बितेका कारण उनको शरीरभरी धमिराले छोपेको थियो । त्यसै राज्यमा एक सर्याती भन्ने राजा थिए । उनकी एक छोरी सुकन्या थिइन् । राजा एकदिन सिकार खेल्न भनि आफ्ना सेनाका साथमा च्यवनजी तपस्या गरेको वनमा पुग्छन् । राजाकी छोरी सुकन्या पनि जिद्धी गरेर पितासंगै आएकी हुन्छीन् । उनी वनमा खेल्ने क्रममा च्यवनजी तपस्या गरेको स्थलमा पुग्छीन् । माटोको ढिकुरो बिचमा आँखा टल्कीरहेको देखी के होला भनि जिज्ञासा उत्पन्न हुन्छ । सिन्का टिपेर टल्कीरहेको आँखामा घोच्न पुग्छीन् । च्यवनजीका आँखाबाट रगत बग्न थाल्दछ । त्यो देखी सुकन्या डराइ आफ्ना पिता भएका ठाउँमा गइ सबै बृत्तान्त सुनाउछिन् । त्यसैबखत राजासँग आएका सम्पुर्ण सेनाहरूको स्वास र मलमुत्र रोकीइ हाहाकार हुन्छ । सर्याती राजा डराउदै आफ्नी छोरी सुकन्यालाई लिई च्यवनजी तपस्यारत स्थल पहिल्याइ पुग्छन् र उनका चरणमा परी आफ्नी छोरीले अज्ञानताबस गरेको गल्तीको माफी माग्छन् तर च्यवनजी रिसाई तिम्री छोरी देउ यहीँ बसी मेरो सेवा जीवनभर गर्नेछीन् भनेपछि राजा अत्यन्त दुखीत भइ बलिन्द्र आँसु झार्न पुग्छन् । यो देखी सुकन्याले आफ्ना पितालाई ढाडस दिदै भन्छिन्,

कन्यादान दिएर सुम्पनु हवस् जानेछ संकट टरी,
मेरो भाग्य यही रहेछ ऋषिको बस्नेछु सेवा गरी ।

प्रायश्चित यही हुनेछ अघि जो  पापै गरे भुलमा,

सेवा गर्छु यिनै ऋषिश्वरजीको छोडेर जानोस् यहाँ ॥( १० : ३)

छोरीका यस्ता वचन सुनी राजा गह्रौं मन लिएर राज्यमा फर्कन्छन् । यता सुकन्या अन्धा च्यवनको सेवा गरेर जङ्गलमा बस्छिन् । जीवनमा कहिलै दुःख नभोगेकी सुकुमारी सुकन्या जङ्गलमा दुःख कष्टका साथ अन्धा पतिको हेरचाह गरी मनमनै अश्विनीकुमारको तपस्या अनि पुकारा गर्दथिन । यो देखी अश्विनीकुमार प्रसन्न भएर आफुलाई यज्ञको भाग दिलाउनुपर्ने कबोल गरी च्यवनजीलाई आँखा र यौवनता प्रदान गर्दछन् । यो देखी सुकन्या र च्यवनजी धेरै खुसी हुन्छन् । विगतका दिनहरूमा जति दुःख कष्ट भए तापनि सुकन्याले बिर्सिएर दाम्पत्य सुखमा विलास गरेर बसेको प्रसङ्ग रहेको छ । यसरी समय बित्दै जाने क्रममा सर्याती राजाले आफ्नी छोरी सुकन्यालाई संझिएर भेट्न भनी छोरी ज्वाइँका आश्रममा आउँछन् । त्यस आश्रममा आउदा छोरी जवान युवकसँग मस्त भएर हाँसिरहेको देखी क्रोधित हुँदै छोरीलाई गाली गर्छन् । आफुले  अन्धा च्यवनलाई सुम्पेर गएको थिएँ, तँ कुन नवयुवकसँग बसिरहेकीछस् भन्दछन् । यो सुनी सुकन्या नम्र भएर पितासँग बिगतका सबै बृत्तान्त सुनाउछिन् । त्यो सुनी राजापनि खुसी भएर छोरी ज्वाइँ साथमा लिएर आफ्नो राज्यतर्फ फर्कन्छन् । त्यसपछि च्यवनऋषिले ठुलो यज्ञ गरी अश्विनीकुमारलाई डाक्दछन् । सो यज्ञ विफल पार्न स्वर्गका राजा इन्द्रले बाधा गर्छन्, तर च्यवनले आफ्नो मन्त्रको शक्तिद्वारा इन्द्रलाई बसमा पार्दछन् । अन्त्यमा इन्द्रलेनै च्यवन ऋषि समक्ष क्षमा मागी अश्विनीकुमारलाई यज्ञको भाग दिनुहोस भनि स्वर्गतर्फ लाग्दछन् । यता अश्विनीकुमारले पनि आफ्नो भाग प्राप्त गरी खुसी भइ जान्छन् । त्यसपछि सर्याती राजाले आफ्ना छोरी ज्वाइँ (सुकन्या र च्यवनलाई) विभिन्न धन  ऐश्वर्य तथा दक्षिणा प्रदान गरी बिदा गर्दछन् । सुकन्या र च्यवन ऋषि आफ्नो आश्रम फर्केपछि रसिलो दाम्पत्य सुखमा मस्त भएर बस्दछन् । यस्तै क्रममा सुकन्या गर्भवती हुन्छीन् । नौ महिना पूर्ण भएपछि बालकको जन्म हुन्छ । न्वारान गरी प्रमति नाम जुराइन्छ । क्रमैसँग अन्न प्रासन, क्षौर कर्म आदि गराएको प्रसङ्ग सँगै प्रथम सर्गको समाप्त भएको छ ।

द्वितीय सर्गमा च्यवन सुकन्या पुत्र प्रमति शुक्लका चन्द्र जस्तै राम्रा पढ्न र बढ्न सँगसँगै ब्यस्त बनेको, उपनयन विधि बेदका सारतत्व, शास्त्र, कर्मकाण्ड एवम् व्याकरण आदि सिक्न थालेका छन् । यसै क्रममा प्रमति हुर्कदै किशोर अवस्थामा प्रवेश गरेको प्रसङ्ग रहेको छ । वसन्ततिलका छन्दमा प्रमतिको यौवन अवस्थाको वर्णन खुलेर गरिएको छ ।

उनको शरीर, निधार, कपाल, छाती, पेट, काँध, पिँडुला, आँखा, ओठ, दाँत, मुस्कान आदिको प्रशंसा गरिएको छ । उनी अत्यन्त सुन्दर युक्त रहेका र युवतीहरुले पनि हेर्ने गरेको प्रसङ्ग आदि रहेको छ ।

प्रकृतिप्रेमी प्रमति एकदिन प्रकृतिको अवलोकन गर्दै वनजंगल निहार्दै जान्छन् । यतिकैमा बाटो भुलेर धना वनबाट बाहिर निस्कन सक्दैनन् । झन झन प्रकृतिप्रति मुग्ध बन्दै खुसी हुँदै भित्र प्रवेश गर्दै जान्छन् । त्यतिकैमा कतै छनन्न पाउजू बजेको सुनि यता उता हेर्दै अलि पर एक अत्यन्तै सुन्दरी युवतिलाई देखेर एक टक भएर हेरिरहन्छन् । शालिनी छन्दमा ति युवतिका अङ्ग प्रत्यङ्गको वर्णन कविले खुलेर यसरी गरेका छन् ।

लामा आँखा छन् कुरङ्गी समान,
राता गाला फुलझैं देखदामा ।
लामो चुल्ठो नागिनी झैं झुलेको ॥
कालो चिल्लो केशले झन् खुलेको ॥(२८:१५)

आँखीभौं छन् क्या धनुष्कै समान,
तेर्सा आँखा वाण झैं गर्छै काम ।
कान्मा कुण्डल् हल्लने धुम धाम ॥
धेरै राम्रो कण्ठ शंखै समान ॥(२९:१५)

अग्ला साह्रा फूलझैं फकिएका ,
गोला स्तन्ले वक्षमा झल्किएका ।
कम्मर सानो बारूलाको समान ॥
गर्छन् क्रीडा झन् नितम्भै तमाम ॥(३०:१५)

गोरो वर्णै धेर बान्की परेको,
झन तेस्मा लौ बैंस भर्खर् चढेको ।
कम्मर् भाँची नाचदा झन् मजाले ॥
क्या राम्री छन् नर्तकी मस्किनाले ॥(३१:१५)

त्यसपछि प्रमतिसँग ती युवतीको चिनजान हुन्छ । उसको नाम धृताचि रहेको, आफु स्वर्गकी अप्सरा समेत भएको, बन पर्वत दृष्य अवलोकन गर्दा यस ठाउँमा आइपुगेको कुरा बताउँछिन् । यस्तै प्रसङ्गमा प्रमतिले ती धृताचिलाई यस्तो घोर जंगलमा एक्लै नहिड्न र आफुलाई साथी बनाउन आग्रह गर्छन् । क्रमैसँग उनीहरु बीच आकर्षण बढ्न जान्छ र एक अर्काले वनमै गन्धर्भ विवाह गर्छन् । धेरै कालसम्म अन्धो बैंसमा प्रमत्त भएर वनमै बस्दछन्, त्यतिकैमा धृताचि गर्भिणी भएको थाहा भएपछि प्रमतिले पत्नि धृताचिलाई लिएर आफ्ना मातापिताका आश्रममा फर्कन्छन् । नयाँ बुहारी देखेर च्यवन र सुकन्या पनि खुसी हुन्छन् । सुकन्या आफ्नी बुहारी धृताचिलाई राम्ररी स्याहार सुसार गर्छिन । त्यस्तैमा नवौं महिना पुरा भएपछि धृताचिबाट पुत्रको जन्म हुन्छ । एघारौं दिनमा रुरु नाम जुराइन्छ । यता धृताचिमा अन्योलता छाउँछ । आमा बनेपछि छोरा स्याहारी गृहस्थी जीवन बिताउन नसक्ने निष्कर्षमा पुगी निजी स्वार्थमा पति प्रमति र पुत्र रुरुलाई छोडी स्वर्गतर्फ भाग्दछिन् । आफ्नी ममतामयी प्रणयिनी पत्नी धृताचीले छोडेर गएपछि प्रमति ज्यादै नै विरहमा पर्दछन् । पागल झैं भई वन जङ्गल पशु पंक्षीलाई आफ्नी पत्नी कतै देख्यौकी भनि सोध्दै हिँड्छन् । त्यस्तो हालतदेखी ऋषिवृन्दले सम्झाउन थाल्दछन् । संसार यस्तै छ, संयोग सँगै वियोग पनि आउँछ । आत्मबल नै संसारमा ठुलो छ । यौवन पनि क्षणिक छ, सँधै टिक्न सक्दैन । त्यसैले छोराको मुख हेरेर शान्त बन । यो नै धृताचिको नासो हो भनी सम्झाएपछि प्रमतिले आफ्नो मन बुझाउँछन् । यता दिन दिनै शशिका कान्ति झैं उज्याला भई बढ्न थाल्दछन् । पास्नी, क्षौर कर्म, उपनयन आदि गर्दै बेद पढ्न थाल्दछन् । बिस्तारै यौवन अवस्थामा प्रवेश गर्न थाल्दछन् । क्रमश रुरु तरूण अवस्थामा प्रवेश गरेपछि पिता प्रमति पनि खुसी र ढुक्क हुन्छन् । त्यसपछि कविले अब अर्को प्रसङ्गमा कथा लम्किने कुरा जाहेर गर्दै दोस्रो सर्ग समाप्त गरेका छन् ।

तृतीय सर्गमा कविले कथालाई अर्को मोडतर्फ मोडेका छन् । पञ्चचामर र शिखरिणी छन्दमा पृथ्वी वर्णन एवम प्रकृति चित्रण गरेको प्रङ्गग रहेको छ भने वंशस्थ छन्दमा स्वर्गकी परी मेनका अप्सराको वर्णन गरिएको छ । उनी नृत्यमा मसक्क मस्किएर कम्मर लच्काउँदा झनन्न पाउजू चाल्दा, उनको चुल्ठो तथा दुवै स्तन रमाइ नाचेको प्रसङ्ग कविले तृतीय सर्गको पच्चिसौं र छब्बिसौं श्लोकमा यसरी वर्णन गरेका छन् ।

बनै सबै घन्कि घनन्न भैदिँदा,

चरा चुरूङ्गी मृग शावकै अहा ।

सबै लता गुल्म र वृक्षले पनि ॥
शिरै झुकाए नतमस्तकै बनि ॥(२५:२९)

मसक्क भई कम्मर भाँचि लच्कँदा,
झनन्न झन् झन् गरि पाउ चालदा ।
नितम्ब चुल्ठो ति जुवारि खेलदै ॥
रमाइ नाचे स्तन बक्षमा खुबै ॥(२६:२९)

एक साँझ गर्मी ज्यादै बढेका कारण बेलुका मेनका नुहाउन भनि हल्का मात्र वस्त्र लगाई खोलामा नुहाउन जान्छिन् । तनमन लगाएर नुहाइरहेका बखत गन्धर्भराज विस्वावसु पनि घुम्दै फिर्दै त्यहीँ मेनका भएको स्थानमा आइपुग्छन् । अनायासै उनको दृष्टि स्नान गरिरहेकी अप्सरामा पर्छ । तस्बिर झैँ टोलाएर उनी मेनकालाई हेरिरहन्छन् । मेनकाको भिजेको जीउभरी सबै कपडा टाँसिएको देखि कामाशक्त हुन्छन् । त्यसपछि कविले द्रुतविलम्बित छन्दमा मेनकाको प्रत्येक अङ्ग अङ्गको खुलेरै प्रशंसा गर्न भ्याएका छन् । यता मनका र विश्वावसुको नेत्र जुधेपछि मेनकालाई लाज उत्पन्न भइ आङ जिरिङ्ग भएको, उता विश्वावसु पनि व्याकुल भइ अत्तालिँदै चुम्बकले लौहलाई तानेझैँ मेनकाको समिप तानिएर पुगी यसरी प्रश्न सोध्न थाल्छन् ।

को हौ बाले ! भन तिमी अहो हो कता जन्म गाउँ ?
आयौ याहाँ कसरि किन लौ शुन्य निर्जन् छ ठाउँ ।
देख्दा तिम्रो अपरूपरुपै दिव्य लावण्य युक्त ॥
थाम्नैलाई मन कठिन भो ढक्ढुकी बढ्छ भित्र ॥(५६:३५)

कस्की छोरी भनत सुमखे ! नाम आमा बुबाको ,
यस्तो बाक्लो सघनमा साथि छन् लौ यहाँ को ?
हिंस्रक् राक्षस् वनचर यहाँ धेर छन् बाघ भालु ।
नारी एक्ली असक अबला सम्झँदै तात्छ तालु ॥(५६:३५)

यसरी अर्धनग्न भएर नुहाएको देखी आफूलाई थाम्न कठीन भएको कुरा विश्वावसुले बताउँदै मेनकाको शारीरिक अंङ्ग प्रत्यङ्गको प्रशंसा गर्छन । यता आफ्नो पनि त्यही हाल

भएको भनि मेनकाले बताउँछिन् र दुवै एक ज्यान हुन पुग्छन् । सारा दुःख, सुख, शोक, भोक, प्यास सबै भुलेर काम क्रीडामा मग्न भइ रमाएर बस्छन् । यसरी धेरै काल थाहै नपाइकन बित्दछ । मेनका गर्भिणी हुन्छिन् । उनको जीउ भारी हुन्छ । त्यस्तै क्रममा दुवै एक आपसमा झर्कन थाल्छन् । नजिकै भएपनि मनको दुरी बढी टाढा भएको आभास हुन थाल्दछ । झन् झन् प्रेम घटेर दुवै बिराना हुन्छन् । गन्धर्भराज विश्वावसु भमरो जस्तो भएर फूलको रस हुन्जेल चुसेर बास्ना हराएपछि आफ्नो लोकतिर लाग्छन् । यता विचरी मेनका एक्ली हुन्छिन् । तिनीलाई डर त केही थिएन, धेरै पटक यस्ता समस्या भोगेकी थिइन तर गर्भिणी हुनाले चिन्ता लाग्यो । बच्चा जन्माएपछि रक्षा हुने सुयोग्य ठाउँ कहाँ होला भनेर, तर त्यो चिन्ता धेरै दिनसम्म गएन । उनले सुयोग्य ठाउँ स्थूलकेश ऋषिको आश्रम नजिकैको सफा स्थल रोज्छिन् । त्यसपछि माहिना पूर्ण भएपछि एउटी सुतनया जन्माइ सालनाल सँगै छोडेर मेनका स्वर्गतर्फ लागेको प्रसङ्गसँगै तेस्रो सर्गको समाप्ती गरिएको छ ।

चौथो सर्गमा स्थूलकेश ऋषि डुल्दै आश्रम छेउ पुग्दा सालनाल सहितकी बालिका रोहिरहेको देख्छन् । कुन निष्ठुरीले यहाँ छाडि गइछ या कहीँ लुकेकी पो छन् कि मलाई देखि लाजले भनि चारैतिर हेर्दछन् तर कतै पनि देख्दैनन् । त्यसपछि ती बालिकाप्रति अत्यन्त दया जागेर आउँछ । एक्लै छाडेर जान सक्दैनन् । कुन निष्ठुरी माताले कुमाता हुने आँट गरी भन्दै हेरी रहन्छन् । माया, ममता र स्नेह चटक्कै मारी काख रित्तो बनाएर कसरी हिँड्न सकेका हुन् ? जमाना पनि कस्तो आयो जता ततै अशान्ती दुराचार बढेको छ । आफ्नो मात्र स्वार्थ हेर्ने आफ्ना मात्र दुनो सोझ्याउने स्वार्थी समाजले गर्दा यस्तो विकृति सृजना भइरहेको छ । कसैले एक नयाँ विचार लिएर अगाडि गए समाज समुन्नत र शान्त हुने थियो भन्ने कुरा कल्पना गर्दै गहिराइमा स्थूलकेश ऋषि पुग्छन् । त्यस्तैमा ती बालिकाको रूवाइ सुनि झसङ्ग हुँदै बडो स्नेहले नानिलाई समाएर उठाउँदछन् । ती ऋषि निसन्तान थिए । उनलाई एक छोरी प्राप्त भयो । आश्रममा ल्याई सालनाल पखाली जात कर्म गर्न थाल्दछन् । त्यसपछि हर्षले धुमधाम ठूलो उत्सव गर्छन । जातकर्म सकेपछि नाम राख्न भनि ज्योतिष, ब्रम्हसाधक पुरोहितलाई बोलाई नाम कर्म गराउँदा "प्रमद्वरा" भनि जुराउँदछन् । बालिका प्रमद्वराका रुपलावण्यताको कविले यसरी वर्णन गरेका छन् ।

ज्यादै राम्री उज्याली थिन् फूल जस्तै सुकोमल ।
स्वर्ण चूर्ण सरी धप्प, बलेकी क्या मनोहर ॥(३८:४६)

रूप लावण्यकी खानी, उज्याली चन्द्रकै सरी ।

हेर्दै नै मोहनी लाग्ने, हुन् कि भ्कैं स्वर्गकी परी ॥३९:४६)

मृगशावकका जस्ता, आखाँ लाम्चा थिए ठूला ।

गाला गुलाफ फकेका, देखिन्छन् पुष्ट वान्किला ॥(४०:४७)

तिल फूल्का सरी नाक, निधार उच्च तेजिलो ।

ओठछन् सुन्तला केस्रा, सरिका दिव्य चम्किला ॥(४१:४७)

पाकम् पुकम् परेका ति, राता गिजा उगारदा ।

पूर्णचन्द्र सरी शोभा, बन्थ्यो त्यो आश्रमै अहा ॥(४२:४७)

बिस्तारै प्रमद्वरा हुर्कदै जान्छिन् । उनका साथीहरु मनोरमा, प्रवालिका र सुलोचनासँग हाँस खेल गर्दै अनेक खालका क्रीडा गर्दा गर्दै समय बित्दै जान्छ । स्थूलकेश ऋषि र उनकी पत्नि पनि चञ्चल छोरी देखेर हर्षले प्रफुल्ल भएको प्रसङ्ग रहेको छ । यसरी प्रमद्वरा बेद र व्यकरण सिक्न थालिन्, योग साधना लगायत चौरासी आसनमा अभ्यास गर्दथिन् । उनमा बुद्धि तथा बल आदिको कुनै कम्ति थिएन । यस्तै रित सँग स्थूलकेश ऋषिको ठूलो कृपाले सम्पूर्ण कुराहरुमा प्रमद्वारा लायक हुँदै गइन् । चाँडै नै ती किशोरी भइ दिव्य शरीरमा तरूणता झल्कन थाल्दछ । यसरी छोरी प्रमद्वरा ठुली भएपछि ऋषि र ऋषि पत्नीलाई चिन्ता हुन थाल्दछ । यस्तो स्नेहले लालन पालन गरी हुर्काएकी छोरी अब कस्लाई दिने ? यो विधिको कस्तो कुचाल हो आफ्नी छोरी अरूलाई दिनुपर्ने । पितृसत्तात्मक समाज भएका कारणले बरू अघिको मातृसत्ता नै ठीक थियो । त्यस समाजमा नारी स्वतन्त्रता थियो । स्थूलकेशऋषिले यस्तै यस्तै तर्क बितर्क गर्दा गर्दै समय बित्दै जान्छ । प्रमद्वरा आफ्ना माता पितालाई श्रद्धा र आदर गर्दथिन् । आमालाई घरधन्दाका सबै काम सगाउँथिन् भने बाबुलाई यज्ञका लागि चाहिने सामान ठिक पार्दथिन् । यसरी घर धन्दा, पढाई, सिप, गुण, वक्तृत्व तर्क, व्याकरण, पुराण, बेद आदि सम्पूर्ण कुराहरूमा योग्य सुपात्र थिइन् । स्थूलकेश ऋषिको पाठशाला ठूलो थियो । त्यस पाठशालामा टाढा टाढाबाट अध्ययन गर्न भनी विद्यार्थीहरू आउँथे । त्यसै क्रममा ज्ञान गुनको संङ्गत गर्न भनि घुम्दै एकदिन प्रमतिपुत्र रुरु स्थूलकेश ऋषिका आश्रममा आइपुग्छन् । केही काम विशेषले ऋषि अन्तै कहीँ गएका थिए र ऋषिको ठाउँमा प्रमद्वराले अध्यापन गराउँदै थिइन् । त्यसै क्रममा रुरुले प्रमद्वरालाई देखी

आश्चार्य चकित भइ तस्विर बनेर हेर्छन् । त्यस्ती दिव्य शरीर भएकी सुन्दरी त्यसमा पनि अन्यन्त विदुषी यी देवी हुन कि सुतनया हुन् भनि मनमनै सोचीरहेका बखत प्रमद्वरासँग आँखा जुध्न पुग्छ । दुवै एक अर्कालाई मन पराइसकेका हुन्छन् । त्यसै क्रममा रुरुले प्रमद्वरा समक्ष स्थूलकेश ऋषिसँग विद्या आर्जन गर्न आएको कुरा जाहेर गर्दछन् । प्रमद्वराले पनि पिता केही दिनका लागी बाहिर कुरा रुरुलाई बताउछिन् । त्यसपछि एक अर्कामा परिचय आदान प्रदान भई चिनारी हुन्छ । ऋषिपत्नी पनि रुरुलाई देखी अन्यन्त खुसी हुन्छिन् र सबैले रुरुलाई आत्मिय सत्कार गर्दछन् । यता प्रमद्वरा आफ्नो अगाडि अति दिव्य जवान र लायक केटा देखेर आँखा झिमिक्क नगरी हेर्थिन् । सखीहरुले सो कुरा चाल पाएर प्रमद्वरालाई जिस्काउन थाल्दछन् । वेदमाता पनि मनमनै रुरुलाई ज्वाँई बनाउन सके बेस हुनेथ्यो भन्ने सोच्दछिन । प्रमद्वरा रुरुलाई आफ्नो पति परमेश्वको रुपमा प्राप्त गर्न सकौं भनेर भगवानसँग प्रार्थना गर्न पुग्छिन् । उता रुरु पनि प्रमद्वरालाई पत्निका रुपमा पाउँ भनी भगवानसँग पुकारा गर्न थाल्दछन् । केही दिन पछि ऋषि स्थूलकेश पनि आफ्नो आश्रममा प्रवेश गर्दछन् । रुरुले प्रणाम गरी आफ्नो परिचय दिई आफू त्यहाँ आएको उद्देश्य बारे भन्दछन्  र ऋषि पनि अत्यन्त खुसी हुँदै हजुरले पाउ कष्ट गरी कुटि पवित्र गराउनु भयो भनि रुरुलाई भन्दछन् । आफुले जानेका कुरा सबै सिकाइदिने र हजुरमा भएका आफुले नजानेका कुरा सिक्ने ऋषि स्थूलकेशले रुरु समक्ष प्रकट गर्छन । रुरु पनि ऋषिको स्नेह पाएर खुसी हुँदै विभिन्न जिज्ञासाहरु प्रकट गर्दछन् । जगत जगदीश के हो ? आत्मा परात्मा कुन हो ? सतचीत के हो ? अज्ञान के छ ? अनि ज्ञान कसरी मिल्दछ ? आदि स्थूलकेश ऋषि पनि रुरुका अनेक प्रश्नको जवाफ दिँदै भन्छन् हे ब्रह्म ज्ञानी बटुक यो जगत झुट छ । एउटै मात्र सत्य ईश्वर छ । यो पञ्चभूतत्वले बनेको क्षण भङ्गुर देह नष्ट हुन्छ  तर आत्मा कहिल्यै मर्दैन आदि इत्यादि अनेक ज्ञान दिन्छन् । रुरु ब्रम्ह ज्ञान ध्यानसँग बसेर सुन्थे । सम्पूर्ण कुराको सत्सङ्ग पाएर महान बन्दछन् । यसरी अझै गहिरा प्रश्नहरु गरी चारैतिर नजर घुमाई हेर्दा प्रमद्वरालाई देखी नजर जुधि व्याकुल भइ दुवै छटपटाउन पुगेका प्रसङ्गहरू रहेका छन् । प्रमद्वरालाई सो अवस्था आफ्ना माता पितालाई भन्न कठिन हुन्छ । त्यसैले विरहाग्निलाई हृदयमा खुम्चयाउँदै रूँदै बस्छिन् । रुरु पनि प्रमद्वरामा आशक्त थिए । मनको कुरा ऋषि समक्ष अघि सार्न साहस जुटाउन सक्दैनन् । यसरी समस्याको निकास पाउन नसकी व्याकुल बनी सुसाउँछन् । ज्ञान आर्जन गरीसकेपछि भारी मन लिएर आश्रमबाट रुरुले बिदा माग्छन् । बिदाइमा सबैका आँखा रसाउँछन् । प्रमद्वराले रुरु समक्ष आफूलाई

नभुल्नु भन्छिन् । रुरुको मुख अँध्यारो हुन्छ । प्रमद्वरा मन थाम्न नसकी कुटी भित्र गई रून्छिन् । रुरु दह्रो मन लगाई आफ्नो जन्म गाउँ जान्छन् । यता रुरुका यादमा प्रमद्वराको भोक निन्द्रा गायब हुन्छ । प्रमद्वराको उक्त समस्या बेदमाता र स्थूलकेश ऋषिले पनि थाहा पाउँदछन् र उनलाई सम्झउँदै सब ठिक हुने र चिन्ता नलिई शान्त भई बस्न आग्रह गरे सँगै चौंथो सर्गको समाप्ती भएको छ ।

पाँचौ सर्गमा कविको मन कवितामा मग्न भएको र कथाले अर्को मोड लिएर आएको कुराबाट पाँचौं सर्गको सुरुवात भएको छ । जब रुरु आफ्नो आश्रममा पुगी सबैका पाउमा परी सन्चो बिसन्चो सोध्न थाल्दछन् । रुरु आएको देखि सारा आश्रमबासी खुसी भई उनका हालखबर बारे जिज्ञासा प्रकट गर्छन् । रुरु पनि सारा हाल सखाहरुलाई बिस्वासपूर्वक सुनाउँछन् । यसरी रुरु आफ्ना साथी संगी सबैसँग मिलेर बस्दा केही दिन भुले तापनि पछि प्रमद्वरालाई सम्झन थाल्दछन् । उनको यादले सताउन थाल्दछ । जति बिर्सन खोजे पनि झन सम्झना आइरहन्छ । उनमा भोक, निन्द्रा सबै हराएर जान्छ । आश्रममा कसैसँग गफगाफ गर्न छोड्छन् । नित्य कर्म, स्नान, पूजन आदि सबै बिर्सेर खाली प्रमद्वरालाई मात्र सम्झन पुग्छन् । यो देखी व्याकुल भएर पिता प्रमतिमा ठुलो चिन्ता हुन्छ । छोराका आँखा मणीझै मायालु देखि व्याकुल भएर धामी, झाँक्रि, वैद्य झारफुक आदि गराउँदछन्, तर केही पत्तो नलाग्दा प्यारो नाति विक्षुब्ध भएको देखी च्यवनजी पनि दुःखी भई बसेका थिए । सुकन्या त नातीको हाल देखेर रून्थिन । घरका सबै चिन्तित अवस्थामा रहेको देखेर रुरु झनै व्याकुल भई आफ्ना मनमा भएका कुरा आफ्ना हितैसी साथीहरूलाई पोख्दछन् । प्रमद्वरा बिना आफु बाँच्नै नसक्ने कुरा दर्शाउँछन् । सारा कुरा थाहा पाएपछि प्रमति अन्यन्त खुसी हुँदै आफ्ना पिता च्यवनलाई बताउँछन् । नातिको सबै कुरा थाहा पाइ च्यवन ऋषि पनि खुसी भइ चाँडै स्थूलकेश ऋषिका आश्रम गई सारा काम सकेर आउनु भनि प्रमतिलाई पढाउँछन् । पिताको आज्ञा पाई एकजना बटुक साथमा लिई प्रमति स्थूलकेश ऋषिका आश्रमतर्फ लाग्दछन् । यसरी बनजङ्गल उपत्यका देउराली पाखा नाघ्दै स्थूलकेश ऋषिका आश्रममा पुग्छन् । ऋषिले आदर साथ आसनमा बसाली सत्कार गर्दछन् । यसरी गफगाफसँग बेलुकाको भोजन निवृत्त भई सबैजना भेला भएका बखत आफु आउनुको कारण छोरो रुरु अस्वस्थ भएको कारण आदि सम्पूर्ण कुराहरू बताउँछन् । स्थूलकेश ऋषि आमा छोरीलाई उक्त प्रस्ताब बताउँछन् । बेदमाता पनि खुसी हुँदै प्रमद्वराको पनि त्यही अवस्था जुन रुरुको भएको छ भनि बताउँछिन् । त्यसपछि स्थूलकेश ऋषिले प्रमतिसमक्ष

खुसी हुँदै स्वीकृति भएको कुरा जाहेर गर्छन् । हाम्री छोरी दिन्छौं अब साइत, लगन जुराउनुहोस । जन्ति लिएर आई घरमा धुमधाम उत्सव गराइदिन आग्रह स्थूलकेश ऋषिले प्रमति समक्ष गर्छन । प्रमति पनि अत्यन्त खुसी हुन्छन् । पात्रो ल्याइ सबै गुणा, भाग गरि वर वधुकै चिनाटिपन मिलाई लगन जुराउँदछन् । स्थूलकेश ऋषिलाई कस्तालाई आफ्नी छोरी प्रमद्वारा दिउँ भन्ने मनमा चिन्ता थियो , तर अहिले कसरी छोरी विदाइ गरौं भन्ने मनका खड्कीरहन्थ्यो । अर्कालाई दिने चलन चलिगयो संस्कार यही छ भनि चित्त बुझाउँदछन् । प्रमति पनि शुभ समाचार लिइ आफ्नो घर जान बिदा मागि हिँड्छन् । चाँडै हिँडेर घर पुगी सम्पूर्ण समाचार सुनाउँदछन् । सो खबर सुनी सबै अत्यन्त खुसी हुन्छन् । त्यसपछि विवाहको सम्पूर्ण तयारी हुन्छ । नाचगान गर्दै जन्ति जान्छन् विवाहका सम्पूर्ण कर्म सके सँगै छोरी अन्माउने समय हुन्छ । प्रमद्वरालाई उता घरमा सबैलाई राम्रो गर्नु नारी नै घरकी सुलक्षणा सौभाग्य र लक्ष्मी पनि हो त्यसैले स्वर्ग, नर्क दुवै बनाउन उनै नारीको हात हुन्छ त्यसैले सबैलाई आदर सम्मान गर्नु भनी स्थूलकेश ऋषिले यसरी अर्ती दिन्छन् ।

मेरो भन्नुछ छोरीलाई अबता टाढा गरी माइती,
आँफ्नै घर् अब हेर्नु पर्छ तिमीले सर्वस्व तिम्रा पति ।
घर् धन्दा अनि सासुको र ससुराज्यूको टहल् चाकरी ॥
गर्दै सेवक छन् भने बचनले राम्रो अह्राइ वरी ॥(५१:७७)

बूढाछन् ससुरा ऋषी च्यवनजी मान्यै सुकन्या छन,
नित्यै आदर गर्नु पर्छ तिमीले हुन् पूजनीयैजन ।
छन् घर्मा जति मान्य जन्हरू सबै आदर बहूतै गरी,
बालक् बृद्धा महाँ हिफाजत खुबै राखे विचारै गरी ॥(५२:६६)

नारीहुन् घरकी सुलक्षणवती सौभाग्य लक्ष्मी पनि,
स्वर्गै नर्क दुवै बनाउन खुदै हातै उनैको छनी ।
छोरी गै घरपार स्वर्गसरिको साक्षत लक्ष्मी बनी,
विश्वासै छ तिमी उपर् मननता बच्नेछ ईज्जत् भनी ॥(५३:७७)

त्यसपछि विदाइमा सबैका आँखा रसाउँछन् । स्थूलकेश, बेदमाता, साथीसंगी सबै शोकाकुल भइ रून्छन् । यस्तो अवस्था भएपछि सम्धी प्रमतिले सबैलाई सम्झाउँदछन्, प्रमद्वरालाई हामी राम्रो हेरचाह गर्छौं सुर्ता त्यागी तनमा प्रसन्नता राखी विदा दिनुहोस् भनि आज्ञा माग्दछन् । स्थूलकेश ऋषिले पनि सम्पूर्ण विधि गरी छोरी अन्माउँदछन् । टाढासम्म पुऱ्याउन जान्छन् । रुरुले फर्कन बिन्ति गरेपछि आशिर्वाद दिएर बर्बरी आँसु झारी फर्कन्छन् । उता दुलाहको घर पुगी ऋषि च्यवन र सुकन्या खुसी भई नातिने बुहारी भित्राउँदछन् । सबैजना खुसी भएका थिए, योग्य विदुषी र असल बुहारी भित्राउँन पाउँदा । जोडि खुबै मिलेको थियो । सुकन्याले घरव्यवहार प्रमद्वरालाई सुम्पिदिएर ढुक्क हुन्छन् । यसरी ज्यादै प्रसन्न भएर सपरिवार कुटीमा रमाएर बसेको प्रसङ्ग रहेको छ । रुरु र प्रमद्वराको प्रेम गाढा भएको थियो । एकछिन दुइमा नदेख्दा हलचलै मच्चिन्थ्यो । यसरी दम्पती अति नै मिलेको थियो । प्रमद्वरा आफ्नो कला, गुन अनि शीतलताले गर्दा सबैलाई नजीक बनाएकी थिइन् । यसरी सर्बगुण सम्पन्न प्रमद्वरा र रुरुलाई सबैले मन पराउँदथे । दुवै हाँस खेल गर्दै सँगै वन जंगलमा दाउरा बटुल्न, कुश उखेल्न आदि सम्पूर्ण काम सँगै गर्थे । सँगै फर्कन्थे । यस्तै क्रममा दिनहरु बित्दै थिए । दुवै एक अर्काप्रति धेरै आशक्त थिए । दुई शरीर भएर पनि प्राण एउटै झैं थियो । जसरी पानी बिना माछा बाँच्न सक्दैन त्यसरी नै अलग भई एक क्षण पनि रुरु र प्रमद्वरा बाँच्न सक्दैन थिए । एक दिन प्रमद्वराले पतिसँग विदा मागी फलफूल टिप्न भनेर साथी सङ्गीसँग वनमा हाँसखेल गर्दै, डुल्दै, रमाउँदै जान्छिन । त्यसैबखत प्रमद्वराको आयु तत्काल नास हुन्छ । कालो नाग प्रकट भई पाउमा टोकिदिन्छ । हाहाकार गर्दै साथीहरू रुँदै कुटीमा जान्छन् । त्यो खबर सुनेर रुरु काटेको रूख झै ढल्छन् । केही क्षणमा होस खुलेपछि दौडदै वनमा जाँदा प्राण विहीन पत्नि प्रमद्वरा देख्दा झन बेहोसी भइ काखमा पत्निलाई राखी छाती पिटी पिटी रोएको प्रसङ्ग कविले कवितामा यसरी प्रस्तुत गरेका छन् ।

क्षण्भर्मा फिरिहोस् विलाप गरदै दौडेर वन्मा गए,

देख्ता प्राण विहीन पत्नि विचरा मुर्छा तिहीनै भए ।

हा ! हा ! प्रमद्धरा प्रियतमे ! एक्लै मलाई यहाँ ॥

छोडी आज कता गयौ भन तिमी जाऊ म खोज्नै कहाँ ॥(१२९:८९)

भन्दै छाति पिटेर काख विचमा राखेर पत्नि कन,

गर्थे धेर बिलाप थाम्न नसकी भक्कानु पारी मन ।

जीवन् हीन थिइन् तथापि अहिले बोल्लिन् भनेभ्रैं गरी ॥

देखिन्थ्यो उनको मुहार हँसिलो निन्द्रा परेको सरी ॥(१२०:८९)

प्रमद्वाराको हँसिलो अनुहार निन्द्रामा परेभ्रैं देखिन्थ्यो । हेर्ने मानिसहरू पनि यिनी कसरी मुर्दा भइन यस्तो कान्ति युक्त देह छ, भरे व्युँभ्रेर उठ्छिन भन्ने भ्रममा हेर्दथे, तर प्रमद्वरा मृत्युको मुखमा परीसकेकी थिइन् । यसरी रुरुले धेरै सुर्ता र बिलौंना गरेको देखेर ऋषिमुनि सबै आइ धेरै सम्भ्राउँदछन् । तिमी यस्तो ब्रम्ह ज्ञानी बनेर यस्तो अबुभ्र नबन, विधिको नियम टार्न सकिन्न, एक दिन सबैको आयु कालले लैजान्छ । यसरी बिलौना नगर भनी सम्भ्राइ हेर्छन तर अलिकति पनि रुरुले चित्तबुभ्रउन सक्दैन् । अभ्र दुःखी हुँदै रोहीरहन्छन् । सम्भ्राउन नसकी सबै हार मानेको प्रसङ्गसँगै अब कविताले अलि अर्को मोड लिइ कठिन सार सन्दर्भमा जाने जानकारी गराउँदै, पाँचौ सर्गको समाप्त भएको छ ।

छैटौं सर्गको सुरूवात गहिरो दुखान्तको भाव लिँदै सुरू दुःखको बयान लेखन सुरू गरिएको छ । यसरी रुरु अतिनै अधैर्य भइ बियोगले खिन्न मन बनाइ खानपान सब त्यागदछन् । प्रमद्वरालाई काखमा लिई दिनरात बियोगमा रोइरहन्थ्ये । विक्षुब्ध भइ मृत प्रमद्वरासँगै बात गरिरहन्थे । सम्पूर्ण ऋषिमुनिहरू आउँदै सम्भ्राइ थाकेर फर्कन्थे तर पनि रुरुको चित्त बुभ्र्दैन । “प्रमद्वरालाई कसरी हुन्छ बचाउँ यिनी बिना म बाँच्न सक्दिन यदि प्रमद्वरा बाँचिनन् भने म केही राख्दिन” भनी आक्रोस भावमा बिलौना गर्छन । मृत पत्नीसँग बेसुरमा गफ गरिरहन्थ्ये । निष्ठुरी नबनी उठ प्रमद्वरा फेरी घरजम गरी सँगै बसौं तिमी बिना यो संसार कल्पना पनि गर्न सक्दिन भनि बहुला भ्रैं भइ विलाप गर्दछन् । यसरी भोक प्यास सबै त्यागेपछि रुरुको शरीर जीर्ण बन्छ । होस हवास उडिसकेको हुन्छ । जपपूजा, हवन् सबै बिर्सिएर रूनु मात्र उनको दैनिकी भएको हुन्छ । सम्भ्राएर सबै थाकिसकेका हुन्छन् तर रुरु आफ्नी मृत पत्नी प्रमद्वरा त्याग्दैनन् । यसरी सारा भेला भई सम्भ्राउदा केही सीप लाग्दैन । शोक त्यागेर आफ्नो कर्तव्य दाहसंस्कार गर्न भनि ऋषिहरुले आग्रह गर्दा उपस्थित सम्पूर्ण ऋषिहरुको पनि धैर्यको बाँध छुट्छ । सारा रून थाल्दछन् । यो देखी रुरुले आकाशमा देवताहरूपट्टि फर्केर आफ्नी पत्नी जीयाउन आग्रह गर्छन । देवताहरूले आफ्नो दुतलाई सन्देश पठाउँदछन् । ती दुत आई रुरुलाई यी प्रमद्वराको आयु सकिएर स्वर्गमा गइसकिन् । मर्नेले अब जीवन पाउन नसक्ने कुरा व्यक्त गर्दछन् । यो सुनी रुरु भ्रन विलाप गर्न थाल्दछन् । देवताहरूको निष्ठुरी पना बुभ्री रुरु अभ्र धम्कि दिएर भन्दछन्, कसरी हुन्छ प्रमद्वरालाई बचाउनुपर्छ नत्र आफ्नो ब्रह्मत्व र योगको सारा कशक्ति लगाएर

संसार नै ध्वस्त पार्छु भन्ने चेतावनी दिइ योगको ध्यान गर्न भनि पद्मासन कसेर बस्दछन् । यसपछि खलबल मच्चिन थाल्दछ । देवताहरुको आसन नै डगमगाउन थाल्दछ । यो देखि यमराज नै स्वयम रुरु साम्ने आएर प्रमद्वराका विषयमा एउटा प्रस्ताव राख्दछन् । प्रमद्वराको आयु यति मात्र थियो उनी स्वर्गमा गइसकिन् । त्यसै बचाउन सकिँदैन यदि बचाउनु नै हो भने तिमीले आधा आयु दिनुपर्छ अनि मात्र प्रमद्वरा पृथ्वीमा ब्युँझन्छिन । जसरी पहिले सावित्रिले आफ्नो मृत पति सत्यवानलाई आफ्नो पतीव्रता धर्मका शक्तिका कारण जियाएर पृथ्वीमा आफ्नो नाम राखेकी थिइन् । सीतामाताले आफ्नो सतीत्व अग्नी परीक्षामा उत्तीर्ण गरेकी थिइन् । रुरु तिमी पनि पत्नीब्रता भई यो पृथ्वीमा नौलो  र उदाहरणीय व्यक्तित्व बन भनि यमराजले भन्दछन् । यमराजका यस्ता बचन सुनी रुरु अत्यन्त खुसी भइ झट्ट सङ्कल्प गर्दछन । त्यसपछि प्रमद्वरा गाढा निन्द्रबाट ब्युँझेसरी हुन्छिन् । त्यसपछि आफ्नो प्राण प्रियतमा प्रमद्वरा साम्नेमा देखेर अत्यन्त खुशी भएको प्रसङ्ग कवितामा यसरी प्रस्तुत गरिएको छ ।

आफ्नी प्राण  प्रमद्वरा प्रियतमा देखेर साम्ने महाँ,
साह्रै  गद्गदभै  उठेर  रुरुले हाले हँगालो त्यहाँ ।
पैलेका  दुखकष्ट  बिर्सन  गई हर्षाश्रु झारी कन ॥
पोखे दीर्घ वियोग सो मिलनले ज्यादै खुशी भैकन ॥(३०:९३)

यसरी रुरु प्रमद्वरा दम्पतीलाई आशिर्वाद दिएर देवताहरू पनि स्वर्गतिर लाग्दछन् । श्री रुरु पनि पत्नी प्रमद्वरा लीई जङ्गलबाट फर्कन्छन् । प्रमद्वरा जीवित फर्किएको देखेर सबै अत्यन्त खुसी हुन्छन् । रुरुको तपोवल देखेर सबै अचम्ममा पर्दछन् । च्यवन र सुकन्या दुबैले नाती (रुरु) र नातीनीबुहारी (प्रमद्वरा) लाई आशिर्वाद दिन्छन् । यो शुभ समाचार स्थूलकेश ऋषिका आश्रममा पनि पुग्छ । स्थूलकेश र बेदमाता पनि खुसी हुँदै आएर आशिर्वाद दिएर फर्कन्छन् । जतातत्तै रुरुको तपोवलको प्रशंसा हुन्छ । प्रमद्वरा पनि आफूलाई जीवनदान दिनुभएकोमा रुरुको पाउमा परी हर्षाश्रु झार्न पुग्छीन । रुरु पनि अत्यन्त खुसी हन्छन् । यसरी सावित्रीले आफ्नो प्रतिब्रता धर्मका कारण पति सत्यवानलाई जियाएको प्रसङ्ग पौराणिक ग्रन्थमा छ त्यो बढि चर्चामा आयो तर त्यही पौराणिक ग्रन्थमै भएको पत्नीब्रता धर्म पनि थियो । रुरुले आफ्नो पत्नीब्रता धर्मका कारण आफ्नी मृत भएकी पत्नी प्रमद्वरालाई जियाएको प्रसङ्ग चाहिँ ओझेलमा परेको देखी यसको उजागर गर्न खोजेको कुरा कविले

दर्शाएका छन् । पौराणिक आरण्यग्रन्थ भित्र धेरै आदर्श पात्रहरु रहेका छन्, तर उचित भाषाको अभावका कारणले ती सबै बुझ्न कठिन भएकोले आफूले सरल नेपाली भाषाको यस्तो काव्य लेखेको जानकारी छैटौं सर्गको ४५ औं श्लोकमा कविले यसरी व्यक्त गरेका छन् ।

पौराणीक अरण्यभित्र बहुतै आदर्श पात्रैहरू,
छन् धेरै अपरीचितै हुनगई चिन्नै नसक्ने अरू ।
तिन्लाई अब खोजि गर्नुछ भने पढ्ने गरौं सँस्कृत ॥
हिन्दूदर्शन जान्नललाइ गतिलो भाषा परीमार्जित ॥(४५:९८)

यसरी यमराजलाई नै बसमा पारी आफ्नी पत्नि बचाएको कुरा सारा लोकभरी फैलन्छ, सबैले रुरुलाई स्याबासी दिन्छन् तर उनका मनमा एउटा खड्को रहिरहेको थियो । एउटा क्रुर सर्पले डसेर आफ्नी पत्निको मृत्यु भएको कुरा संझेर सर्पको शत्रु बनी रिसले सबै सर्प निर्मूल पार्ने कुरा मनमा निश्चय गरि हातमा ठूलो लाठी बोकेर भेटेजति सर्प मार्दै हिड्न थाले । यो देखि सबै सर्पहरू डरले भाग्न थाले । एकदिन डुण्डुभ जातको विष विहिन सर्प देखि मार्न भनि रुरु झम्टिएर जान्छन् । यो देखि सर्पले अत्तालिँदै मानिसको आवाजमा बोल्न थाल्दछ । हे ब्राम्हण, मत श्राप ग्रस्त सहस्रपाद नाम गरेको ऋषि हुँ, मलाई नमार्नुहोस भनेपछि रुरु झस्किएर नम्र भइ कसरी यस्तो श्राप कसरी प्राप्त गऱ्यौ सबै कुरा भन भनि आग्रह गर्छन । ती श्रापग्रस्त ऋषिले सारा वृत्तान्त सुनाउँछन् । एकदिन आफ्नो सखा खगम ध्यान गर्न बसेका बखत ठट्टा गरेर आफुले झारको नक्कली सर्प बनाई घाँटीमा बेरिदिएको र ध्यान सकेर आँखा खोल्दा साँच्चै सर्प झैं देखि आत्तिएर मुर्छा परेका थिए । होसमा आएपछि क्रुद्ध भएर ती खगम ऋषिले श्राप दिए । जसरी निर्जिव सर्प मेरा घाँटिमा बेऱ्यौ त्यसरी नै निर्विष सर्प भई तिमी यो घोर जङ्गलमा बस । त्यो सुनी आफु बेहोस झैं भएको, खगमका चरणमा परी माफी मागेको र तिनले केही दयालु बन्दै श्री रुरुको दर्शन गरेमा श्रापमुक्त हुनेछौ भन्दछन् । यसरी निर्विष सर्प बनि सधैं हजुरको बाटो हेरी बसेको र आज दर्शन पाइ म श्राप मुक्त भएँ भनि सहस्रपाद ऋषि अत्यन्त खुसी हुन्छन् । हिंसाभाव त्यागेर शुद्ध हुनुहोस भनि रुरु उनी समक्ष बिन्ती गर्दछन् । आफ्ना सामु सुसभ्य ब्राम्हण खडा देखेर रुरुले आदर गरेर भन्छन् तपाइँका वचनको प्रति पालना गरी म यो हिँसा पन त्यागी दिन्छु हजुरको ज्ञान र अर्तीले गर्दा ठुलो पाप गर्नबाट आफू बचेको कुरा सहस्रपद ऋषिसँग भन्छन् । एउटा

सर्प दोषि भयो भन्दैमा सम्पूर्ण सर्पको हत्या गरी अनाहकमा पाप बोक्नु भएछ तर अहिले पश्चाताप गर्नुभयो प्रायश्चित नै ठुलो धर्म हो पापबाट मुक्ति पाउन भन्दछन् । यस्ता अर्ती सुनी रुरु अत्यन्त प्रसन्न भएर बिदा माग्दछन् । हिंसा भाव त्यागेर निर्मल मन बनाई रुरु आफ्ना आश्रममा फर्कन्छन् । यो देखि सबै खुसी भएको र हिंसा भाव त्याग्ने ज्ञान सहस्रपाद ऋषिले दिएको वृत्तान्त रुरुले आफ्ना हजुरबुबा च्यवनलाई बताउँदछन् । यसरी नातीका मुखबाट यस्ता वृत्तान्त सुनी श्री च्यवन पनि शिक्षामा परिपूर्ण हुन्छन् । श्री रुरु पनि ठुला ब्रम्हज्ञानी बनेर बस्छन् । यसरी छैटौं सर्गको समाप्ति सँगै सुखान्तमा गएर काव्यको पनि समाम्ती कविले यसरी गरेका छन् ।

गहन मन बनैको शब्द माधुर्य पुष्प,

ह्रदय विच फुलेको स्वादिलो यो सुगन्ध ।

टिपिकन अब यौटा ईशमा अर्पिएर ॥

अब कलम बिसाएँ काव्य यो पूर्ण भो र ॥(८५:१०५)

## ४.४ पात्र विधान र चरित्र चित्रण

पात्रविधानका दृष्टिले हेर्ने हो भने यस खण्डकाव्यमा विभिन्न प्रकारका पात्रहरूको उपस्थिति रहेको देखिन्छ । परापूर्व कालको एउटा सिङ्गो समाजका विभिन्न खालका चरित्रहरूको उपस्थितिमा काव्यले आफूलाई पूर्णता दिएको छ । पात्र सङ्ख्याका दृष्टिले यसलाई बहुलपात्रीय भएको खण्डकाव्य भन्न सकिन्छ । प्रस्तुत खण्डकाव्यमा रुरु, प्रमद्वरा, च्यवन, सुकन्या, स्थूलकेश, प्रमति, धृताचि, सर्याती, मेनका, विश्वावसु, बेदमाता, अश्विनिकुमार अदि पात्रहरू रहेका छन् । खण्डकाव्यमा यी सबैको समान रूपले उपस्थिति र सहभागिता रहेको देखिदैन । त्यसकारण यस खण्डकाव्यका पात्रहरूलाई प्रमुख पात्र, सहायक पात्र र गौण पात्र गरी विभाजन गर्न सकिन्छ । प्रमुख पात्रका रूपमा रुरु र प्रमद्वरालाई लिन सकिन्छ भने च्यवन, सुकन्या, प्रमती, स्थूलकेश ऋषि, सर्याती, धृताची, मेनका, गन्धर्भराज विश्वावसु, वेदमाता, यमराज, सहस्रपाद, अश्विनीकुमार सहायक पात्रहरू हुन । त्यसै गरी यस खण्डकाव्यमा उपस्थित बैद्य, इन्द्र, ऋषिहरु, मनोरमा, प्रवालिका, सुलोचना, बटुकहरु, सर्प आदि गौण पात्रका रूपमा आएका छन् । यस काव्यमा रुरु नायक र प्रमद्वरा नायिकाका रूपमा उपस्थित छन् । केही प्रमुख पात्रहरूको चरित्रचित्रण निम्नानुसार गर्न सकिन्छ ।

### क. रुरु

रुरु यस खण्डकाव्यका प्रमुख, नायक तथा पुरुष पात्र हुन् । श्री भृगु ऋषिका पनाति, श्री च्यवन ऋषिका नाति तथा पिता प्रमति र माता धृताचिका पुत्र हुन । उनी एक उच्च ज्ञान गुणले सम्पन्न भएका शिक्षित कुलीन परिवारको ख्यातिप्राप्त पात्रको रूपमा आएका छन् । रुरु सानै छँदा आफ्नी जन्मदिने माताले छाडेर गएपछि हजुरआमा सुकन्याको पालन पोषणमा हुर्किएका हुन् । आफ्ना पिता र हजुरबुबा नै सम्पूर्ण बेदवेदान्तमा ज्ञानी गुणी भएकोले उनलाई पनि उपनयन सँगै बेद पढ्न लगाइन्छ । यसरी अझ ज्ञानगुनका शिक्षा लिन भनि एकदिन घुम्दै स्थूलकेश ऋषिमा आश्रम पुग्दछन् । त्यहाँ प्रमद्वरासँग उनको भेट भएको छ । पहिलो भेट मै प्रमद्वरा रुरुलाई मन पर्छ । यसरी शिक्षा आर्जनपछि रुरु आफ्नो आश्रम फर्कन्छन् तर प्रमद्वराको यादमा बिरामी पर्छन । यो कुरा थाहा पाइ पिता प्रमतिले कन्या माग्न गई विवाह जुराइ फर्कन्छन् । त्यसपछि रुरु र प्रमद्वराको विवाह हुन्छ । दुवै सुखपूर्वक माया प्रेमका साथ जीवन बिताइरहेका बखत एकदिन प्रमद्वरालाई सर्पले डस्छ । उनको तत्काल मृत्यु हुन्छ । त्यो देखि रुरु अत्यन्त भावविह्ल हुन्छन् । त्यसपछि आफ्नो तपोबल र ब्रहम्त्वशक्तीका कारण यमराजलाई बसमा पारी आफ्नो पत्नीलाई आफ्नो आधा उमेर दिएर बचाउन सफल हुन्छन् । यसरी आफ्नो अडान नछोड्ने ढृढ सङ्कल्प भएको व्यक्ति हुनाले यिनी स्थीर पात्र हुन् । यिनमा प्रतिसोधको भावना पनि रहेको छ । आफ्नी प्राण प्रियालाई एउटा सर्पले डसेर मृत्यु भएको सम्झी रिसले सबै सर्प समाप्त गर्न निस्किएका रुरुलाई एक श्रापयुक्त सहस्रपाद नामगरेका ऋषिसँग भेट भएपछि उनको क्रोध पनि सकिन्छ र आफ्नो आश्रम फर्कन्छन् । यसरी हेर्दा उनी एक सच्चा पति, पत्नीलाई अत्यन्त माया गर्ने, आफ्नो अडानमा अडिग रहने एक असल पात्रका रुपमा आएका छन् । एउटा पतिका लागि पत्नी कति महत्वपूर्ण हुन्छ र पति पत्नी बीचमा माया र विश्वास भयो भने जस्तोसुकै असम्भव कामहरू पनि सम्भब हुन्छ भन्ने कुरा रुरुको चरित्रमा देखा पर्छ । स्वयम देवताहरूले नै मृत्युपछि कोही पृथ्वीमा जीवित फर्कन नसक्ने जानकारी गराए तापनि उनी ढृढ भएर आफ्नो तनमन लगाएर लागी परेपछि अन्त्यमा यमराज नै उनको साम्ने आएर प्रमद्वरा बचाउँदछन् । यसरी हेर्दा रुरु अनुकूल, वर्गगत, गतिशील, मञ्चीय, एक सच्चा पत्नी भक्त पति, पितृभक्त तथा  दृढ सङ्कल्प भएको सत पात्र हो । त्यसैले यिनी खण्डकाव्यको आदर्श पात्रका रुपमा चिनिएका छन् ।

## ख. प्रमद्वरा

प्रमद्वरा यस खण्डकाव्यकी प्रमुख नारी पात्र हुन् । प्रस्तुत खण्डकाव्यमा प्रत्यक्ष रूपमा प्रमद्वराको भूमिका प्रमुख रहेको छ । प्रमद्वराकै माध्यमबाट काव्यको कथानक गतिशील बनेको छ । खण्डकाव्यको मध्य भागबाट अन्त्यसम्म उनको उपस्थिति र कार्यभूमिका सशक्त देखिन्छ । त्यस कारण उनी यस काव्यकी प्रमुख नारी पात्र मात्र होइन प्रमुख वा केन्द्रीय चरित्र पनि हुन् र उनी नै यस काव्यकी नायिका पनि हुन् । उनी स्वर्गकी अप्सरा मेनका र गन्धर्भराज विश्वावसुकी पुत्री हुन् । आपसी मनमुटावले मेनका र विश्वावसु एक अर्कामा छुट्टिएपछि एक्लै भएकी मेनकाले प्रमद्वरालाई जन्माएर स्थूलकेश ऋषिका आश्रम छेउ छाडेर जान्छिन् । तिनै स्थूलकेश ऋषिले भेटेर आफ्नी छोरी बनाई उनकै आश्रममा लालनपालन गर्छन् र प्रमद्वरा त्यही आश्रममा हुर्किएकी हुन् । रूपलावण्यको दृष्टिकोणले प्रमद्वरा अति धनी छिन् । यस खण्डकाव्यमा कविले प्रमद्वराको शारीरिक सुन्दरता यसरी वर्णन् गरेका छन् ।

झल्कन्थ्यो अनुहारमा शरदको चन्द्रै सरी दिव्यता,
टल्कन्थ्यो शरीरै भरी चहकिलो माधुर्यको स्निग्धता ॥
ज्यादै सौम्य मयी सुशील पनले गाम्भीर्यता ल्याउँदा ।
लक्ष्मीझैं अतितेजिली हुन गइन् देदीप्यमानै सदा ॥(७८:५१)

मिल्दाछन् अवयव् सबै शरीरका मानौ रतीकै सरी,
फूल्दो दिव्य गुलाव झै छ कमलो त्यो रूपको माधुरी ।
मानौं शीप सबै लगाइ विधिले ठूलो परिश्रम गरी ॥
सिर्जेछन् कि प्रमद्वरा पनि अहो धेरै गरी चातुरी ॥(७९:५२)

यति मात्र होइन तरूणी प्रमद्वराको रूप सौन्दर्यको वर्णन गर्दै जाँदा कविले अझ यसो भन्न पनि बाँकी राख्दैनन् ।

कालो स्निग्ध कपालमा छचुलठी त्यो नागिनीकै सरी,
छाती उच्च छ गोलस्थूल स्तनले शोभायमानै गरी ॥
झीनो कम्मर चाक उच्च दुइटा हिँड्दा खुबै नाचने ।

स्तम्भै झैं कदली दुबैउरू  अहो छन् चित्त नै खैंचने ॥(८१:५२)

माँसल् पुष्ट सलक्क छन् ति पिँडुला राम्रा सफा चम्कने,

पैताला   पनि  लाल  कोमल  हुँदा पच्चै सरी पाउ नै ॥

लामाहात शिरीस पुष्प  सरिका कोमल् कमल् कोपिला ।

देखिन्थे सब अङ्ग अङ्ग उनका राम्रा सफा बान्किला ॥(८२:५२)

प्रमद्वरा स्थूलकेश ऋषि र बेदमाताकी ममतामयी पुत्री र आश्रममा भएका सबैकी प्रिय पात्रका रूपमा काव्यमा उपस्थित छिन् । उनी माता पितालाई श्रद्धा र भक्तिभाव प्रकट गर्न एक असल छोरी र आफन्तजनप्रति राम्रो दृष्टिकोण राख्ने बिशिष्ट गुणले सम्पन्न पात्र हुन् । त्यसैले उनी यस काव्यकी अनुकूल पात्र हुन् । आफ्ना पिता स्थूलकेश ऋषिका आश्रममा ज्ञान आर्जन गर्न आएका प्रमति पुत्र रुरुसँग उनको विवाह भएको छ । विवाह पूर्व र विवाह पछि पनि आफ्ना पति रुरुलाई अत्यन्त माया गर्ने पतिब्रता नारी हुन् । आफ्ना घरका सम्पूर्णलाई आदर भाव राख्ने छरछिमेकमा सबैकी मिलनसार पात्र हुन् । सर्पको टोकाईबाट उनको मृत्यु भएपछि पति रुरुले पत्निब्रत धर्मका कारण आफ्नो आधा उमेर दिई प्रमद्वरालाई बचाउँदछन् । यसरी उनले आफुलाई अत्यन्त माया गर्ने श्रीमान पाएकी छन् । प्रमद्वरा नारी सुलभ गुणले सम्पन्न पात्र हुन् । उनको चरित्रमा पाइने प्रेम, हार्दिकता, सहानुभूति, दया, माया, स्नेह, ममता जस्ता गुणहरूले गर्दा प्रमद्वराको चरित्र अनुकरणीय बन्न पुगेको छ ।

आफ्ना साथी सङ्गीसँग बगैंचामा घुमफिर गर्नु, फूलबारीमा पानी सेचन गर्नु, गोडमेल गरी सफा गर्नु, गाइबाच्छा चराउनु, साथी सङ्गीसंग हाँसखेल गर्नु, नाच्ने, गाउने, आदि बाल्यअवस्थाका अभिरूचिहरू हुन् । क्रमश किशोर अवस्थामा प्रवेश गरेसँगै उनी आफ्ना पिता छेउ बसी बेद व्याकरण तथा मन्त्र आदिको अध्ययन तथा वाचन गर्नु, योग ध्यान गर्नु उनको दैनिकी थियो । त्यसैले प्रमद्वरा बुद्धि तथा बल दुवैमा पोक्त पात्र हुन् । आफ्ना पिता आश्रममा नभएका बखत बटुकहरूलाई उनी अध्यापन गराउने शिक्षित  पात्र हुन् । अध्ययन गर्ने क्रममै त्यसै आश्रममा आएका रुरुसँग उनको प्रेम भएको छ । उनीले शारीरिक प्रेमलाई साधनका रूपमा लिएको देखिन्छ । एक आपसका वीचको समर्पणम ानै प्रेमले साकार रूप पाएको छ । विवाह पछि उनीहरूको प्रेम अझ फस्टाएर गएको छ ।

सारांशमा भन्नुपर्दा प्रमद्वरा यसकाव्यकी नायिका हुन् । उनलाई कविले स्वभाविक गतिशील, नारीकी प्रतिनिधि, सौन्दर्यकी पारखी, शिक्षीत सभ्य चरित्रका रूपमा प्रस्तुत गरेका छन । उदारता, हार्दिकता, मानवीयता, शान्तिप्रियता, सहनशीलता, साहासिकता, माया, ममता र त्याग प्रमद्वराका प्रमुख चरित्रगत विशेषता हुन् ।

## ग. च्यवन

यस खण्डकाव्यमा च्यवन ऋषि पनि सहायक प्रमुख पात्र हुन् । प्रथम सर्गदेखि अन्त्यसम्म नै यिनको महत्वपूर्ण भूमिका रहेको छ । च्यवन ऋषि श्री मृगु ऋषिका पुत्र हुन् । यिनै कुनै एक समय तपस्या गर्न बस्दा धेरै समय बित्छ । उनको शरीरभरी धमिराले छोपेको हुन्छ । यसैक्रममा सर्याती राजाकी छोरी सुकन्याले खेल्ने क्रममा च्यवनका आँखा घोच्न पुगी ती अन्धा भएका छन् । आफुलाई यस्तो अवस्थामा पुऱ्याउने बालिकाले नै आफ्नो सेवा जीवनभर गर्नुपर्ने यिनको विचार रहेकाले अन्जानको गल्तिलाई माफ दिन नसक्ने रिसाहा स्वभाव भएका पात्रका रुपमा देखिन्छन् । तिनै सुकन्याले अश्विनीकुमारको पुकारा गरी च्यवनलाई दुवै आँखा प्राप्त हुन्छ । यिनी अत्यन्त विद्वान् र शक्तिशाली पात्र हुन् । आफुले कवुल गरेको यज्ञको भाग अश्विनीकुमारलाई दिलाउन खोज्दा इन्द्रले बाधा गर्छन् तर इन्द्रलाई नै परास्थ गरी अश्विनीकुमारलाई खुसी बनाइ फर्काउँछन् । च्यवन ऋषि आफ्नो बचन र बाचा पुरा गरेर छाड्ने साहसी चरीत्र भएका पात्र हुन् तर योग ध्यान, पूजन, अध्ययन आदि सबै नित्यकर्म नै बन्द गरेर कामवासनामा लिप्त हुनु यिनको चरित्रिक कमजोरी देखिन्छ तर सुकन्या गर्भवती भएपछि यिनले भोगविलास त्यागी नित्य कर्ममा फिरेपछि यिनको चरीत्रमा सुधार आएको देख्न सकिन्छ । यिनको एक पुत्र प्रमतिको जन्म हुन्छ । आफु बाबु हुनुका कर्तव्य च्यवनले पुरा गरेका छन् । छोराको उचित कर्म शिक्षा, दीक्षा आदि गराउछन् । विभिन्न बाधा र अड्चनमा यिनले धैर्यताका साथ काम गरेर अन्त्यमा सुखपूर्वक जीवन व्यतित् गरेका छन् । यिनको चरित्र गतिशील देखिन्छ ।

## घ. सुकन्या

सर्याती राजाकी छोरी सुकन्या अन्यन्त सुन्दरी र चञ्चल स्वभाव भएकी नारी पात्र हुन् । सानै छँदा आफ्ना पितासँग बनमा सिकार खेल्न आउँदा त्यही बनमा तपस्यारत च्यवन ऋषिको आँखा घोच्न पुग्छिन् र विवसताबस त्यही च्यवनको सेवा गरी जीवनभर बस्नुपरेको स्थिति यी पात्रलाई आइपरेको छ । सुकन्या एक असल र धैर्यवान चरीत्र भएकी नारी पात्र

हुन् । छोरीलाई त्यस्तो घोर जङ्गलमा अन्धा च्यवनसँग कन्यादान गर्नुपर्दा धेरै दुखी भएका सर्याती राजालाई स्वयम छोरी सुकन्याले नै सम्झाइ बुझाइ गरेर पठाएकी छिन् । यिनी दुःखमा नआत्तीने र सुख भयो भन्दैमा नमात्तिने सत पात्र हुन् । दिनरात आफ्ना अन्धा पति च्यवनको सेवा गरी वैध अश्विनीकुमारको ठूलो तपस्या र पुकार गरी दुवै आँखा र यौवन दिलाउन सफल पात्र हुन् । यिनको पनि खण्डकाव्यको सुरूवातदेखि अन्त्य सम्म नै कथावस्तु अंगालेर अघि बढेकी पात्र हुन् । आफ्ना पुत्र प्रमति तथा नाती रुरुको उचित पालनपोषणको कर्तव्य यिनले पुरा गरेकी छन् । आम नेपाली नारीमा हुनुपर्ने गुण र चरित्र यस काव्यकी सुकन्यामा देखिन्छ । समस्या र चुनौतीसँग डटेर सामना गर्ने सुकन्या एक पतिव्रता नारी पात्र हुन । उनी यस काव्यकी अनुकूल,मञ्चिय, वर्गगत तथा गतिशील पात्र हुन् ।

## ङ. प्रमति

च्यवन ऋषि तथा सुकन्याका पुत्र प्रमति हुन् । यिनी यस काव्यका सहायक पुरुष पात्र हुन् । वाल्यकालबाट नै आफ्ना पिता च्यवन ऋषिबाट वेदवेदान्तको अध्ययन गरेका हुनाले यिनी किशोरावस्थासम्म आइपुग्दा निकै ज्ञानी गुणी भएका पात्र हुन् । प्रकृतिलाई अत्यन्त माया गर्ने प्रकृतिप्रेमी चरित्र भएका कारण वनजङ्गल, खोलानाला नियाल्नु यिनको सोख थियो । एकदिन वनजङ्ल घुम्दै जाने क्रममा भ्रमबस धेरै टाढा पुगी बाहिर निस्कने बाटो भुलेका छन् । यसैक्रममा अत्यन्त सुन्दरी अप्सरा धृताचिसँग वनमा भेट भइ तिनै सँग विवाह गरेका छन् । तर एक पुत्र जन्मिएपछी आफ्नी पत्निले धोका दिइ गएकी छन् । यिनी एक असफल प्रेमी हुन । आफुले सच्चा प्यार प्राप्त गर्न सकेका छैनन् । आफ्नी पत्निले छाडी गएपछि अधैर्य भइ रोइ कराइ गर्नुले कमजोर मन भएको भन्न सकिन्छ । आफ्नो नावालक छोरा रुरु नै पत्निको नासो संझी चित्त बुझाइ आजीवन अर्को विवाह नगरी बस्ने पात्र हुन् । आफ्नो कर्तव्य र जिम्मेवारी प्रति बफादार असल चरित्र भएका काव्यको अन्तसम्म आफ्नो राम्रो छवि छोड्न सफल पात्र हुन् ।

## च. धृताचि

धृताचि यस खण्डकाव्यकी  स्त्री र खलपात्र हुन् । यिनी स्वर्गकी अप्सरा हुन् । वनमा जवान र सुन्दर प्रमतिसँग भेट भएपछि उनैसँग विवाह गर्ने पात्र हुन् । धृताचि प्रमतिलाई केबल वासनात्मक प्रेम गर्न पुग्छिन । यिनी स्वार्थी स्वभावकी छिन् । अरूको भावना माथी

खेलवाड गर्ने अनैतिक चरीत्र भएकी पात्र हुन् । सन्तान नहुन्जेल प्रमतिसँग भोग विलासमा लिप्त हुने तर पुत्रको जन्म भएपछि घरगृहस्थीमा अलमलिएर बच्चाको लालन पालन गरी बस्न नसक्ने निधो गरी अफ्नो निजी स्वार्थले प्रमति र आफ्नो दुधे वालक रुरुलाई छोडि पुन स्वर्गतर्फ भाग्ने स्वार्थी प्रवृत्ती भएकी पात्र हुन् । यिनी यस काव्यकी सहायक पात्र हुन् । यिनैबाट काव्यको नायक रुरुको जन्म भएको छ तर धृताचिले आफू आमा हुनुको कुनै कर्तव्य निर्वाह गरेकी छैनन् । केबल जन्माउने काम मात्र गरेकी छन् । काव्यको मध्यभागमा दुखान्त बनाउने काममा यिनको भूमिका रहेको छ । त्यसैले यिनलाई बात्सल्य प्रेम नबुज्ने, परपीडक, प्रतिककूल खलपात्र को रूपमा लिन सकिन्छ ।

### छ. मेनका

मेनका यस काव्यकी नारी पात्र हुन् । यिनी पनि स्वर्गकी अप्सरा हुन् । खण्डकाव्यको तेस्रो सर्गभित्र मात्र यिनको चर्चा रहेको छ । यिनी अन्यन्त सुन्दरी छिन् भन्ने कुरा यिनको प्रत्येक अङ्गअङ्गको कविले वर्णन गरेबाट नै अनुमान गर्न सकिन्छ ।

चितुक स्निग्ध छ रम्य सुकोमल,
दुई गुलाफ कपोल समुज्वल ।
अ ! ह ! ह ! शंख समान छ कण्ठ नै ॥
उर उचा सघनै स्तन पीन भै ॥(३८:३१)

अति कृशोदर भैकन रम्य छ,
नत इनार सरी बिन नाभि त ।
तल सुहाउंछ नीलमणी सरी ॥
नरम लोम विराजित के भनौं ॥(३८:३१)

कथावस्तुमा उल्लेख भएअनुसार साँझको समय तलाउमा नुहाइरहेकी मेनकासँग गन्धर्भराज विश्वावसुको भेट पछि यौन आकर्षण हुनुले यिनमा शारीरिक तृप्तिको चरित्र देखिन्छ । यिनी स्वर्गकी अप्सरा भएर जुन पुरूषले शारीरिक सम्बन्ध राख्न अनुरोध गरेपनि सहर्स स्वीकार गरि यौनतृष्णा मेटाउनुले जैविक दृष्टिले अनिवार्य मानिए तापनि सामाजिक

दृष्टिले खराब चरित्र देखा पर्छ । यसरी मेनका गर्भिणी अवस्थामा प्रवेशसँगै विश्वावसुले छोडेर गएपछि यिनी एक्ली भएकी छन् । कुनै चिन्ता नलिई महिना पूर्ण भएपछि पुत्री जन्माएर सालनाल सहित छोडेर जानुले यिनी बात्सल्य प्रेम नबुझ्ने, माया ममता नभएकी निष्ठुर कुमाता अत्यन्त असत् चरित्र भएकी पात्रका रुपमा देखिएकी छन् । यस काव्यमा दुई स्वर्गकी अप्सराले नायक र नायिकालाई जन्म दिने काम गरेका छन् । धृताचीबाट रुरु र मेनका बाट प्रमद्वराको जन्म भएको छ ।

## ज. गन्धर्भराज विश्वावसु

प्रस्तुत काव्यमा गन्धर्भराज विश्वावसु खलनायक हुन् । यिनको चरित्र नारी जातिलाई खेलौना सरी उपभोग गरी सकेपछि लत्याएर हिँड्ने किसीमको देखिन्छ । कथावस्तु अनुसार साँझको समय पोखरीमा नुहाइरहेकी मेनकालाईदेखि विश्वावसु कामवासनाले उद्दीप्त भइ उनलाई भोग्न खोज्नुले इच्छा, आकाक्षा, चाहाना र शारीरिक तृप्तिको चरित्र देखिन्छ । यसरी अत्यन्त सुन्दरी अप्सरा मेनकालाई भेटी यौन प्यास मेटाएर भमरो सरी रस चुसी वास्ना हराएपछी गर्भवती मेनकालाई एक्लै अलपत्र छाडेर जानुले विश्वावसु आत्मिक प्रेम नबुझ्ने, नारीको माया ममतामा धोका दिने धोकेवाज चरित्र भएका पात्र हुन् । यसरी सुन्दर युवती देख्ने बित्तिकै उसैसँग यौन तिष्णा मेटाउनु र नारीको सौन्दर्यपान गरी सकेर यौन पिपाशु भइ अत्यमा छोडेर जानुले यिनी असत् चरित्र भएका पात्र हुन् ।

## झ. स्थूलकेश

स्थूलकेश ऋषि यस खण्डकाव्यका असल चरित्र भएका सत् पात्र हुन् । काव्यको मध्यभागबाट यिनको चर्चा भएको देखिए तापनि भूमिका महत्वपूर्ण देख्न सकिन्छ । अलपत्र अवस्थामा सालनाल सहित बेवारीसे अवस्थामा छाडीएकी बालिकालाई उठाई अफ्ना आश्रममा लगी छोरी बनाएर राखेका छन् । पुत्रीको नाम प्रमद्वरा भनि जुराउँदछन् । पालन पोषण गरी उचित शिक्षा दीक्षा दिइ सर्वश्रेष्ठ बनाउँछन् । छोरी भएर पनि छोरा सरह बेदवेदान्तको शिक्षा दिएका स्थूलकेश ऋषिमा कुनै किसिमको छोरी भनेर भेदमाव गर्ने चरित्र छैन । यिनी नारीलाई सम्मान गर्ने चरीत्र भएका व्यक्तित्व हुन् । उनी आफु पनि सर्वश्रेष्ठ विद्वान थिए भने आफ्ना आश्रममा धेरै बटुकहरूलाई शिक्षा को ज्योती फैलाउने कार्य पनि गर्दथे । यिनमा कुनै किसिमको काम, क्रोध, लोभ, मोह आदिमा आसक्त थिएनन् । यिनमा सादा जीवन उच्च विचार भएको चरित्र देखिन्छ । यिनै पात्रका कारण खण्डकाव्यकी नायिका

प्रमद्वरा बन्न सफल भएकी हुन् । स्थूलकेश ऋषिले समयमै नभेटेको भए यी बालिकाको उद्धार हुने थियो या थिएन । त्यसैले खण्डकाव्यकी नायिकाका धर्मपिताका रूपमा स्थूलकेश ऋषि रहेका छन् । स्थूलकेश ऋषिले प्रमद्वराको मनको चाहानालाई बुझि सोही अनुरुप नै उनको विवाह विधिवत रुपमा गराउनुले यिनमा अरूको इच्छा चाहाना र आकाङ्क्षाको सम्मान गर्ने र आफ्नो कर्तव्यप्रति बफादार अनि असल चरित्र भएका पात्रका रूपमा चित्रण गर्न सकिन्छ ।

## ४.५ परिवेशविधान

प्रमद्वरा खण्डकाव्यको देशकाल परिस्थिति, वातावरण तथा परिवेश महाभारतकालीन रहेको छ । त्यस समय ऋषीमुनीहरुले तपस्या गर्ने तपोभूमिलाई प्रमुख रुपमा परिवेश वनाइएको छ । प्रस्तुत काव्यमा श्री च्यवन्. ऋषी तपस्या गर्न भनी एक वनमा बसेका थिए । सोही वनमा सर्याती राजा सिकार खेल्न भनी आउँदछन् । राजासँगै उनको छोरी सुकन्या पनि आएकी हुन्छिन् । छोरी सुकन्या वनमा खेल्ने क्रममा तपस्यारत च्यवनको आँखा घोच्न पुगेकी र अन्त्यमा सुकन्या तिनै च्यवनको सेवा गरेर उनकी पत्नी भई बसेकी छन् । त्यहा च्यवन तपस्या गरेको र राजा सिकार खेल्न आएको वन अनि सुकन्या र च्यवन ऋषी बसेको आश्रम परिवेशका रूपमा आएको छ । त्यस्तै महाभारतकालीन तपोभूमिका वन जंगल, खोला नाला, पाखा, पर्वत् आदि परिवेशका रूपमा आएका छन् । त्यस वनजंगलमा भुनभुन गर्दै उड्ने भमरा कोहो कोहो गरी प्रश्न गर्ने कोयली चरी, काफल पाक्यो भनि कराउने काफल चरी, कतै फलफूलले झप्प भई फलेको वृक्षहरू आदि रहेका छन् । जस्तै :

कहींभून् भून् गर्दै रसिक भमरा आशिक सरी,
झुमिन्छन् पुष्पैमा मधुर रसको स्वादन गरी ।
कतै को हो को हो भनिकन अहो कोयल पनि,
पुकरा गर्दै त्यो पथिकहरूमा प्रश्न गरने ॥(१६:१३)

कतै काफल् पाक्यो भनिकन अहो काफल चरी,
इसारा गर्छन् लौ गहन मनको विकृत हरी ।
कतै भुन् भुन् गर्दै मधुप फलमा झुम्मिन गई,
भुलेका लठ्ठै भै मधुर रसमा लम्पट भई ॥(१७:१३)

मनै रम्ने दृष्य निहार्दै च्यवनपुत्र प्रमति घुम्दै हिडेका छन् । त्यही वनमा एक अप्सरा पाउजू बजाउदै नृत्य गर्दै गरेको प्रमतिले देख्छन् । उनीहरु बीच भेटघाट भइ वार्तालापपछि एक आपसमा आकर्षण भइ त्यही एकान्त वनमा अन्धो बैंशमा प्रभत्त भई बसेका र अप्सरा धृताचि गर्भिणी भएपछि प्रमतिले आफ्ना मातापिताको सुन्दर प्रकृतिमा अवस्थित आश्रममा लगेको आदि प्रसङ्गले यस खण्डकाव्यमा आनन्दमय परिवेश तथा वातावरण रहेको छ ।

प्रस्तुत काव्यमा ऋतुचक्रका रुपमा वसन्त ऋतुको एक सन्ध्याकालीन समयको चर्चा गरिएको छ । सन्ध्याकालको समय ढकमक फूल फूलेर भरिलो भएको वन, त्यसै वेला फुर् फुर् गरी पखेटाहरु छरी चरा, चुरुङ्गी आफ्ना गुणमा प्रवेश गर्दै गरेको परिवेश अङ्कीत छ । पहाडि भेगबाट छल छल गर्दै झर्झराएर हाम्फाल्दै झरेका छाँगा तथा खोल्सा आदि जस्ता वातावरणमा रम्दै हेर्दै सन्ध्याकालिन समयमा स्वर्गकि अप्सरा मेनका नुहाउन भनि खोलामा पसेकी हुन्छिन् । त्यही वेला गन्धर्भराज विश्वावसु पनि वनजंगलमा दृष्य अवलोकन गर्दै जाने क्रममा मेनका नुहाइरहेको स्थलमा पुग्दछन् । त्यहाँ उनीहरूबीच वार्तालापपछि त्यही अनुकुल वातावरण तथा परिवेशको सदुपयोग गरी यौनआकर्षण दुबैमा तीव्र भइ एक भएको सन्दर्भहरुको पनि यस काव्यमा उल्लेख भएको पाइन्छ । गन्धर्भराज विश्वावसुबाट मेनका गर्भिणी भएकी छन् । त्यसपछि विश्वावसुले मेनकलाई छोडी आफ्नो लोकतर्फ फर्किएका छन् । मेनकाले आफ्नो बच्चा जन्माइ कहाँ कुन स्थानमा छोड्ने भन्ने चिन्तन गर्दा स्थूलकेश ऋषी आश्रम छेउको सफा स्थल रोजेकी छिन् । महिना पूर्ण भएपछि मेनकाले एक पुगी जन्माइ त्यही आश्रम छेउ सालनाल सहित छोडेर स्वर्गतर्फ फर्किएकी छन् । यता स्थूलकेश ऋषी नित्य पाठपूजा गर्नुका निम्ति फूल टिप्न जाँदा वेवारिसे अवस्थामा देखी उठाएर आफ्नो आश्रम लगि छोरी बनाएर राख्छन् । यहाँ आएका स्थूलकेश ऋषी आश्रम छेउको रमणीय स्थल तथा स्वर्ग भौतिक परिवेशका रुपमा आएको छ भने मेनकाले वेवारिसे अवस्थामा बच्चा जन्माइ छाडेर हिडेको देखि स्थूलकेश ऋषीका मनमा उब्जेका तरङ्गहरुले वर्तमान विश्वपरिस्थितिलाई अभिव्यक्ति गर्न खोजेको देखिन्छ । यस आधारमा प्रस्तुत काव्यको परिवेश विस्तृत एवम् दीर्घ समयव्यापी र समसामयिक बन्न पुगेको छ । विश्वावसु र मेनकाको कथालाई हेर्दा वर्तमान समयको देश, काल, परिस्थितिलाई अभिव्यञ्जित गर्न सक्नु यस काव्यको परिवेशगत विशेषता हो । यस्तै काव्यका नायक (रुरु), नायिका (प्रमद्वरा) को कथामा उनीहरुको विवाहपछि सँग सँगै कुश उखेल्न गएको वन जंगल अनि दाउरा बटुल्ने क्रममा प्रमद्वरालाई सर्पले डसेर मृत्यू भएको र पति रुरुले विलौना गरी रोई कराई गरेका

कारुणिक परिवेशको चित्रण गरिएको छ । रुरुको पत्नीब्रत धर्मका कारण मृत पत्नी प्रमद्वरालाई जीवित तुल्याउन सफल भएको कथाले प्रश्रय नपाएको देखेर कविले पत्नीब्रत धर्म पनि पतिब्रता धर्म जस्तै महान थियो भन्ने कुरा प्रकाशनमा ल्याउन खोजेसँगै वर्तमान अवस्थामा श्रीमतीलाई पनि माया सम्मान र इज्जत गर्नुपर्ने सामाजिक दृष्टिकोण जस्ता पक्षहरूलाई यस काव्यले समेटेको छ ।

## ४.६ भावविधान

'प्रमद्वरा' खण्डकाव्यमा कविले मानवीय मनलाई प्रभाव पार्न सक्ने विभिन्न भावहरुको अभिव्यक्ति गरेका छन् । भावविधानका दृष्टिले विवेचना गर्दा प्रस्तुत काव्य प्रेम विषयक र नारीवादी भावलाई मुख्य रुपमा ग्रहण गरिएको पाइन्छ । यो काव्य संयोग श्रृङ्गार र वियोग श्रृङ्गार दुबैका किनारै किनार हिडेको छ । काव्यको समाप्तिका वेलामा नायक नायिका बीच विछोड हुँदा पाठकले मनलाई पिरोलिरहन्छ तर नायक (रुरु) का प्रयासले यमराजलाई नै काबुमा पारेर आफ्नो आधा उमेर दिएर प्रमद्वरालाई बचाएपछि पुनः मिलन हुन्छ र नायक रुरु यहाँ अत्यन्त खुसी भएका छन् । जस्तै :

आफ्नी प्राण प्रमद्वरा प्रियतमा देखेर साम्ने महाँ,
सार्दै गद्गद्भै उठेर रुरुले हाले अँगालो त्यहाँ ।
पैलेका दुखकष्ट विर्सन गई हर्षाश्रु झारी कन ॥
पोखे दीर्घ वियोग सो मिलनले ज्यादै खुशी भैकन ॥ (३०:९६)

प्रस्तुत काव्यमा प्रेम केवल शारीरिक इच्छा पूर्तिका रुपमा मात्र लिइनु हुँदैन साँचो प्रेम आत्मिक प्रेम हो जुन शास्वत र सत्य हुन्छ भन्ने भाव रुरुका चरित्रबाट प्रकट गरिएको छ । यस काव्यमा चार वटा कथावस्तुको समावेश गरिएको छ । ती प्रत्येक कथाहरू अन्त्यसम्म नै जोडिएर आएका छन् र चारवटै कथाले छुट्टाछुट्टै भाव छोड्न सफल भएको छ । पहिलो कथावस्तुमा च्यवन ऋषी र सुकन्या प्रसङ्ग रहेको छ । त्यहाँ अन्जानको गल्तिको सजाय सुकन्याले भोग्नु परेको छ तर त्यो समस्यामा सुकन्या कतिपनि विचलित नबनिकन आफ्नो अन्धा पति च्यवनको सेवा गरेर भगवान सम्झेर बसिन र अन्त्यमा च्यवनले दुबै आँखा र यौवनता प्राप्त गर्दछन्  त्यसपछि उनीहरुको जीवन सुखमय बनेको छ । त्यसैले हामीले पनि जीवनमा एकचोटी असफलता अथवा दुःख भयो भन्दैमा नआत्तिएर आफ्नो कर्तव्य गर्न नछोडी निरन्तरको परिश्रम र मेहनतबाट अवश्य सफलता प्राप्त गर्न सकिन्छ

भन्ने भाव प्राप्त भएको छ । अर्को कथामा च्यवन र सुकन्या पुत्र प्रमति युवक भएपछि एक स्वर्गकी अप्सरा धृताचिसँग आकर्षित भई विवाह गर्दछन् तर एक छोरा जन्मेपछि धृताचिले गृहस्थी जीवन व्यतित गरी छोरा स्याहारेर बस्न नसक्ने निधो गरी पति प्रमति र छोरा (रुरु) छोडी स्वर्गतर्फ भाग्दछिन् । यो कथा प्रसङ्गले वर्तमान अवस्थामा बढ्दो वैदेशिक रोजगारीको शिलशिलामा युवाहरु वैदेशिने गरेको र दुःख गरी कमाएर आफ्ना श्रीमतीलाई पठाउदछन् तर केही श्रीमतीहरु भने त्यो सम्पत्ती लिई अन्य परपुरुषसँग विवाह गरी भाग्ने गरेको यथार्थ घटनालाई व्यङ्ग्य गर्न खोजेको देखिन्छ । त्यस्तै गन्धर्भराज विश्वावसु र अप्सरा मेनका विचको कथा प्रसङ्गले पनि वर्तमान अवस्था कै विकृति विसंगतिको व्यङ्ग्य गरिएको छ । युवा युवती विचमा यौनआकर्षण भई आवेशमा यौन सम्बन्ध राख्न पुग्दछन् र अवैध बच्चा पेटमा आएपछि गर्भपतन तथा गर्भपतन गर्न नमिल्ने अवस्था भएमा जन्माएर झाँडीमा फाल्ने गरेको घटनाहरूको व्यङ्ग्य गरिएको छ । अन्त्यको कथामा मेनकाबाट परित्याग पुत्री प्रमद्वरालाई स्थूलकेश ऋषीले पालनपोषण गरी शिक्षित विदुषी बनाउछन् । स्थूलकेश ऋषीका पाठशालामा धेरै टाढाबाट बटुकहरू अध्ययन गर्न आउने गरेको र त्यसै क्रममा एकदिन श्री रुरु पनि ज्ञान आर्जन त्यही पाठशालामा आइ पुग्छन् । त्यहाँ अत्यन्त विदुषी र राम्री प्रमद्वरालाई देखेपछि आकर्षित हुन्छन् । रुरु पनि लायक हुनाले प्रमद्वरालाई पनि मन पर्छ र अन्त्यमा दुबैको विवाह हुन्छ । दुबै एक अर्कालाई विश्वास अनि धेरै माया गर्दथे । एकदिन सर्पको टोकाइबाट प्रमद्वराको निधन भएपछि पाठकका मनमा पनि छटपटि सृजना हुन्छ । रुरुले पत्निब्रत धर्म पालन गरेका कारण आफ्नो आधा उमेर दिएर प्रमद्वरालाई बचाउन सफल हुन्छन् र नायक नायिका वीच पुन सुखद मिलनसँगै काव्यको समाप्ति भएको छ । त्यसैले एक आपसको समर्पण नै साँचो प्रीति हो भन्ने भावले विजय प्राप्त गर्दछ । साँचो माया प्रेम भयो भने जस्तोसुकै असम्भव ठहरिएका कुराहरु पनि सफल हुँदो रहेछ भन्ने भाव यस काव्यले छोड्न सफल भएको छ ।

प्रस्तुत काव्य परिष्कारवादी तथा स्वच्छन्दतावादी भावधारामा प्रवाहित छ । यसमा प्रेम र नारीवादी चिन्तनलाई अभिव्यक्त गरिएको छ । प्रेमलाई शारीरिक इच्छा पूर्तिको साधन नबनाई आत्मिक प्रेम र ईश्वरीय सत्यका रुपमा विकसित गर्नुपर्छ भन्ने भाव यहाँ व्यक्त भएको छ । 'रति' भावलाई केन्द्रीय भावका रुपमा र अन्य विविध भावलाई सहयोगी भावका रुपमा प्रस्तुत गरिएको यस काव्यको भाव विधान पक्ष अत्यन्तै सशक्त बनेको देखिन्छ ।

## ४.६ सर्गबद्धता

काव्यमा जीवन जगतका विभिन्न कालखण्डका विभिन्न घटनाहरूलाई समावेश गर्न सर्गवद्ध गर्नुपर्ने हुन्छ । त्यसैले यस प्रमद्वरा खण्डकाव्यमा पनि सर्गवद्धता अपनाइएको छ । एउटा सर्ग एउटा खण्ड हो । यस खण्डकाव्यमा च्यवन, सुकन्या, प्रमति, धृताचि, मेनका, गन्धर्भराज, विश्वावसु, रुरु प्रमद्वरा लगायतका पात्रहरूको घटनालाई श्रृङ्खललावद्ध रूपमा खण्ड खण्ड बनाई प्रत्येक सर्गमा प्रस्तुत गरिनुले यस खण्डकाव्यको सर्गबद्धतालाई समेटेको छ । संरचनाका दृष्टिले प्रस्तुत खण्डकाव्यको विषयबस्तु जम्मा ६ सर्गमा विभाजित छ,। जसमा जम्मा ६३१ श्लोकहरू रहेका छन् । आवरण पृष्ठ र परिशिष्ठ बाहेकका खण्डकाव्यको कथालाई सुरूदेखि अन्त्यसम्म व्यक्त गर्ने क्रममा जम्मा ६०८ श्लोकहरूमा संरचित छ । यसलाई निम्नअनुसार हेर्न सकिन्छ ।

| सर्ग | श्लोक संख्या | छन्द संख्या |
|---|---|---|
| प्रथम सर्ग | ४९ | २ |
| दोस्रो सर्ग | ८२ | १० |
| तेस्रो सर्ग | ९३ | ८ |
| चौथो सर्ग | १७३ | ५ |
| पाँचौ सर्ग | १२६ | ५ |
| छैटौं सर्ग | ८५ | ३ |
| सर्ग बाहेक कविको परिचय | ११ | १ |
| अर्पण | २ | १ |
| मङ्गलाचरण | २ | १ |
| प्रस्तावना | ८ | १ |
| जम्मा | ६३१ | |

उल्लेखित प्रत्येक सर्गका छन्द विविधता र श्लोकसङ्ख्यामा एकरूपता पाईदैन । कथाबस्तुलााई खण्ड खण्डमा वर्णन गरिएकोले यो खण्डकाव्य पूर्वीय खण्डकाव्यकको

मान्यता सर्गवद्धतालाई पालना गरी लेखिएको छ । च्यवन ऋषि र सुकन्याका जीवन लीलाको वर्णन हुनु, उनीहरूको तेस्रो पुस्ता सम्मको वर्णन हुनु उनीहरूको तेस्रो पुस्तासम्मको श्रङ्खलाबद्ध वर्णन गरिनु र अन्त्यतिर स्वर्गकी अप्सरा मेनका र विस्वावसुको कथाहरू बिस्तारपूर्वक वर्णन गरिएको छ । उनीहरूकी छोरी प्रमद्वराको जीवनको चर्चा परिचर्चा र तिनै च्यवनका नाति रुरुसँग प्रमद्वराको विवाह भएको छ । त्यसपछिका दुःख सुख आदि प्रसङ्ग भित्र घुमेको कथावस्तु विभिन्न खण्डमा बिस्तार गरिएको छ ।

**क) सबैभन्दा सानो सर्ग**

प्रमद्वरा खण्डकाव्यमा ६ वटा सर्गहरू समाविष्ट रहेका छन् । ती ६ सर्गमध्ये पहिलो सर्ग सबैभन्दा सानो सर्गमा रहेको छ, भने ६ वटा सर्गहरूमध्ये सबैभन्दा ठूलो सर्ग चौथो रहेको छ । सबैभन्दा सानो सर्ग प्रथम सर्गमा ४९ वटा श्लोक संख्या रहेका छन् । छन्दका दृष्टिले यस सर्गमा दुई वटा छन्दहरू प्रयोग भएका छन् । कथाको आयतनका दृष्टिले हेर्ने हो भने प्रथम सर्गमा महर्षि श्री भृगुऋषिका पुत्र च्यवन ऋषि तपस्या गर्न भनी बसेका थिए । तपस्या गर्दा गर्दै धेरै काल बितेको र शरीर भरीनै धमिराले छोपेको थियो । त्यसै बखत सर्याती राजा घुम्न भनी त्यही तपस्या गरेको स्थल परिवार सहित आएका र सर्याति राजाकी छोरी सुकन्या पनि आएकी हुन्छिन् । उनी चञ्चले स्वभाव भएका कारण खेल्दै च्यवन तपस्या गरेको स्थलसम्म पुगेकी छिन् । माटोको ढिकुरो भित्र आँखा टल्किरहेको देखि घोचाले घोच्दा आँखा फुटी रगत निस्कीएको र अन्त्यमा सुकन्याले तिनै ऋषिसँग विवाह गरेर बस्नुपरेको छ । अश्विनिकुमारलाई खुसी पारी च्यवनले यौवन प्राप्त गरेका छन्,। च्यवन सुकन्याको खुसीले जीवन बित्न थालेको प्रसङ्ग रहेको छ । केहीसमय पछि दुवैलाई पुत्र लाभ भएको र उक्त पुत्र प्रमतिको बालापनको चर्चा भएको छोटो कथानक भएका कारण यो प्रथम सर्ग सबैभन्दा सानो सर्ग रहेको छ । पात्रका दृष्टिले यस प्रथम सर्गमा च्यवन, सुकन्या, सर्याती, प्रमती, स्वर्वैद्य र अश्विनिकुमार गरी ६ जना पात्र पात्रको प्रयोग गरिएको छ । श्लोक संख्याका दृष्टिले सानो भएपनि विषयवस्तु र पात्रको उठान भने पर्याप्त मात्रामा रहेका छन् । अन्य सर्गका लागि आवश्यक सामग्रीको उठान यसै सर्गवाट प्राप्त गर्न सकिन्छ ।

### ख) सबैभन्दा ठूलो सर्ग

प्रमद्वरा खण्डकाव्यमा सबैभन्दा ठूलो सर्ग चौथो सर्ग रहेको छ । यस चौथो सर्ग जम्मा १७३ श्लोक संख्यामा संरचित रहेको छ । यस चौथो सर्गमा पाँच ओटा छन्दहरू रहेका छन् । यहाँ यस खण्डकाव्यका प्रमुख पात्रपात्रा रुरु र प्रमद्वराका विचको आकर्षण, हृदय मिलन आदि रहेको छ । यस चौथो सर्गको सुरूमा प्रमद्वरालाई सालनाल सहित अलपत्र अवश्थामा छोडेको देखी स्थूलकेश ऋषिले आफ्ना आश्रममा ल्याई नामाकरण गराई राख्दछन् । निसन्तान ऋषि र ऋषिपत्नी अत्यन्त खुसी भइ प्रमद्वरालाई पालन पोषण गरी उनको बाललीलामा मुग्ध भई दिन बित्दै जान्छ । बिस्तारै प्रमद्वरा हुर्कदै गएकी, मनोरमा, प्रवालिका र सूलोचना प्रमद्वराका सखीहरू सँगै हिँडडुल खेल्न गफगाफ गर्ने गरेकी छिन् । बिस्तारै यौवन अवस्थामा प्रवेश गरेको प्रसङ्ग स्थूलकेश ऋषिले शिक्षा दीक्षा दिदै योग्य बनाएका छन् । त्यसै बखत एक दिन ज्ञान आर्जन गर्न भनि घुम्दै रुरु त्यही स्थूलकेश ऋषिका आश्रम आइपुगेको प्रसङ्ग रहेको छ । त्यसैबखत प्रमद्वरा र रुरुले एक आपसमा मन पराएको देखिन्छ । ऋषिपत्निको पनि रुरुलाई ज्वाइँ बनाउन पाए हुन्थ्यो भन्ने सोच रहेको थियो । ज्ञान आर्जन गरीसकेपछि रुरु आफ्नो निवासतर्फ फर्किएका छन् । त्यसपछि दुवै एक अर्काको यादमा छटपटाएको प्रसङ्ग आदि यस चतुर्थ सर्ग भित्र रहेको छ । यो सर्गमा कविले रुरु र प्रमद्वराको भेट गराएका छन् । यसरी हेर्दा चतुर्थ सर्ग संयोगान्त र सुखद रहेको छ । किनभने निसन्तान ऋषिलाई पुत्री प्राप्त भएको र प्रमद्वराको र रुरुको भेट भएको प्रसङ्गका कारण सुखद कथावस्तु रहेको मान्न सकिन्छ त्यसैले यो अन्य सर्गहरू भन्दा ठुलो सर्गका रूपमा रहेको छ ।

## ४.८ छन्द वा लयविधान

कवि मित्रप्रसाद दाहाल छन्दवादी साहित्यकार हुन् । उनका प्राय सबै कृतिहरू छन्दोबद्ध नै रहेका छन् । वर्णमात्रिक छन्दका कठोर अनुशासन भित्र रहेर उनले यस खण्डकाव्यलाई १३ वटा छन्दहरूको प्रयोग गरी पूर्णता दिएका छन् । प्रस्तुत खण्डकाव्यमा प्रयोग गरिएका छन्दहरू शार्दूलविक्रीडित, मालिनी, शिखरिणि, वंशस्थ, मन्दाक्रान्ता, श्रग्धरा, भुजङ्गप्रयात, पञ्चचामर, अनुष्टुप, द्रुतविलम्बित, बसन्ततिलका ,वियोगिनी, का उदाहरण यहाँ प्रस्तुत गरिन्छ ।

## १. शार्दूलविक्रीडित छन्द

शार्दूलवक्रिडित छन्दको हरेक पाउमा उन्नाइस उन्नाइस अक्षरहरू हुन्छन् । उन्नाइस अक्षरहरूमध्ये बाह्रौं र उन्नाइसौं अक्षरमा विश्राम हुन्छ (ढुङ्गाना, २०६८ : १७५) ।

गण : म स ज स त त गु

संकेत :ऽऽऽ ।।ऽ ।ऽ। ।।ऽ ऽऽ। ऽऽ। ऽ

यस खण्डकाव्यको चौथो सर्गमा प्रयोग गरिएको उक्त छन्दको उदाहरण :

केहीकाल बितो दुवै किन कसो थाले अलिक् झर्कन,
आपस्मा मनको दुरी बढनगै बढ्दै गयो गन्थन ।
टाढाझैं नजिकै भए पनि कतै हुन्की भनेझै भए,
झन् झन् प्रेम घटेर आखिर दुवै आफैं बिराना भए ॥ (४१ :९०)

उक्त श्लोकमा गन्धर्भराज विश्वावसु र मेनका अप्सरा बीच बढेको मन मुटाब र मनको दुरी बढेको प्रसङ्ग रहेको छ ।

## २. मालिनी छन्द

मालिनी छन्दको हरेक पाउमा पन्ध्र पन्ध्र अक्षरहरू हुन्छन् । पन्ध्र अक्षरहरूमध्ये आठौं र सातौं अक्षरमा विश्राम हुन्छ (ढुङ्गाना, २०६८ : १७८) ।

गण : न न म य य

संकेत : ।।। ।।। ऽऽऽ ।ऽऽ ।ऽऽ

यस खण्डकाव्यको पाँचौं सर्गमा प्रयोग गरिएको उक्त छन्दको उदाहरण :

जब रुरु पुगिहाले आफ्नो आश्रमैमा ,
कलम चपल बन्दै भावनामा डुबेर ।
चरण परि सबैका पाउमा शीर् नुहाए,
च्यवन अनि सुकन्या पाउमा माथ लाए ॥(२:६९)

तृतीय सर्गमा प्रस्तुत मालिनी छन्दको अर्को उदाहरण

अतिसयछ सुस्निग्धै रूप लावण्यताको,

बचन पनिछ तोते मोहनी लाउने त्यो ।

छुनुमुनु गरने त्यो चञ्चले बानी राम्रो,

प्रमति अति चनाखो चकचके नानि हाम्रो ॥ (१:१०)

सुकन्या र च्यवन ऋषिबाट पुत्र प्रमति जन्मिएपछि हर्षोल्लास छाइरहेको समयमा दिनप्रतिदिन हुर्कदै गएको उसको मोहनी लगाउने तोते बोली छुनुमुनु गर्दै चकचक गरेको आदि बाल लिलामा ऋषि दम्पतीले खुसी व्यक्त गरेको प्रसङ्ग मालिनी छन्दमा रहेको छ ।

### ३. शिखरिणी छन्द

शिखरिणी छन्दको हरेक पाउमा सत्र सत्र अक्षरहरू हुन्छन् । सत्र अक्षरमध्ये छ र एघार अक्षरमा विश्राम हुन्छ (ढुङ्गाना, २०६८:१७५) ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण : | य | म | न | स | भ | ल | गु |
| सङ्केत : | ISS | SSS | III | IIS | SII | I | S |

यस खण्डकाव्यको द्वितिय सर्गमा प्रयोग गरिएको उक्त छन्दको उदाहरण :

कहीँ भुन्भुन् गर्दै रसिक भमरा आशिक सरी,

झुमिन्छन् पुष्पैमा मधुर रसको स्वादन गरी ।

कतै को हो को हो भनिकन अहो कोयल पनी,

पुकारा गर्दै त्यो पथिकहरूमा प्रश्न गरने ॥(१६:१३)

कविता वाचनको क्रममा श्रोतालाई बढी आनन्ददायी बनाउने छन्द शिखरिणी हो । यहाँ कविले स्वर्गमा भएको वनजंगलको वर्णन खुलेर शिखरिणी छन्दमा गरेका छन् ।

### ४. वंशस्थ छन्द

वंशस्थ छन्दको हरेक पाउमा बाह्र बाह्र अक्षरहरू हुन्छन् । बाह्र अक्षरमध्ये पाचौं र सातौं अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा जगण, तगण, जगण, रगण हुन्छ (ढुङ्गाना, २०६८: १७७/१७८) ।

| | | | | |
|---|---|---|---|---|
| गण : | ज | त | ज | र |
| सङ्केत : | ISS | SSI | ISI | ISI |

यस खण्डकाव्यको तृतीय सर्गमा प्रयोग गरिएको उक्त छन्दको उदाहरण :

तिर मेनकाले झरी भूमिमा खुब,

मिठो सुरीलो लय तालका सँग ।

नचाइ आफ्ना दुइ पाउ छम्छम,

गरिन् जसै नृत्य खुलाई त्यो मन ॥(२४ :२९)

स्वर्गकी परी अप्सरा मेनका गीतको सुरीलो तालमा आफ्ना दुई पाउ नचाइ आफ्नो मन प्रफुल्ल पार्दै साँझको समयमा वन घुमेको प्रसङ्ग श्लोकमा वंशस्थ छन्दमा प्रस्तुत गरेका छन् ।

**६. मन्दाक्रान्ता छन्द**

मन्दाक्रन्ता छन्दको हरेक पाउमा सत्र सत्र अक्षरहरू हुन्छन् । सत्र अक्षरमध्ये चौथो, दसौं र सत्रौं अक्षरमा विश्राम हुन्छ (ढुङ्गाना, २०६८ : १७५) ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण : | म | भ | न | त | त | गु | गु |
| सङ्केत : | ऽऽऽ | ऽ॥ | ॥। | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

यस खण्डकाव्यको तृतीय सर्गमा प्रयोग गरीएको उक्त छन्दको उदाहरण :

को हौ वाले ! भन तिमि अहो हो कता जन्म गाऊँ ?

आयौ याहाँ कसरि किन लौ शुन्य निर्जन छ ठाउँ ।

देख्ता तिम्रो अपरुपरुपै दिव्य लावण्य युक्त,

थाम्नैलाई मन कठिन भो ढुक्ढुकी बढ्छ भित्र (५६ :३५ )

उक्त श्लोकमा साँझको समयमा पोखरीमा निर्वस्त्र नुहाउदै गरेकी मेनकालाई गन्धर्भराज विश्वावसुले देखेपछि कामाशक्त भएर मेनकालाई प्रश्न गरेको प्रसङ्ग अत्यन्त सुमधुर ढङ्गले मन्दाक्रान्ता छन्दमा कविले प्रस्तुत गरेका छन् । मन्दाक्रान्ता बिस्तारो, मिठो एवम् रसीलो ढङ्गले प्रभाबकारी वाचन गरीने भएकाले मन्दाक्रान्ता भन्ने नामाकरण गरिएको छ । (स्रोत)

### ७. श्रग्धरा छन्द

श्रग्धरा छन्दको हरेक पाउमा एक्काइस एक्काइस अक्षरहरू हुन्छन् । एक्काइस अक्षरहरूमध्ये सातौं, चौधौं र एककाइसौं अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा मगण, रगण, भगण, नगण, यगण यगण यगण हुन्छ (ढुङ्गाना, २०५८ : १८०) ।

यस खण्डकाव्यको द्वितीय सर्गमा प्रस्तुत उक्त छन्दको उदाहरण

बढ्थे दिन् दिन् क्रमैले रुरु अब शशिका कान्ति झैं भै उज्याला,
बोकौं बोकौं सरीका छुनुमुनु गरदै प्याउँथे प्रेम प्याला ।
पास्नीसाथै गरे सब् विधि ति प्रमतिले साथमा क्षौर कर्म ॥
विद्यारम्भै गराए च्यवन तनयले ठानि आफ्नो स्वधर्म (७७ :२४ )

धृताची र प्रमती पुत्र रुरु दिनप्रतिदिन बढ्दै जान्छन् । पास्नीका साथै क्षवर कर्म सँगै विद्यारम्भ गर्दै गएको कुरा श्रग्धरा छन्दमा कविले उक्त श्लोकमा व्यक्त गरेका छन् ।

### ८. भुजङ्गप्रयात छन्द

भुजङ्गप्रयात छन्दको हरेक पाउमा बाह्र बाह्र अक्षरहरू हुन्छन् । बाह्र अक्षर मध्ये छ छ अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा चार, चार यगण हुन्छ (ढुङ्गाना, २०६८ : १७७) ।

गण : य य य य

संकेत : ।ऽऽ ।ऽऽ ।ऽऽ ।ऽऽ

यस खण्डकाव्यको चतुर्थ सर्गमा उल्लिखित उक्त छन्दको उदाहरण :

अहो चुलबुले चाल चञ्चल पनाकी,
रूँदै आँसुले नेत्र सबैले भिजेकी ।
सुनैले सजेकी सुनैले कुँदेकी,
सुनैको सरी वर्ण राम्री भएकी (१:४१)

मेनकाले छोरी जन्माएर बेवारीसे छाडेर गए पछि बच्ची रोइरहेको अवस्थामा स्थूलकेश ऋषि त्यहाँ पुगेको प्रसङ्गको यो चतुर्थ सर्गको प्रथम श्लोक कविले भुजङ्गप्रयात छन्दमा लेखेका छन् ।

## ९. पञ्चचामर छन्द

पञ्चचामर छन्दको प्रत्येक पाउमा १६ अक्षर हुन्छन् । आठौं अक्षरमा विश्राम लिइने यस छन्दमा जगण, रगण, जगण, रगण, जगण र गुरू गण छन् (पौड्याल, २०६८ :३४५) ।

गण : ज र ज र ज गु

सङ्केत :ISI SIS ISI SIS ISI S

यस खण्डकाव्यको चतुर्थ सर्गमा प्रयोग गरीएको उक्त छन्दको उदाहरण :

हँसाउदै नचाउँदै उफारदै जताततै ।
लिएर काख काखमा रमाउँदै समाउँथे,
ऋषिकुमार साथमा प्रमद्धरा छम्छम ।
गरेर नाच गर्दथिन् तडित् समान चम्चम ॥(६५:४९)

स्थूलकेश ऋषिका आश्रममा प्रमद्वराको बाल्यापन अवस्थामा नाच्दै हाँस्दै हाँस्दै हुर्कीएको प्रसङ्गलाई कविले पञ्चचामर छन्दमा रोचक ढङ्गले वर्णन गरेका छन् ।

## १०. अनुष्टुप छन्द

अनुष्टुप छन्दको हरेक पाउमा पाँचौं अक्षरमा लघु, छैटौं गुरू दोस्रो र चौथो पाउको सातौं अक्षर लघु र पहिलो र तेस्रो पाउको सातौं अक्षर गुरू हुन्छ (ढुङ्गाना, २०६८:१८०) ।

यस खण्डकाव्यको चतुर्थ सर्गमा प्रयोग गरिएको उक्त छन्दको कविता,

पढे ब्राह्मणले वेद, गरे मङ्गल बाचन ।
थिए कूलपती आँफैं, स्थूलकेश तपोधन ॥ (१९ : ४४)
धेरै ऋषि बसेको त्यो, तपोवन मनोहर ।
पढ्थे ब्राह्मणका बालक्, बन्नलाई धुरन्धर ॥ (२० : ४५)

## ११. द्रुतविलम्बित छन्द

द्रुतविलम्बित छन्दको हरेक पाउमा बाह्र बाह्र अक्षरहरू हुन्छन् । बाह्र अक्षरहरू मध्ये पाँच र सात अक्षरमा विश्राम हुन्छ (ढुङ्गाना, २०६८ : १८०) ।

गण :     नगण     भगण     भगण     रगण

सङ्केत : ।।।     ऽ।।     ऽ।।     ।ऽ।

यस खण्डकाव्यको द्वितिय सर्गमा प्रयोग गरिएको उक्त छन्दको कविता,

अब अहो रुरुको वय छिप्पियो,
तरूण भै उनमा रस बर्षियो ।
प्रमतिको खुसिले मन ढुक्क भो,
अब कथा अरको तिर लम्कियो ॥ (८०:२४)

रुरु तरूण अवस्थामा प्रवेश गरेपछि पिता प्रमति खुसी भएका छन् । त्यसपछि कथाले अर्को मोड लिएर लम्किने कुरा कविले द्रुतविलम्बित छन्दमा यस श्लोकमा व्यक्त गरेका छन् ।

## १२. बसन्ततिलका छन्द

बसन्त तिलका छन्दको हरेक पाउमा चौध चौध अक्षरहरू हुन्छन् । चौघ अक्षरमध्ये आठ र छ अक्षरमा विश्राम हुन्छ (ढुङ्गाना, २०६८ : १७८) ।

गण :     त     भ     ज     ज     गु     गु

सङ्केत :ऽऽ।     ऽ।।     ।ऽ।     ।ऽ।     ।     ।

यस खण्डकाव्यको चतुर्थ सर्गमा प्रयोग गरिएको उक्त छन्दको कविता :

देखेर साम् अति दिव्य जवान केटा ,
आँखा झिमिक्क नगरी ति प्रमद्वराता ।
हेर्थिन् सखी सँग पछाडि बसेर रूप,
कन्दर्प तुल्य रुरुको अनुहार खुप ॥(१०६:५६)

रुरु विद्या आर्जन गर्न स्थूलकेश ऋषिको आश्रम पुगेपछि प्रमद्वरालाई उनलाई देखेर आँखा झिमिक्क नगरी हेर्छन् र मन पराउन थालेको प्रसङ्ग बसन्ततिलका छन्दमा कविले प्रस्तुत गरेका छन् ।

### १३. वियोगिनी छन्द

गण : स स ज गु (विषम चरण)

सङ्केत : ।ऽऽ ।।ऽ ।ऽ। ऽ

गण : स भ र ल गु (सम चरण)

सङ्केत : ।।ऽ ऽऽ। ऽ।ऽ । ऽ (पौड्याल, २०६९ : ३५०)

यस खण्डकाव्यको छैटौं सर्गमा प्रयोग गरिएको उक्त छन्दको उदाहरण,

यसरी अब शोक भोकको,
गहिरो भाव लिँदै दुखान्तको ।
रुरुका दुःखका बयानको,
सुरुभो लेखन काव्य यो अहो ॥(१:९१)

वियोगिनी छन्दको वाचन र श्रवण गर्दा श्रोताको मनमा वियोगाभास र वैराग्य उत्पन्न हुन्छ । प्रमद्वराको निधन भएपछि रुरुमा भएको दुःखको बयान आरम्भ भएको जानकारी कविले यस छैटौं सर्गको प्रथम श्लोकमा वियोगिनी छन्दबाट सुरूवात गरेका छन् ।

उल्लेखित छन्दयोजनालाई हेर्दा समग्रमा यस खण्डकाव्यमा विभिन्न १३ वटा छन्दहरूको प्रयोग गरिएको पाइन्छ । यी छन्दहरूको प्रयोगले खण्डकाव्यलाई पठनयोग्य र रोचक बनाई खण्डकाव्यको मान्यतानुरूपको छन्दोबद्धतालाई कविले अङ्गालेका छन् । एक सर्गमा अनेक छन्द र सर्गान्तमा छन्द परिवर्तन हुनुपर्ने काव्यको पूर्वीय सिद्धान्तलाई अङ्गीकार गरिएको छ । त्यसैले यो खण्डकाव्य परिष्कारवादी खण्डकाव्य हो भन्ने आधार मिल्दछ ।

यस खण्डकाव्यको छन्दयोजनालाई दृष्टिगत गर्दा शार्दूलविक्रीडित छन्द ७ पटक, मालिनी छन्द ५ पटक, वसन्ततिलका छन्द ४ पटक, शालिनी छन्द २ पटक, भुजङ्गप्रयात छन्द १ पटक, अनुष्टुप छन्द १ पटक र वियोगिनी छन्द १ पटक प्रयोग भएका छन् ।

यस खण्डकाव्यमा छन्द योजनाका दृष्टिले हेर्ने हो भने कतै कतै छन्द साधना नपुगेको देखिन्छ भने वर्णविन्यासमा पनि त्रुटिहरू देखापरेका छन् । त्यसमा कवि स्वयम सचेत बनेर पाठकसँग केही कमी कमजोरीहरु भएमा औंल्याइदिन यसरी अनुरोध पनि गरेका छन् ।

यो यौटा मनको सुभाषितमयि हो भावना मञ्जरी,

पैलो काव्य सुकल्पना ह्वदयको अध्यात्मक साहित्य ली ।

सुम्पें काव्य समर्थ पाठकमहाँ यौटा थुँगो पुष्पको ।

औंल्याए परिमार्जनै छ गरिने मैले गरे बिन्ति यो ॥(६:८४)

## ४.९ रसविधान

'प्रमद्वारा' खण्डकाव्यमा विभिन्न रसको प्रयोग गरिएको छ । खण्डकाव्यको कथालाई प्रस्तुत गर्ने क्रममा रस प्रयोगका दृष्टिले विभिन्न रसहरूको प्रयोग भएको छ । विशेष गरेर यस खण्डकाव्यमा श्रृङ्गार रस परिपाक अवस्थामा पुगेको छ । श्रृङ्गार रससँगै अन्य रसका उदाहरणहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### १. श्रृङ्गार रस

परस्पर अनुरागमा बाँधिएका नायक नायिकाको एक अर्काको प्रेमको वर्णन भएमा श्रृङ्गार रस हुन्छ । यसको दुई भेद छन् । सम्भोग वा संयोग श्रृङ्गार र विप्रलम्भ वा विरह । संभोग वा संयोगमा नायक-नायिकाको संयोगात्मक प्रेमको वर्णन हुन्छ र यो प्रेम दर्शन, सम्भाषण, स्पर्श, आलिङ्गन आदि गरी अनेक प्रकारको हुन्छ (उपाध्याय, २०६१:५८) ।

श्रृङ्गार रसका आलम्बन परस्परमा प्रेममा आशक्त नरनारी हुन्छन् र उद्दीपन एकान्त, उद्यान, चन्द्रमा, चन्द्रिकाको, भ्रमर आदि हुन्छन् । यसका अनुभाव कटाक्षपात, मुस्कान, लज्जा आदि हुन् भने व्यभिचारी (सञ्चरी) भाव हुन्, ग्लानी, दीनता, मलिनता आदि हुन् । यसको स्थायी भाव रति हो । (उपाध्याय, २०६१:५८) ।

### क. सम्भोग (संयोग) श्रृङ्गार

यस खण्डकाव्यमा च्यवन र सकन्याका पुत्र प्रमति प्रकृतिप्रेमी भएकाले एक दिन वन, जंङ्गल, पहाड, पर्वत अवलोकन गर्दै जाने क्रममा जङ्गलको धेरै भित्रसम्म पुग्दछन् । त्यहाँबाट बाहिर निस्कन उनलाई गाह्रो भइरहेका बखत स्वर्गकी अप्सरा धृताचि त्यही जङ्गलमा नाच्दै हिडेको देख्छन् । दुबैको आँखा जुध्न पुग्छ । त्यसपछि आ-आफ्नो परिचय आदानप्रदान हुन्छ । प्रमति धेरै सुन्दर आकर्षक जिउडाल भएको युवक र धृताचि अप्सरा पनि अत्यन्त सुन्दरी भएका कारण एक अर्कामा यौन आकर्षण पैदा हुन्छ । त्यसै बखत धृताचि रिँगटा चलेको नाटक गरी आफूलाई समाउनको लागि प्रमतिलाई आग्रह गर्छिन् ।

त्यसपछि धृताचिमा उत्पन्न भएको यौन तृष्णा खप्न नसकी प्रमतिलाई व्यक्त गरिएको प्रसङ्ग यस खण्डकाव्यमा श्रृङ्गार रसको उत्कृष्ट रुपमा प्रयोग भएको छ जस्तै :

लौ है बचाउनु हवस दिल सुम्पि दिन्छु,
बाँचा गरे हजुरको गृहिणी म बन्छु ।
भन्दै उठेर सहसा गरी अङ्कमाल,
पोखिन् सबै मिलनका मनका उछाल ॥ (६:२०)

उक्त कवितांशमा प्रेमाशक्त देखिने धृताचि आलम्बन हो । उनको मनको व्यग्रता उद्दीपनका रूपमा आएको छ । खुशी व्यभिचारी भाव हो र यसबाट उत्पन्न भएको रति स्थायी भाव हो ।

**संयोग श्रृङ्गारका अन्य उदाहरणः**

डुब्दा प्रेम सरोबरै बिच दुबै माझी थियो योवन,
विर्सेछन् दिन के कसो गरी बिते थाहै नपाईकन ।
दोटै प्रेम पिपासुथे मदनले आगो जलाई दिंदा ,
वर्षेवादल झैं ऋषी पृथ्वी झैं पग्लिन सुकन्या अहा ॥ (४०:८)

यहाँ अन्धा च्यवनलाई आँखा र यौवन प्राप्त भएपछि सुकन्या र च्यवन दुबै खुसी भइ एक आपसको रसिलो दाम्पत्य जीवनको वर्णन गरिएको छ ।

भन्दै आफ्ना जब ति परिले हात माथि उठाइन्,
राजा विश्वाबसु नजिक थे काँधमा झुट चढाइन् ।
के नै बाँकी दुइदिल मिले चाँदनी चन्द्रका झैं,
मानौं दोटा हृदय मिलदा एक प्राणै भएझैं ॥ (८०:३९)

बिर्से सारा दुख सुख सबै शोक टन्टा तजेर,
आफैंलाई पनि भुलि दिंदा बाँकी के नै रह्योर ।
निन्द्रा भोकै सब भुलिगए बिर्सिए लौ थकाई,
कामै क्रीडा बिच मगनभैं भोग गर्ने रमाई ॥(८१:३९)

यहाँ साँझको समयमा नुहाइरहेकी मेनका अप्सरालाई देखेर गन्धर्भराज विश्वावसुमा उत्पन्न भएको यौन चाहनालाई बुझेर मेनकामा पनि सोही अवस्था भएको र एक अर्काप्रति समर्पित भएको प्रसङ्गलाई श्रृङ्गार रसमा उत्कृष्ट ढङ्गले प्रस्तुत गरिएको छ ।

यसरी प्रमद्वारा खण्डकाव्य श्रृङ्गाररस प्रधान खण्डकाव्य बन्न सफल भएको छ ।

**ख. विप्रलम्भ (वियोग) श्रृङ्गार**

यस खण्डकाव्यमा प्रमतिकी पत्नि धृताचिले एक पुत्र (रुरु) जन्माइसकेपछि पुत्रको लालनपालन गरी घरगृहस्थी सम्हालेर बस्न नसक्ने निधो गरी सबैलाई त्यागी पुन भागेर स्वर्गतर्फ फर्किन्छिन् । यता प्रमती वियोगको पीडामा पागलसरी भएर रूँदै वनजंगल, खोलानाला, झारपात आदिलाई आफ्नी प्रीय पत्निलाई कतै देख्यो कि भनी सोध्दै र खोज्दै हिँड्दाको अवस्थामा वियोग अथवा विप्रलम्भ श्रृङ्गार आएको छ । जस्तैः

हे ! वनका पशु प्राणी पंक्षिहरु हो ! सारा लता वृक्ष हो,<br>
मेरी प्राण प्रिया भए भन कतै देख्तीन काही अहो ।<br>
बाँच्नैलाई कठीन भयो उनीबिना मेरो भयो दुर्गति ॥<br>
ज्यादै निष्ठुर भै गइन् अब कता छोडेर आफ्नो पति ॥(७२:२३)

उक्त कवितामा प्रमति (विलौना गर्ने) आलम्बन हुन् । हराएकी धृताचिलाई नदेख्नु उद्दीपन हो । खोज्दै हिड्नु, देख्यो कि भनी सोध्नु आँस बगाउनु अनुभाव हुन् । मनमा चोट परी पागल झैं हुनु व्यभिचारी भाव हो र यसबाट व्यक्त हुने धृताचिप्रतिको माया रति भाव हो ।

**२. करुण रस**

पुत्र कलत्र आदि प्रियजनतिको वियोग वा मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको विनास देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ । वियुक्त विपतग्रस्त वा मृतप्रियजनबाट विनष्ट वस्तु यसको आलम्बन बन्छ । प्रियको गुणको सम्झना आदि यसको उद्दीपन हुन्छन् । दैवनिन्दा, गुहार माग्नु, पछारिनु, कपाल लुछ्नु, रुनु कराउनु आदि यसका अनुभाव हुन्छन् र विवर्णता, उच्वास, मुर्छा आदि यसका व्यभिचारी भाव हुन् र शोक यसको स्थायी भाव हो (उपाध्याय, २०६१: ५९) ।

यस खण्डकाव्यका (नायक नायिका) प्रमती पुत्र रुरु र मेनका पुत्री प्रमद्वारा बिच विवाह भएपछि दुबै प्रेमसँग दाम्पत्य जीवन व्यतित गरिहेका हुन्छन् । दुबै पति पत्नि जहाँ जुन कामका लागि पनि सँग सँगै जाने गर्दथे । यसै क्रममा एक दिन प्रमद्वाराले आफ्ना पति रुरु समक्ष विदा मागी सखीहरूसँग दाउरा बटुल्न जङ्गल गएकी हुन्छिन् । जङ्गलमा दाउरा बटुल्ने क्रममा एउटा सर्प आई प्रमद्वाराको खुट्टामा डस्न पुग्छ । तत्काल प्रमद्वाराको आयु समाप्त भई उनको मृत्यू हुन पुग्छ । सो घटना रुरुले थाहा पाउना साथै उनी काटेको रूख झैं बेहोस भई ढल्न पुग्छन् । होसमा आएपछि दगुर्दै मृत प्रमद्वारा छेउ आई उनलाई काखमा राखी रोई कराई विलौना गरेको कारुणिक दृष्य मिश्रित चित्रण नै करुण रसको करुण रसमा आधारित कविताको उदाहरण यसप्रकार छ ।

भन्दै छाति पिटेर काख  बिचमा राखेर पत्नी कन,

गर्थे धेर  विलाप  थाम्न नसकी भक्कानु पारी मन ।

जीवन् हीन थिइन् तथापी अहिले बोल्लिन् भने झैं गरी,

देखिन्थ्यो उनको मुहार हँसिलो निन्द्रा परेको सरी  ॥ (१२०:८९)

उक्त कवितामा रुरु (विलौना गर्ने) आलम्बन हुन् र मृत भएकी पत्निलाई देख्नु उद्दीपन हो । मृत पत्निलाई काखमा राख्नु, भक्कानु परी रुनु, विलाप गर्नु, आँसु बगाउनु अनुभाव हुन् । मृत प्रमद्वरालाई देखी चिन्ता उत्पन्न हुनु व्यभिचारी भाव हो । यस प्रसङ्गबाट उत्पन्न  हुने शोक/दुःख यसको स्थायी भाव हो । यस रसका अन्य उदाहरणः

रुरुले अतिनै अधैर्यले,
मन खिन्नै बनिदा वियोगले ।
अब होस् गुमाउँदै खुब,
न गरे भोजन पान नै कव ॥
(२:९१)

दिनरात वियोगमा रुँदा,
मन थाम्नै नसकेर आत्तिदा ।
लिइकाख प्रमद्वाराकन,
भनथे लौ अब खोल लोचन ॥
(३:९१)

पत्नि वियोगमा छटपटाएका रुरुको अति नै कारूणिक अवस्थाको चित्रण माथिका पङ्तिहरूमा गरिएको छ ।

## ३. रौद्ररस

गरुजन वा आत्मियजनको अपमान वा वध आदि कार्य भएमा रौद्ररसको अभिव्यक्ति हुन्छ । अपराधी व्यक्ति यसको आलम्बन (विषय) हुन्छ भने प्रतिशोध लिने व्यक्ति आश्रय ( आलम्बन) अपराधीद्वारा गरिने बलप्रयोग हत्या, अपमान आदि यसका उद्दीपन हुन् । कठोर बचन आदि अनुभाव हुन् र गर्व, क्रुरता, उग्रता आदि व्यभिचारी (सञ्चारी) हुन् भने क्रोध यसको स्थायी भाव हो (उपाध्याय २०६१: ६०) ।

यस काव्यमा नायिका प्रमद्वाराको मृत्यु भएपछि शोकाकुल भएका नायक रुरुले देवताहरू पट्टी फर्केर आफूले जीवन भर शुद्ध मन बचन र कर्मले ब्रह्मत्व पालना गरेको हुनाले पत्नि प्रमद्वरा जियाउनका लागि आग्रह र विन्ति गर्दछन् तर देवताहरूले आफ्नो दूतलाई सन्देश पठाई संसारमा मरिसकेको जीवनलाई फेरी बचाउन नसकिने कुरा बताएपछि, देवताहरूको निष्ठुरीपना बुझेर रुरुमा क्रोध उत्पन्न भएको छ । आफ्नी पत्निलाई जसरी हुन्छ बचाउनु पर्ने नत्र संसार ध्वस्त पार्दछु भनेर रुरुले देवताहरूलाई धम्कि दिएको प्रसङ्गमा रौद्र रस भाव व्यक्त भएको छ । जस्तैः

द्यौताको निठुरीपना जब बुझे सोचेर धेरै कुरा,  
व्यूँझन्छिन् यि प्रमद्वारा कसरीलौ त्यागेर निन्द्रा पूरा ।  
सारा शक्ति लगाउने अब परो ब्रह्मत्व औ योगको ॥  
संसारै अब ध्वस्त पार्दछु म ता सोचुन् यि द्योता अहो ॥(२५:९५)

यहाँ सर्प आलम्बन (विषय) रुरु आश्रय (आलम्बन), देवताहरूको निष्ठुरीपन उद्दीपन हो । ब्रह्मत्व र योगको शक्ति लगाउने धम्कि दिनु अनुभाव ध्वस्त पार्छु भन्नु व्यभिचारी भाव हुन् भने यसबाट उत्पन्न क्रोध स्थायी भाव हो ।

## ४. वीररस

शत्रु वा प्रतिद्वन्दीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ त्यसैबाट वीररसको उत्पत्ति हुन्छ । यस रसको आवलम्वन शत्रु वा प्रतिद्वन्दी हुन्छ भने नायक यसको आश्रय हुन्छ ।

रणदर्शन, वीरतादर्शन आदि यसका उद्दीपन हुन्छन् भने विपक्षीको तिरस्कार अस्त्रप्रहार, कठोर बचन आदि अनुभाव र गर्व, धैर्य, रोमाञ्च आदि व्यभिचारी (सञ्चारी) उत्साह यस रसको स्थायी भाव हुन्छ (उपाध्याय, २०६१: ६०) ।

यस खण्डकाव्यमा सस्त्र-अस्त्रको ठूला युद्धको वर्णन नभए तापनि रुरुले आफ्नो तपोवन र ब्रह्मत्व शक्तिको उपयोग गरी यमराजलाई नै वसमा पारेर आफ्नो मृत पत्नि प्रमद्वारालाई बचाउन सफल हुन्छन् । यसै प्रसङ्गमा वीर रसको प्रयोग भएको छ । जस्तैः

जीवित् देखि प्रमद्वराकन सबै हर्षाश्रु सिञ्चन् गरी,

तारिफ धेर गरेर श्री रुरु कनै हेर्थे अचम्मै परी ।

देख्ने श्रीरुरुको तपोवल खुबै गर्थे प्रशंसा त्यहाँ ॥

आशिर्वाद लिने पुगे च्यवन औ आफैं सुकन्या कहाँ ॥ (३२:९६)

यहाँ रुरु आलम्बन रुरुद्वारा प्रदर्शित वीरता उद्दीपन हर्षाश्रु सिञ्चन गर्नु, अचम्मै पर्नु अनुभाव हो । प्रसंशा गर्नु व्यभिचारी भाव र यसबाट उत्पन्न भएको उत्साह स्थायी भाव हो ।

### ५. भयानक रस

भयप्रद जन्तु, घटना, दृष्य देखेर मनमा जुन भयात्मक चित्रवृत्ति उत्पन्न हुन्छ त्यसबाट भयानक रसको अभिव्यक्ति हुन्छ । भयानक जन्तु वा विषय यसको आलम्वन ( विषय) हुन्छ र भयभीत हुने व्यक्ति यसको आश्रय भयङ्कर जन्तुको भयप्रद चेष्टा यसका उद्दीपन हुन् । विवर्णता, गद्गद् स्वरले बोल्नु, पसिना आउनु आदि यसका अनुभाव हुन् अनि शंका मुर्च्छा, मृत्यु आदि व्यभिचारी भाव हुन् र भय यसको स्थायी भाव हो । (उपाध्याय, २०६१:६१) ।

यस खण्डकाव्यमा सर्पको टोकाइबाट प्रमद्वाराको मृत्यू भएको खबर रुरुले सुन्नासाथ मुर्छा पर्दछन् यस्तो अवस्थामा भयानक रसको वर्णन पाइन्छ । जस्तैः

क्षण्भर्मा फिरिहोस् विलाप गरदै दौडेर वन्मा गए,

देख्ता प्राण विहीन पत्नि विचरा मुर्छा तिही नै भए ।

हा ! हा ! प्राण ! प्रमद्वारा प्रियतमे ! एक्लै मलाई यहाँ ॥

छोडी आज कता गयौं भन तिमी जाऊ म खोज्नै कहाँ ॥ (११९:८९)

विलाप गर्दै वनमा दौडनु आलम्बन प्राण विहीन पत्नि देखनु उद्दीपन, मुर्छा पर्नु व्यभिचारी भाव र त्यसबाट उत्पन्न भय यसको स्थायी भाव हो ।

### ६. बीभत्सरस

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्रवृत्ति वीभत्सरस हो । यसको आलम्बन दुर्गन्धित र घृणित वस्तु हुन्छ र उद्दीपन घृणालाई संवर्द्धित गर्ने तत्व हुन्छ । थुक्नु, आँखा चिम्लनु, नाक थुन्नु, आदि यसका अनुभाव हुन् र आवेग मुर्छा, व्याधि आदि यसका व्यभिचारी भाव हुन् । घृणा यस रसको स्थायी भाव हो । (उपाध्याय, २०६१:६१) ।

यस खण्डकाव्यमा कतै कतै विभत्सरसको प्रयोग भएको छ । सर्पको टोकाइबाट प्रमद्वराको मृत्यु भएपछि रुरुमा आएको दुःखका चरित्रहरू प्राय कारुणिक र भयानक अवस्था रहेको देखिन्छ भने रुरुका प्रयासले आफ्नो आधा उमेर दिई प्रमद्वरा पुनर्जीवित बनाउदछन् । तर एउटा क्रुर सर्पले डसेर आफ्नो पत्निको मृत्यू भएको क्षण सम्भि सम्पूर्ण सर्प नष्ट गर्छु भनी हातमा लाठी बोकेर भेटेजति सर्प मार्दै हिँडेको प्रसङ्गमा वीभत्सको संकेत मिल्दछ । जस्तैः

जाहाँ जे जति सर्प देखिन गए डण्डा बजारी कन,
पौचाए  यमलोकमा  ति रुरुले थाले सबै मारन ।
साक्षत् श्री गरुडै समान रुरुको देखेर त्यो रुपता,
भाग्थे सर्प सबै डराइ रुरुथैं ठानेर कालै सदा ॥ (५०:९९)

यहाँ सम्पूर्ण सर्पहरु आलम्बन,रुरु उद्दीपन, डराउनु, गरुड समान रुप देख्नु अनुभाव हो । सर्पहरुले दुःख कष्ठ पाउनु, मारिनु व्यभिचारी भाव र यसबाट सृजित जुजुप्सा स्थायी भाव हुन् ।

### ७. अद्भूतरस

अलौकिक अथवा विचित्र वस्तु, दृष्य वा घटनालाई देखी, सुनी उत्पन्न हुने विषयात्मक चित्रवृत्ति अद्भूत्रस हो । अलौकिक वा अनौठो विषय वस्तु यसको आलम्बन हुन्छ र त्यस अलौकिक विषय वा वस्तुको महिमा अथवा चमत्कार यसको उद्दीपन हो ।

पसिना, रोमाञ्च आँखा फैलावट आदि यसका अनुभाव हुन् भने जडता आदि यसका व्यचिभारी भाव हुन् । विष्मय वा आश्चर्य यस रसको स्थायी भाव हो (उपाध्याय, २०६१:६२) ।

यस खण्डकाव्यमा अद्भूत्रसको पनि प्रयोग भएको छ । प्रमद्वरालाई सर्पले टोकेर मृत्यु भएपछि पति रुरुले आफूलाई पुर्नजीवित गराएको वृत्तान्त सुनी प्रमद्वारामा उत्पन्न भएको आश्चार्यता प्रकट गर्ने प्रसङ्गमा अद्भूत् रसको प्रयोग गरिएको छ । जस्तैः

सुन्दा अद्भूत कर्म श्री रुरु कनै आदर बहुतै गरी,
पाऊमा ति प्रमद्वारा परि गईन् आश्चार्यतामा परी ।
भन्छिन् हे प्रिय स्वामि ! यो हजुरको सुस्नेहता पूर्ण जो,
ज्यादै जोखिमको अलौकिकमय उत्साहले आज यो ॥ (३९:९७)

यहाँ अद्भूत् कर्म आलम्वन हो । अलौकिक उत्साह उद्दीपन पाउमा पर्नु आदर गर्नु अनुभाव हुन् । जोखिम मोल्नु व्यभिचारी भाव र यसबाट प्रमद्वरामा आएको आश्चार्यता स्थायी भाव हुन् ।

## ९. शान्तरस

संसारको अनित्यता र निःसारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्रवृत्ति शान्त रस हो । समस्त अनित्य र दुःखद् सांसारिक प्रपञ्च यसको आलम्बन हुन्छ भने पुण्याश्रम, तीर्थ, सत्सङ्ग आदि यसका उद्दीपन हुन्छन् । रोमाञ्च आदि यसका अनुभाव हुन्छन् र निर्वेद, हर्ष, स्मरण आदि यसका व्यभिचारी भाव  शान्ति यसको स्थायी भाव हुन्छ ( उपाध्याय, २०६१: ६२) ।

यस खण्डकाव्यमा सम्पूर्ण सर्प जातीको संहार गर्न हिडेका श्री रुरु समक्ष श्रापयुक्त एक सहश्रापाद नाम गरेका ऋषीसँग भेट हुन्छ । उनै ऋषीको अहिंसातर्फ उत्प्रेरित गर्ने उपदेशबाट श्री रुरु हिंसा भाव त्यागी शान्त बन्दछन् । उनै सहश्रापाद ऋषीको उपदेशमा शान्त रसको प्रयुक्त भएको छ । यसको केही उदाहरण यस प्रकार छ :

ज्ञानै यज्ञ ठूलो छ ज्ञानीहरुले आँफै स्वयं पालिने ।
योगाभ्यास  युगानुकूल  पनले आत्मा पवित्रै हुने ।
निर्मल यज्ञ छ नाम यज्ञ गतिलो किर्तन प्रभुको गरी ।

आँफैं बन्दछ मुक्त मानिस भने तार्ने उनै हुन् हरि ॥ (६५:१०२)

यहाँ प्रभु र हरि आलम्बन भाव हुन् । प्रभुको किर्तन गर्नु उद्दीपन हो आत्मा पवित्र हुनु अनुभाव, ज्ञानका यज्ञ गरी स्वयम् पालिनु व्यभिचारी भाव र यसबाट सृजित सांसारिक शान्ति स्थायी भाव हो ।

यस रसका अन्य उदाहरणहरू

हिंसाका सब भाव त्यागि रुरुको आत्मा बनो निर्मल,
पाए ज्ञान अखण्ड ब्रम्ममय जो देदीप्य औं उज्जवल ।
फर्के शुद्ध प्रबुद्ध भैं रुरु अहो क्रोधाग्नि त्यागी कन,
चम्कीलो अनुहार देखिन गयो सत्सङ्गतैले झन् ॥ (७०:१०३)

प्रमद्वरा खण्डकाव्य रस प्रयोगका दृष्टिले उत्कृष्ट भएको देखिन्छ । यस खण्डकाव्यमा अङ्गरस श्रृङ्गार रस बनेको छ अङ्गी रसका रुपमा क्रमशः करुणरस, रौद्ररस, अद्‌भूत्‌रस, वीररस र शान्त रस रहेका छन् । विभत्स रसको न्यून प्रयोग भएको छ तर यस खडकाव्यमा हास्य रसको प्रयोग भने देखिदैन । रस प्रयोगको यो अवस्थालाई हेर्दा यस काव्यमा रस पूर्विय मान्यता अनुरुप कुनै एक अङ्गरस र अन्य अङ्गीरस हुनु पर्ने नियमको परिपालना भएको छ । रस समग्रताको पालना गरिएको देखिन्छ । यिनै आधारमा प्रमद्वरा खण्डकाव्य नेपाली साहित्यको परिष्कारवादी धारामा आएको काव्य हो र काव्यसर्जक मित्रप्रसाद दाहाल परिष्कारवादी कवि प्रमाणीत हुन पुगेका छन् ।

## ४.१० अलङ्कारविधान

अलङ्कार काव्यको गहना हो । अलङ्कारले काव्यको सौन्दर्य बढाउँछ । यसले काव्यमा स्पष्टता ल्याउन, मनलाई विस्तार गर्न आश्चर्य उत्पन्न गराउन र जिज्ञासा तथा कुतुहलता जगाउने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैगरी भाषाशैलीाई आकर्षक बनाउन र अभिव्यक्तिलाई सुन्दर तरिकाले प्रकट गर्न अर्थलाई आकर्षक बनाउन र थोरैमा धेरै कुरा भन्न काव्यमा अलङ्कारको महत्वपूर्ण भूमिका रहन्छ 'प्रमद्वरा' खण्डकाव्यमा पनि अलङ्कारको यथोचित प्रयोग पाइन्छ । यस काव्यमा आएका शब्दलङ्कार र अर्थालङ्कारले काव्यको बाह्य सौन्दर्यको अभिवृद्धि गर्नुका साथै अर्थ चमत्कृतमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । प्रस्तुत काव्य अलङ्कार साधनामा सापेक्षित काव्य नभएर भावाव्यक्तिको प्रवलता भएको

काव्य हो । भावाव्यक्तिलाई मूर्त रूप दिने सिलसिलामा यस काव्यमा शब्दालङ्कार र अर्थालङ्कार स्वभाविक प्रयोग प्रसस्तै लेखिन्छ ।

## (क) शब्दालङ्कार

जसले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ । त्यसलाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कार सामान्यतया अनुप्रास यमक पुनरुभक्तवदाभाषा, बक्रोक्ति र श्लोक गरी पाँच छन् । अनुप्रासका छेकानुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रास र लाटाउप्रास गरी ४३ उपभेद छन् उपाध्याय,१०६१: ११२) ।

## अ. अनुप्रास

**छेकानुप्रास** : अनेक व्यञ्जनको उसै क्रममा पटक पटक मात्र आवृत्रि भएमा छेकानुप्रास हुन्छ, (उपाध्याय, २०६१:११३) ।

विहान घामले छरी प्रकाश शीत विन्दुमा,
झलल्ल झल्कने भनी समान हुन्छ लोकमा ।
निशाभरी छरी अहो प्रकाश चन्द्र क्रान्तिले,
बढौं सबै उज्यालिदै झलल्ल बल्छ ज्योतिले ॥ (२७:१३)

यहाँ विहान विन्दुमा अनि झलल्ल झल्कने र वनै बल्छका रुपमा 'वि', 'झ' र 'व' आवृत्ति एकपटक मात्र भएको छ त्यसैले यो छेकानुप्रास अलङ्कार हो ।

यसका अन्य उदाहरणहरु:

विशाल यो हिमालका अनन्त काखमा अहो,
अनेक कष्टकैभयी अरव्य झङ्गलै छलौ (२५:१) ।
टलल्ल टलकने सबै सुवर्ण नै रहेछ कि ?
भनेर देख्दा हुने भ्रमैसरी अचम्म त्यो (२५:२) ।
कतैछ झन् सफा अहो स्फटीक तुल्य कञ्चन,
रजत् सरी सफाछ त्यो गरी रहन्छ चम्चम(२५:३) ।

माथिका पङ्क्तिहरूमा व्यञ्जनहरू एकपटकमात्र आवृत्ति भएका छन् त्यसैले छेकानुप्रासले काव्यको भाषिक चमत्कार अभिवृद्धि गराएको छ ।

**आ. वृत्यानुप्रास**

एक व्यञ्जनको एक पटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रमविना एक पटक वा अनेक पटक आवृत्ति भएमा वृत्यानुप्रास हुन्छ (उपाध्याय, २०६१: ११३) ।

यस खण्डकाव्यमा प्रयोग भएको उक्त अलङ्कारको उदाहरण:

विशाल शैल श्रृङ्खला फुटाई छल्ल छङ् छङ,

वगेर हिम् नदी सधै सुनृत्य गर्छ छम् छम ।

अहो अहो सुरम्यता सलल्ल स्वाँ सुसाउँदै,

खलल्ल छ्वाल्ल छर् छरै गरेर झर्छ हुत्तिदै ॥ (२६:८)

यहाँ छ, स, अ, जस्ता अनेक व्यञ्जनहरुको क्रमविना आवृत्ति भएको छ त्यसैले यहाँ स्पष्ट रूपमा वृत्यानुप्रास झल्केको छ ।

**इ. अन्त्यानुप्रास**

पाउका आधा वा पाउको अन्त्यमा अन्तिम अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास हुन्छ (उपाध्याय, २०६१:११३) ।

यस खण्डकाव्यमा अन्त्यानुप्रासलाई सर्वाधिक प्रयोग गरिएको छ । जस्तै:

आँखाछन् हरिणी समान भृकुटी मानौं धनुष्कै सरी,

अग्लो पुष्ट ललाट नाक छ अहो त्यो फूल तिल्का सरी ।

लामो केश छ नागिनी सरहको त्यो दिव्य चुल्ठो पनि,

लर्कन्थ्यो जब पीठ मार्ग तिर भै मानौ नितम्भै मुनि ॥(१५:३)

माथिका पङ्क्तिहरूमा एक अन्तिम अक्षर र अर्को पाउको अन्तिम अक्षर 'सरी' र 'नि' मिलेको छ त्यसैले यो अन्त्यानुप्रास हो ।

## २. अर्थालङ्कार

यस काव्यमा अर्थालङ्कारको प्रयोग पनि यथेष्ट मात्रामा पाइन्छ । यस काव्यमा शब्द सजावटमा भन्दा भावाव्यक्तिलाई तीब्र बनाउनमा ध्यान दिएको पाइन्छ । त्यसैले कुनै कुरालाई सोझो रूपमा नभनी विभिन्न किसीमका विम्व र प्रतीकहरूका माध्यमबाट अभिव्यक्ति गर्ने काम गरिएको छ । कुनै भावलाई सधन रूपमा प्रस्तुत गर्नका लागि र अर्थलाई उत्कर्षता प्रदान गर्नका लागि र भनाईलाई व्यञ्जनात्मक किसिमले प्रस्तुत गर्नका लागि विभिन्न अलङ्कारहरूको प्रयोग गरिएको छ । यस क्रममा कतै उस्तै उस्ता वस्तुहरूका बीच तुलना गरेर देखाइएको छ, कतै दुई वस्तुका बीच भिन्नता नै छैन कि जस्तो गरी प्रस्तुत गरिएको छ ।

उच्चा दिव्य फराकिलो चहकिलो ठूलो निधारै हुँदा,
चिल्लो नाम सलक्क भै हरिणीभैं लामा नयन् टल्कदा ।
राता दिव्य गुलाफकका सरहनै गाला अहो पोटिला ॥
घाँटी शंख समानको छ मिलदो त्यो तीन रेखा हुँदा ॥

(उपमा,८०:५२)

यहाँ प्रमद्वराको यौवन अवस्थाको वर्णन गर्ने क्रममा उनको ठूलो निधार, चिल्लो सलक्क परेको नाकको चर्चा गरिएको छ । उनका आँखालाई हरिणीको भैं लामा नयनको उपमा दिइएको छ । प्रमद्वराका पोटीला गालाको वर्णन गर्न राता दिव्य गुलाफका फूलसँग दाँजिएको छ भने उनको घाँटीलाई शंख आकृति समान भनि समानता देखाइएकाले यहाँ उपमा अलङ्कार भएको छ ।

विद्युत्का भैं चमचम हुने नाभिको निम्न भाग
मानौं चन्द्रै शरद ऋतुमा देखिने हुन्छ याद ।

(अतिशयोक्ति, (६३:३६)

यस पंक्तिमा गन्धर्भराज विश्वावसुले स्वर्गकी अप्सरा मनेका का शरीरका अङ्ग अङ्गको वर्णन गर्दा विद्युत भैं चमचम गर्ने तथा शरद ऋतुमा देखिने चन्द्रमा जस्तै उनको नाभि भएको भनी अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ ।

मनलाई अब बाँध आत्मबलनै ठूलो छ संसारमा,

को कस्को कुन हो चिनिन्न कहिल्यै आफै हराए यहाँ ।

(दृष्टान्त, ७४:२३)

माथिको पङ्क्तिमा मनलाई कहिल्यै कमजोर नबनाईकन आत्मबलका साथ अघि बढ्नु नै संसारको सबैभन्दा ठूलो शक्ति हो भन्ने भावलाई उक्त दृष्टान्तद्वारा पुष्टि गर्ने काम गरिएको छ ।

वाले ! तिमी कउन हौ कसकी सुपुत्री,

हो मानविकी अथवा भन देव पुत्री ।

(सन्देह,३३:१६)

यहाँ च्यवनपुत्र प्रमति वन जङ्गल घुम्ने क्रममा एक अत्यन्त सुन्दरी युवती देखेपछि ती युवती को हुन् भनेर उनको मनमा जिज्ञासा भई प्रश्न गरेका छन् त्यसैले यहाँ सन्देह अलङ्कार पाइन्छ ।

गोरो वनै छ राम्रो शरिर पनि अहो क्या मिलेको अपार,

हेर्दैमा चित्त हर्ने तरुण वय सँगै वैंसको बहार ।

(उत्प्रेक्षा,७९:२४)

माथिको पङ्क्तिमा रुरुको रूपलावण्यको चित्रण गरिएको छ । यस क्रममा उनको गोरो अनुहार अनि मिलेको शरीर भईदिदा व्यक्ति अत्यन्तै सुन्दर र आकर्षक देखिएको कुरा प्रष्ट पारिएको छ । रुरुको तरूण रुपमा पनि वैंसको सम्भाव्यता देखाई यहाँ उत्प्रेक्षा अलङ्कारका माध्यमबाट रुरको रुपको चित्रणलाई जीवन्त बनाइएको छ ।

माथि वर्णन गरिएका अलङ्कारहरूको प्रयोगले यस खण्डकाव्यलाई रोचक र आकर्षक बनाएको छ । काव्यका शब्दले खण्डकाव्यलाई श्रृङ्गारिकता प्रदान गरेका छन् । अध्यात्मिक चिन्तन, परिष्कारवादी मान्यता तथा धार्मिक र नारीवादी भावनाले ओतप्रोत भएको यस खण्डकाव्यले तत्सम शब्दहरूको प्रयोग गरेको पाइन्छ । यसका अतिरिक्त झर्रा नेपाली शब्द र आगन्तुक शब्दले काव्यमा श्लोकलाई पठनीय बनाएका छन् । यसरी यस काव्यमा विभिन्न किसिमका शब्दालङ्कार र अर्थालङ्कारको समुचित प्रयोग गरी काव्यको कलात्मक तथा शिल्प शैलीगत पक्षलाई सुन्दर र जीवन्त बनाउने काम गरिएको छ ।

## ४.११ कथनपद्धति

'प्रमद्वरा' खण्डकाव्यको कथन गर्दा कवि मित्रप्रसाद दाहालले वर्णनात्मक पद्धतिलाई अँगालेको पाइन्छ । यस काव्यमा कविले काव्यको विषयलाई अभिव्यक्त गर्ने क्रममा वर्णनात्मक शैलीलाई अपनाएका छन् । काव्यका सम्पूर्ण पात्रको परिचय र उनीहरूका चारित्रिक विशेषतालाई पनि कविले बर्णनात्मक शैलीमा नै अभिव्यक्त गरेका छन् । त्यसैले कवि स्वयम् उपस्थित भएर काव्यलाई अभिव्यक्त गरेका कारण काव्यको कथनपद्धतिको मूल स्वरुप कविप्रोढोक्ति रहेको देखिन्छ । यसरी प्रस्तुत काव्यमा कविले आफ्ना भावना, विचार, उद्देश्य र जीवनदर्शनलाई उपयुक्त कथन पद्धतिमार्फत अत्यन्त कलात्मक ढङ्गले प्रकट गरेका छन् । त्यसैले 'प्रमद्वरा' खण्डकाव्यको कथनपद्धति कवि-प्रौढोक्ति रहेको देखिन्छ ।

## ४.१२ विचार/दृष्टिकोण

कुनै पनि साहित्यिक कृतिमा कृतिकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना विचार वा दृष्टिकोणहरूलाई अभिव्यक्त गरेको हुन्छ । उसले जीवन र जगत् सम्बन्धी आफ्ना दृष्टिकोणहरूलाई आफू स्वयं उपस्थित भएर वा विभिन्न पात्रका माध्यमबाट अभिव्यक्त गरेको हुन्छ । साहित्यिक रचनामा कृतिकारले कतै आफू स्वयम्ले आफ्ना विचार वा दृष्टिकोणहरू अभिव्यक्त गरेका छन् भने कतै पात्रहरुका माध्यमबाट प्रस्तुत गरेका छन् । यस काव्यमा प्रमुख रूपमा प्रेमसम्बन्धी दृष्टिकोण र नारीवादी दृष्टिकोणको अभिव्यक्त भएको पाइन्छ । त्यसैले यहाँ वर्गगत चरित्रको अभिव्यक्ति कवि दाहालका उपर्युक्त विचारहरूमा देख्न सकिन्छ । यी दुवै दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### क) प्रेमसम्बन्धी दृष्टिकोण

यस काव्यको प्रमुख विषय प्रेम हो । प्रेम नितान्त वैयक्तिक र हार्दिक हुन्छ । यसलाई सामाजिक मूल्य मान्यता संस्कार, संस्कृति, परम्परा तथा कालले पनि रोक्न सक्दैन भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यसलाई अभिव्यक्त गर्नका लागि रुरु र प्रमद्वराको कथालाई माध्यम बनाइएको छ । यस काव्यमा प्रेमलाई सृष्टिको सत्यका रूपमा लिइएको छ र नारी पुरूष विचको प्रेमलाई प्राथमिकता दिएको छ । नर र नारी दुवै विराट्का अंश हुन् । यिनीहरू एउटै जीवसत्ताका हाँगा हुन् र सृष्टि प्रकृयालाई निरन्तरता दिनका लागि नरनारीको महत्वपूर्ण भूमिका हुन्छ । नरनारीका बीचको आकर्षणमा सृष्टि प्रकृयाले सार्थकता पाउँछ । बैंसको धर्म प्रेम हो र प्रेम नै जीवनको सार हो । त्यसैले प्रणय-यात्राका क्रममा

सचेतता अपनाउनु पर्दछ । प्रेमलाई साकार रूप दिनका लागि आत्मालाई दह्रो बनाउनु पर्छ । आफ्नो हृदयले स्वीकारेको व्यक्तिलाई वरण गरिसकेपछि माया र विश्वास गर्न सक्ने व्यक्तिले मात्र प्रणय यात्रामा सफलता पाउन सक्छ । प्रीतिको सत्ता शारीरिक भोगमा मात्र सीमित छैन । भावनात्मक र आत्मिक प्रेमलाई नै जीवनको मूल साध्य ठान्नुपर्दछ । एक आपसको विश्वास समझदारी, जिम्मेवारी र समर्पणले नै प्रेमको वास्तविक सत्ता प्राप्त हुन्छ भन्ने प्रेमसम्बन्धी स्पष्ट दृष्टिकोण यस काव्यमा अभिव्यक्त हुन आएको छ र यही नै यस काव्यको मुल लक्ष हो ।

**ख) नारीसम्बन्धी दृष्टिकोण**

हाम्रो समाज पुरुषप्रधान समाज हो । यस समाजमा पुरुषहरूकै बाहुल्यता पाइन्छ । हाम्रो सामाजिक संरचना पनि पुरुषमुखी छ । यहाँ जति पुरुषहरू स्वतन्त्र छन् त्यति नारीहरू स्वतन्त्र छैनन् । हाम्रो सामाजिक मूल्य र मान्यताहरू पनि नारी अधिकार र नारीमनका भावना विपरीत छन् । यही पुरुषप्रधान समाजले निर्माण गरेका सामाजिक मूल्य-मान्यता, परम्परा, संस्कृति र संस्कारका साँगुरा घेराभित्र नारीमनका भावनाहरू कैदी बनेका छन् । अहिले कानुन केही नारी मुखी बने तापनि सामाजिक परिवेशले उनीहरूका इच्छा आकाङ्क्षा अवरुद्ध बनेका छन् । अझै पनि छोरीहरू अभिभावकको स्वीकृति बिना बाहिर निस्कन पाउदैनन् । उनीहरूले आफु खुसी लोग्ने छान्न पाउँदैनन् । आमाबाबुले छानेको केटासँग विवाह गर्नुपर्दछ । यदि आफुले छानेको खण्डमा उनीहरू घरपरिवारबाट तथा समाजबाट तिरस्कृत भएर बाँचनुपरेका घटनाहरू अझै पनि सुन्न सकिन्छ । यिनै परम्परागत रूढिग्रस्त सामाजिक संरचनाले गर्दा नारीहरूको स्वतन्त्रतामा अवरोध आएको अवस्थामा नारीलाई पनि उचित शिक्षा दीक्षा दिने हो भने पुरुषभन्दा केहीमा पनि कमजोर हुन नसक्ने कुरा प्रमद्वराको जीवनबाट प्राप्त गर्न सकिन्छ । स्थूलकेश ऋषिले प्रमद्वरालाई सानैबाट बेद व्याकरण तथा योग अभ्यासमा परिपूर्ण बनाई बुद्धि तथा बल दुवैमा सक्षम बनाए र अन्त्यमा प्रमद्वराकै इच्छा अनुसार रुरुसँग उनको विवाह गराइदिनुले यहाँ नारी भावनाको सम्मान भएको छ । प्राचीन समयमा महिलाहरू पनि मन्त्रहरूलाई देख्ने क्षमता भएका पाइन्थे जस्तै गार्गीलाई उदाहरणको रूपमा लिन सकिन्छ भने पछिल्लो समयमा आएर महिलाले पढ्नु हुँदैन भन्ने चलन रहेको थियो । अहिले हाम्रो नेपाली आर्य समाजमा छोरीले बेद पढ्न हुँदैन भन्ने भ्रम रहेको छ । यस्तै परम्परागत रूढीवादी सोच अझै पनि हाम्रा गाउँ घरमा भएका कारण नारी पुरुषका वीच समानता आउन सकिरहेको छैन र

यस्तो प्रवृत्तिका विरूद्ध नारीहरूले विद्रोह गर्नुपर्ने रहेछ भन्ने दृष्टिकोण यस काव्यबाट प्राप्त गर्न सकिन्छ । यिनै साहित्यिक प्रयोगहरूको प्रभाव हाम्रो समाजमा पनि प्रयोग हुन थालेका छन् । स्थानिय निकाय, प्रदेश, केन्द्र आदि क्षेत्रमा महिलाहरू प्रमुख रूपमा आएका छन् । जस्तै प्रधानन्यायधिस शुशिला कार्की, राष्ट्रपति विद्यादेवि भण्डारी, सभामुख ओमसरी घर्ती आदि रहेका छन् । त्यस्तै स्थानिय निकायमा पनि मेयर तथा उपमेयर र अनिवार्य महिला सदस्यको उपस्थितीलाई संविधानले व्यवस्था गरेको छ । त्यसैले साहित्यको प्रभाव देश, कानुन र व्यवहारमा स्थापित हुन लागेको छ ।

त्यस्तै जसरी आफ्ना श्रीमानको मङ्गल कामनाका लागि श्रीमती तीजको ब्रत बसेर शिवपार्वतीको पूजा गर्छन्, बरको फेदमा गएर बटसावित्रीको पूजा गर्छन् । त्यसरी नै श्रीमानले पनि श्रीमतीको मङ्गल कामनाका लागि रुरु प्रमद्वराको पूजा तथा सम्झना गर्नुपर्ने दृष्टिकोण यस खण्डकाव्य मार्फत प्राप्त गर्न सकिन्छ । विशेष गरेर श्रीमतीले श्रीमानलाई जसरी आदर सम्मान र माया गर्दछन् त्यसरी नै श्रीमानले पनि श्रीमतीलाई माया र सम्मान गर्नुपर्ने विचार दाहालको खण्डकाव्यमा प्रस्तुत भएको  छ

## ४.१३ उद्देश्य वा जीवनदर्शन

कवि मित्रप्रसाद दाहालका प्रकाशित काव्यहरूमध्ये स्तरीय काव्य र उनको प्रतिनिधि काव्यका रूपमा 'प्रमद्वरा' खण्डकाव्यलाई लिन सकिन्छ । यो काव्य पौराणिक विषय वस्तुमा आधारित भई पौराणिक पात्रकै प्रयोगद्वारा आधुनिक जनजीवनको झलक दिंदै नारी पुरुष वीचको समानता केलाउन सफल छ । पुराणका महत्वपूर्ण आख्याहरूमा तथा महाभारत रामायण आदि ग्रन्थहरूमा विशेष गरेर पतिब्रता धर्मको बारेमा विशेष चर्चा परिचर्चा गरेको पाइन्छ । तर त्यही पौराणिक ग्रन्थमै भएको पत्नीब्रता धर्म पनि थियो र यसमा पनि पतिब्रत धर्ममा जस्तै शक्ति थियो भन्ने कुरा ओझेलमा परेको देखेर कविले यसको उजागर गर्ने प्रयास गरेका छन् । तिनै महाभारत वन पर्वमा उल्लेखित सत्यवान सावित्रीको कथामा मृत्यु भएका आफ्ना पति सत्यवानलाई साबित्रीले वचाउन सफल भएकी छन् । यहाँ साबित्रीले पतिब्रता धर्म पालन गरेका कारण उनका पति पुन बाँच्न सफल भएको प्रसङ्गहरूको विशेष चर्चा परिचर्चा गरेको देखिन्छ र सुनिन्छ । त्यस्तै अर्को पौराणिक ग्रन्थ रामायणमा राम सीता चौध वर्ष वनबास जीवन व्यतित गर्ने क्रममा रावणले सीतालाई हरण गरेको र रामले हनुमानको सहायता लिई रावणसँग युद्ध जितेर आफ्नी पत्नी सीतालाई फिर्ता ल्याएका छन् ।

तर सीताले आफ्नो सतीत्व परीक्षण नगरून्जेलसम्म रामले नअपनाएका र सीताले अग्नीपरीक्षा दिई उत्तीर्ण भएपछि अथवा सीतामा पतिब्रता धर्म नष्ट नभएको भन्ने प्रमाणित भएपछि मात्र रामले सीतालाई स्वीकार गरी अपनाएका प्रसङ्गहरू चाहिँ सबैको मन मस्तिष्कमा छाप होड्न सफल भएको छ तर महाभारतको आदिपर्वमा उल्लेखित पत्निब्रत रुरुका प्रयासले प्रमद्वरालाई जीवित तुल्याएका कथाचाहिँ ओझेलमा परेको र त्यति प्रश्रय नपाएको देखेर यो कथालाई पनि परिचित गराउने उद्देश्यले पतिब्रता धर्म जस्तै पत्नीब्रत धर्म पनि महान थियो भन्ने कुराको यस खण्डकाव्यले संकेत गरेको छ ।

## १४ भाषाशैली

'प्रमद्वरा' खण्डकाव्यको भाषाशैलीका दृष्टिले पनि अवलोकन गर्न सकिन्छ । भाषिक प्रयोगका दृष्टिले यो काव्य सफल नै देखिन्छ । यस काव्यको भाषाशैली प्रभाहमय छ । यस खण्डकाव्यको भाषा जति सरल छ त्यतिनै रागात्मक व्यञ्जक र लालित्यमय पनि छ । यस खण्डकाव्यमा तत्सम, तद्भव र आगन्तुक जस्ता विभिन्न स्रोतका शब्दहरूको प्रयोग गरिएको छ । सुकोमल भावधारा सहज र प्राकृतिक भाषाशैली चित्ताकर्षक विम्बहरुको सुरूचिपूर्ण प्रयोगले सौन्दर्यको संसारमा खण्डकाव्य रहेको छ । वर्णमात्रिक छन्दका कठोर अनुशासन भित्र रहेर पनि शार्दुलबिक्रीडित, बसन्ततिलका, वंशस्थ, मन्दाक्रान्ता, स्रग्धारा, शिखरिणी, शालिनी, मालिनी, वियोगिनी, अनुष्टुप, पञ्चचामर, द्रुतविलम्बित, भुजङ्गप्रयातका गतिशील प्रवाहहरूमा छ सर्गका ६२९ श्लोक लेखी काव्य पूरा गरिएको छ । तर यस खण्डकाव्यमा काव्य दोषका दृष्टिले हेर्दा केही छिद्रहरू फेला पर्दछन् । काव्यमा कतै रस परिपाक नपुगेको, कतै छन्द साधना नपुगेको, कतै अलङ्करणदिमा परिपूर्णता नआएको, कतै गुण रीति, वृत्ति आदिमा तालमेल नमिलेको र कतै भाषिक संरचना र व्याकरणात्मक दृष्टि नपुगेको पाइन्छ । त्यस्तै यस खण्डकाव्यमा युवतीका शारीरिक अङ्ग प्रत्याङ्गको प्रशंसा गर्दा नेपाली झर्रा ठेट र ग्राम्य शब्दको प्रयोग भएको पाईन्छ । यसका केही उदाहरणहरू :

अति कृशोदर भैकन रम्य छ,
नत इनारसरी विच नामित ।
तल सुहाउँछ नीलमणी सरी ॥
नरम लोम विराजित के भनौं ॥ (३८:३१)

अलिउचो भइ काँध छ रक्तिम,

पिठ फराक भएर छ स्वर्णिम ।

छन् नितम्ब दुबै अलि हल्लिने ॥

कवरिका संगमा मिलि नाचने ॥ (४५:३३)

यो प्रमद्वरा खण्डकाव्य कविको प्रथम प्रकाशित कृति भएका कारण केही कमि कमजोरीहरू होलान् भनेर कवि स्वयं सचेत बनेर पाठकसँग अनुरोध गर्दै भन्दछन् :

यो यौटा मनको सुभाषितमयी हो भावना मञ्जरी,

पैलो काव्य सुकल्पना हृदयको अध्यात्मक साहित्य ली ।

सुम्पे काव्य समर्थ पाठकमहाँ योटा थुँगो पुष्पको,

औल्याए परिमार्जनै छ गरिने मैले गरे बिन्ति यो ॥ (६:८४)

सारांशमा भन्नुपर्दा कवि मित्रप्रसाद दाहालको प्रमद्वरा खण्डकाव्य प्रथम प्रकाशित कृति भए तापनि उनका पछि प्रकाशनमा आएका अन्य कृतिहरूभन्दा पनि उत्कृष्ट रहेको देखिन्छ । केही भाषिक त्रुटिहरु काव्यमा भए तापनि सरल, सहज, रागात्मक, लालित्यमय र श्रुतिमधुर शब्दको संयोजन गरी यस खण्डकाव्यको भाषाशैलीको निर्माण गरेका छन् ।

## ४.१५ समष्टिगत मूल्याङ्कन र निष्कर्ष

खण्डकाव्यको सैद्धान्तिक स्वरुप र प्रमद्वराको कृतिपरक विवेचनाका आधारमा हेर्दा मित्रप्रसाद दाहालद्वारा रचिएको 'प्रमद्वरा' खण्डकाव्य कृति नै ठहर्दछ र यो आख्यानात्मक कृति हो । यस खण्डकाव्यमा रुरु र प्रमद्वराको कथालाई यसको मुख्य विषयवस्तु बनाइएको छ । सो कथा कविले वंगाली महाभारतको आदिपर्वबाट उदृत गरेका हुन् । नेपाली तथा हिन्दी भाषामा अनुवाद गरिएका महाभारतमा रुरु प्रमद्वराको कथा समावेश नभएको तर वंगाली महाभारतमा भएको सो कथा प्रसङ्ग पढेपछि पतिब्रता धर्म जस्तै पत्निब्रता धर्म पनि थियो र त्यसमा पनि पतिव्रत धर्म जस्तै शक्तिशाली थियो भन्ने कुरा थाहा पाएपछि कवि ज्यूले सबैले सो कुरा जानकारी पाउन भन्ने हेतुले प्रमद्वरा खण्डकाव्यको रचना गरेको पाइन्छ । त्यसैगरी मेनका विश्वामित्र पुत्री शकुन्तलाका बारेमा धेरै साहित्यकारहरूले शकुन्तलोपाख्यान रचना गरेका छन्, तर तिनै मेनका विश्वावसु पुत्री शकुन्तलाभन्दा कैयौं गुणा शिक्षित प्रमद्वराका बारेमा भने कुनै साहित्यकारहरूद्वारा प्रमद्वरा उपाख्यानको रचना

नभएको देखी हाम्रा कवि मित्रप्रसाद दाहालले 'प्रमद्वरा' खण्डकाव्यको रचना गरी प्रमद्वरालाई चिनाउने काम गरेका छन् । काव्यका समग्र कथावस्तुलाई नियाल्दा तथा गहिरिएर अध्ययन गर्दा प्रस्तुत खण्डकाव्य महाकाव्यको दाँजोमा पुगेको अनुमान गर्न सकिन्छ, किनभने खण्डकाव्यमा एउटै मूल कथावस्तुको प्रयोग, थोरै पात्रको प्रयोग, थोरै ऋतुको प्रयोग, सर्गान्तमा छन्द परिवर्तन नगरिनु पर्ने, एउटै रसको प्रयोग आदि खण्डकाव्यमा हुनुपर्ने गुणहरू हुन्, तर यस खण्डकाव्यमा कथावस्तु धेरै वटा जोडिएको छ । बहुल पात्रहरूको प्रयोग भएको छ । १३ वटा वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ भने सर्गान्तमा छन्द परिवर्तन गरिएको छ । विभिन्न रसको पनि प्रयोग गरिएको हुनाले उक्त खण्डकाव्य महाकाव्यको दाँजोमा लम्किएको देख्न सकिन्छ तर पूर्ण महाकाव्य भने मान्न सकिन्दैन ।

प्रमद्वरा खण्डकाव्य कवि मित्रप्रसाद दाहालद्वारा रचिएको प्रथम प्रकाशित उत्कृष्ट कृति हो । औपचारिक रुपमा वि.सं. २०२५ सालदेखि साहित्यलेखन यात्रा प्रारम्भ गरेका दाहालको प्रथम प्रकाशित कृति भने २०५७ को 'प्रमद्वरा' नै रहेको छ । यो शीर्षक काव्यकी नायिका नामबाट राखिएको हुँदा चरित्रकेन्द्रीत हुनुका साथै काव्यको मूलभूत कथ्य विषयको स्रोत महाभारत रहेको छ । मुख्य रुपमा रुरु र प्रमद्वराकको प्रणय यात्रा तथा मिलन विछोड अनि फेरी मिलन जस्ता कथाहरु समेटिएको भए तापनि काव्यको सुरुवातमा अन्य कथा प्रसङ्गहरू जोडिएको छ । जहाँ रुरुका हजुरबुबा र हजुरआमा (च्यवन र सुकन्या) प्रसङ्ग रहेको छ । त्यसपछि रुरुकै माता पिता (प्रमति र धृताचि) का मिलन विछोडका प्रसङ्गहरू रुरु जन्मिएका हुर्किएका कुराहरू रहेका छन् । अर्को कथामा नायिका प्रमद्वरालाई जन्मदिने माता पिता विश्वावसु र मेनका अप्सराका वासनात्मक प्रेम प्रसङ्ग आदि रहेका छन् । त्यसपछि मात्र प्रमद्वराको वाल्य कालको अवस्था मेनकाले जन्माइ छोडेपछि स्थूलकेश ऋषीले लगि पालनपोषण गरेको, उचित शिक्षा दीक्षा दिई योग्य र सुशिल बनाएका प्रसङ्ग आउछन् ।

यस खण्डकाव्यमा जम्मा छ वटा सर्गहरू तथा ६२९ श्लोक संख्याहरू लेखी पूरा भएको छ । 'प्रमद्वरा' यस खण्डकाव्यकी नायिका हुन् भने रुरु नायक हुन् । प्रेम, हार्दिकता, दया, माया, समर्पण र विश्वासनियता जस्ता चारित्रिक गुणले सम्पन्न प्रमद्वरा असल छोरी असल साथी, असल पत्नी र असल नारीहरूकी प्रतिनिधि पात्र हुन् । यिनले आफुलाई अत्यन्त माया गर्ने रुरुलाई पतिका रुपमा प्राप्त गरेकी छन् । रुरुले पनि आफ्नि पत्निलाई धेरै माया सम्मान र इज्जत गर्दथे भने प्रमद्वरा पनि आफ्ना पतिलाई परमेश्वर ठानी धेरै आदर सम्मान र माया गर्दथिन् । सर्पको टोकाइबाट प्रमद्वराको मृत्यु भएपछि रुरुले आफ्नो

पत्निब्रत धर्मका कारण प्रमद्वरालाई आफ्नो आधा उमेर दिएर बचाउन सफल हुन्छन् । यो खण्डकाव्य लेख्नुको मुख्य उद्देश्य नै पत्निब्रत धर्म पनि संसारमा थियो र यो पत्निब्रता धर्म जस्तै महान हुन्छ भन्ने कुराको जानकारी गराउनु हो । सम्पूर्ण श्रीमानहरूले आफ्नी श्रीमतीलाई माया र सम्मान गर्न सक्यो भने जस्तोसुकै अप्ठ्यारो र गाह्रो परिस्थितिमा पनि सफलता हाँसिल गर्न सजिलो हुन्छ भन्ने भाव यस काव्यवाट प्राप्त गर्न सकिन्छ । त्यस्तै पौराणिक ग्रन्थहरूमा भएकी शकुन्तला मेनका र विश्वामित्रबाट जन्मिएकी हुन् । तिनका बारेमा धेरै साहित्यकारहरूले शकुन्तलोपाख्यान लेखेको र सबैले शकुन्तलालाई चिन्ने गरेको तर तिनै मेनकाबाट जन्मिएकी अर्की छोरी प्रमद्वरा शकुन्तला भन्दा धेरै शिक्षित तथा शुशिल भएकी भए तापनि ओझेलमा परेको देखेर उनलाई पनि शकुन्तलालाई जस्तै सबै सामु चिनाउनको लागि प्रमद्वरोपाख्यान लेख्नु पर्ने विचार प्रस्तुत गर्नको लागि यो खण्डकाव्य लेखेका छन् । यस खण्डकाव्यको परिवेश योजना सुगठित छ । यो काव्यमा बहुल पात्रहरूको प्रयोग देख्न सकिन्छ । यसमा लयविधानका दृष्टिले हेर्ने हो भने १३ वटा वर्णमात्रिक छन्दहरूको पटक पटक आवृत्ति गरिएको छ । यस काव्यमा केन्द्रीय भावका रूपमा 'रति' भावको सशक्त अभिव्यक्ति गरिएको र यही भाव श्रृङ्गार रसका रुपमा परिणत भएको छ । यहाँ श्रृङ्गार रसका दुई भेदमध्ये बढी सम्भोग श्रृङ्गारको अभिव्यक्ति पाइन्छ । यस काव्यमा कवि प्रौढोक्ति कथन पद्धति अँगालेको देखिन्छ र कविले प्रस्तुत काव्यमा आफ्ना भावना विचार, उद्देश्य र जीवन दर्शनलाई उपयुक्त कथन पद्धतिमार्फत अत्यन्त र कलात्मक ढङ्गले प्रकट गरेका छन् । तत्सम, तद्भव र आगन्तुक स्रोत साथै नेपाली अनुकरणात्मक पदावलीको सन्तुलित र संयमित विन्यास गरिएको यस काव्यमा कतिपय पङ्क्तिमा आक्षरिक समानुपातिकता वा समपाउ बराबर अक्षर भएका पदहरूको प्रयोग तथा अनुप्रासको आयोजनाले गर्दा काव्यको बाह्य चमत्कृतिमा अभिव्यक्ति भएको छ । त्यसैगरी अर्थालङ्कारको यथोचित प्रयोगले काव्यको अर्थगत चमत्कार, भावगत उच्चता र व्यञ्जनात्मक अभिव्यक्तिलाई तीब्र बनाइएको छ । यस खण्डकाव्यले प्रेम र नारीवादी दृष्टिकोणको अभिव्यक्ति गर्नुलाई पनि लक्ष्य बनाएको छ । पात्रको स्तर अनुसारको लयात्मक, रागात्मक र लालित्यपूर्ण भाषिक प्रयोगले गर्दा यस काव्यको भाषाशैली पनि आकर्षक बनेको छ ।

## ४.१६ कवि मित्रप्रसाद दाहालका खण्डकाव्यगत प्रवृत्ति एवम् विशेषताहरू

कवि मित्रप्रसाद दाहाल पौराणिक तथा धार्मिक ग्रन्थहरूबाट प्रभावित छन् । वर्णमात्रिक छन्दका कठोर अनुशासन भित्र रहेर काव्य सृजना गर्ने उनका काव्यहरूमा

आद्यात्मिकता, परिष्कारवादिता, नैतिकता, सामाजिकता, नारीवाद जस्ता विशेषता पाइन्छ । 'प्रमद्वरा' खण्डकाव्यका आधारमा कविका प्रवृत्ति एवम् विशेषताहरूलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

क. पौराणिक धार्मिक ग्रन्थहरूका महत्वपूर्ण र ओभ्फेलमा परेका कथावस्तुलाई टिपेर आस्तिक भावनाले प्रस्तुत गर्ने अध्यात्मकवादी खण्डकाव्यकार ।

ख. साहित्यलाई नैतिकता र सच्चरित्रताको आँखाले नियाली नियम र सिद्धान्तको परिकल्पना गर्ने परिष्कारवादी साहित्यकार ।

ग. प्रकृतिका सुन्दर छटाहरुलाई काव्यात्मक भाषाको कलात्मक रुप दिएर प्रकृतिको हराभरामा काव्यमा चित्रण गर्ने प्रकृतिप्रेमी काव्यकार ।

घ. विभिन्न रस, अलङ्कार र छन्दद्वारा काव्यलाई प्रस्तुत गर्ने रसप्रेमी, छन्दप्रेमी खण्डकाव्यकार ।

ङ. आफ्ना काव्यमा नारी महत्व र नारी चेतना व्यक्त गर्ने नारीवादी साहित्यकार ।

च. आफ्ना काव्य कृतिमा सरल, स्पष्ट र बोधगम्य भाषा प्रयोग गर्ने साहित्यकार ।

# पाँचौ परिच्छेद
# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार एवम् निष्कर्ष

प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभाजित छ । शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको शीर्षक, प्रयोजन, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्व, प्राकल्पना, सीमाङ्कन, सङ्कलन विधि, शोधविधि र रुपरेखाको परिचय दिइएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा 'प्रमद्वरा' खण्डकाव्यका रचनाकार मित्रप्रसाद दाहालको संक्षिप्त जीवनी प्रस्तुत गरिएको छ । यस अन्तर्गत कवि दाहालको जन्म र वाल्यकाल, शिक्षादीक्षा र विवाह, सेवा र व्यक्तित्व, सम्मान तथा पुरस्कार र खण्डकाव्यकार मित्रप्रसाद दाहालको काव्ययात्राको संक्षिप्त परिचय दिइएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा खण्डकाव्यको सैद्धान्तिक स्वरुपको चर्चा गरिएको छ । यस अन्तर्गत खण्डकाव्यलाई साहित्यको एक विधा, कविताको एक उपविधाका रुपमा चिनाइएको छ । यसका साथै खण्डकाव्य सम्बन्धी पूर्वीय आधारमा र पाश्चात्य चिन्तनका आधारमा खण्डकाव्यलाई चिनाउने काम भएको छ भने नेपाली साहित्यमा खण्डकाव्य सम्बन्धी चिन्तन प्रस्तुत गरिएको छ । त्यस्तै तेस्रो परिच्छेदमा खण्डकाव्यका तत्वहरूको सामान्य परिचय र अन्त्यमा आधुनिक नेपाली खण्डकाव्यको विकास प्रक्रियाको पृष्ठभूमि, प्रवतैन र प्रमुख धाराहरुको परिचय दिइएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा कवि मित्रप्रसाद दाहालको 'प्रमद्वरा' खण्डकाव्यको तत्वगत आधारमा अध्ययन गरिएको छ । यही नै यस खण्डकाव्यको महत्वपूर्ण परिच्छेद हो । यस परिच्छेदमा प्रमद्वरा खण्डकाव्य अन्तर्गत लेखनगत सन्दर्भ, शीर्षक, कथावस्तु, पात्रविधान, परिवेश विधान, भाव विधान, विचार/दृष्टिकोण, सर्गयोजना, छन्दयोजना, रसविधान, कथनपद्धति, अलङ्कार विधान र भाषाशैलीका आधारमा प्रमद्वरा खण्डकाव्यको अध्ययन गरिएको छ ।

झापा जिल्लाको शान्तिनगर गा.वि.स.मा वि.सं. १९९९ साल चैत्र १२ गते जन्मिएका मित्रप्रसाद दाहालले वि.सं. २०२२ सालदेखि नै कलम चलाउन थालेका हुन् । हालसम्मा उनका 'प्रमद्वरा' (२०५७) खण्डकाव्य, चन्द्रहंस (२०६४), श्रीवत्स (२०६४),

महाकाव्य, तारा (२०६६) शोककाव्य र मल्लिका (२०७४) महाकाव्य प्रकाशित भएका छन् । जीवनको उत्तरार्द्धबाट मात्र कृति प्रकाशन गर्न प्रारम्भ गरेका मित्रप्रसाद दाहालले हालसम्म पाँच वटा कृतिहरु प्रकाशन गरिसकेका छन् । कवि दाहालको प्रथम प्रकाशित कृति 'प्रमद्वरा' खण्डकाव्य एक अद्यात्मवादी, परिष्कारवादी र नारीवादी खण्डकाव्य हो । यसमा ६ सर्ग र ६२९ श्लोक संख्या रहेको छ । खण्डकाव्यका तत्वहरू शीर्षककीकरण, कथावस्तु, पात्रविधान, सर्गयोजना, परिवेश विधान, भावविधान, उद्देश्य, रसासभिव्यक्ति, छन्दवद्धता, अलङ्कारविधान, कथनपद्धति र भाषाशैलीलाई समुचित रुपमा प्रयोग गरिएको छ ।

धर्मलाई परिपालना गरी सुन्दर र सभ्य समाज निर्माण गर्न यस खण्डकाव्यले प्रेरित गरेको छ । श्रृङ्गार रस प्रधान रहेको यो काव्यमा अद्भूत, करण, रौद्र आदि रसको पनि सुन्दर प्रस्तुति रहेको छ । विभिन्न १३ वटा छन्द र विभिन्न अलङ्कारको प्रयोगले यो काव्यलाई सफल बनाएका छन् । काव्यकार मित्रप्रसाद दाहालका खण्डकाव्यमा आध्यात्मिकता, परिष्कारवादीता, छन्दोवद्धता, नैतिकता, सामाजिकता, प्रकृतिचित्रण, नारीवादीता, भावुकता, कोमलता जस्ता विशेषता पाइन्छ । उनी अध्यात्मवादी परिष्कारवादी, स्वच्छन्तावादी, प्रकृतिप्रेमी, छन्दप्रेमी र सुवोध एवम् सरल भाषाशैली प्रयोग गर्ने काव्यकारका रुपमा स्थापित भएका छन् ।

पूर्वीय काव्य परम्पराको शास्त्रीय मान्यतालाई समग्रतामा परिपालना गरेर उत्सर्ग गरिएको 'प्रमद्वरा' खण्डकाव्य पौराणिक उपजीव्यग्रन्थ महाभारतबाट बीजभूमि चयन गरिएको नेपाली भाषा साहित्यमा नवोधित खण्डकाव्य हो । कथावस्तु, पात्रहरु, परिवेश आदि खण्डकाव्यका लागि आवश्यक स्रोतहरू पौराणिककाल र महाभारतकै ग्रन्थबाट स्वीकार गरेर पनि नेपालीपनाको मेसिनमा ढालेर लेखिएको खण्डकाव्य हो । भावधारामा स्वछन्दतावादी र शैली सञ्चारमा परिष्कृत शैलीले सिँगारिएका कवि देखिन्छन् । यस स्वच्छन्दतावादी धारा र परिष्कृत शैलीले रचना गरिएको 'प्रमद्वरा' खण्डकाव्यले नेपाली साहित्य जगत्मा छुट्टै महत्व बोकेर हुर्किएको छ । काव्यमा विभिन्न कथानक घटनाहरूलाई समावेश गरे तापनि मुख्य कथावस्तुलाई चरमोत्कर्षमा पुऱ्याउन सफल भएका छन् ।

यस काव्यमा प्रणय सम्बन्धी चिन्तनको अभिव्यक्ति भएको छ । प्रेमलाई नै यस खण्डकाव्यमा काव्यात्मक र भावनात्मक रुपमा प्रस्तुत गरिएको छ । यसलाई जीवन्तता प्रदान गर्नका लागि रुरु र प्रमद्वराको कथालाई प्रस्तुत गरिएको छ । यो प्रणयको जीवन्त अभिव्यक्ति भएको सफल काव्य हो । प्रणय यात्राका क्रममा यहाँ विभिन्न घटनाहरूलाई

रसपूर्ण अभिव्यक्तिका साथ काव्यात्मक जीवन प्रदान गरिएको छ । प्रेम मानवीय नैसर्गिक अधिकार हो, यो जीवनको सार हो र सृष्टि प्रकृयालाई निरन्तरता दिने प्रमुख आधार हो । यसको सम्बन्ध हृदयसित हुन्छ र हृदयको समर्पणमा नै प्रेमको शाश्वत रुप भेटिन्छ । प्रेमलाई शारीरिक आकर्षण र इच्छा पूर्तिको साधन मात्र वनाइनु हुँदैन । शरीर र आत्माको द्वैततालाई अद्वैत रुप दिन सकेमा मात्र साँचो प्रेमको आभास पाउन सकिन्छ र यस्तो प्रेमलाई सामाजिक नीतिनियम, परम्परा, संस्कार र संस्कृति आदि सीमाले रोक्न सक्दैनन् भन्ने दृष्टिकोण यस काव्यको रहेको छ ।

यो नारीवादी खण्डकाव्य हो । पूराणका महत्वपूर्ण आख्यानहरू मध्ये विश्वमित्र मेनका पुत्री शकुन्तलाका बारेमा लेखिएको शकुन्तलोपाख्यान जस्तै विश्वासु मेनका पुत्री प्रमद्वराका बारेमा लेखिएको प्रमद्वरोपाख्यान धेरै महत्वपूर्ण भएर पनि ओझेलमा परेको देखेर कवि मित्रप्रसाद दाहालले 'प्रमद्वरा' खण्डकाव्यमार्फत प्रमद्वरालाई चिनाउने काम गरेका छन् । पतिब्रता सावित्रीका प्रयासले सत्यवानलाई जीवित तुल्याएको कथाले जति प्रश्रय पायो, पत्नीब्रत रुरुका प्रयासले प्रमद्वरालाई जीवित तुल्याएको कथाले त्यति प्रश्रय नपाएको देखेर यो कथालाई पनि परिचित गराउनको लागि कविले यो खण्डकाव्यको रचना गरेका छन् । त्यस्तै यस काव्यमा कवि दाहालले १३ वटा वर्णमात्रिक छन्दको प्रयोग गरेका छन् । गद्य वा मुक्त लयतर्फ आकर्षण बढ्दै गइरहेको वर्तमान परिप्रेक्षमा छन्दोबद्ध कृतिको रचना हुनु यस खण्डकाव्यको अर्को महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ । खण्डकाव्यको भाव व्यक्त गर्नका लागि कवि प्रोढोक्ती कथनपद्धतिको प्रयोग गरिनु, कविका अनुभूतिहरूलाई सु-संगठित गर्नका लागि विभिन्न सर्गको आयोजना गरिनु, विभिन्न रस अलङ्कार आदिको प्रयोग गरिनु, सुन्दर नेपाली अनुकरणात्मक शब्दहरूको समुचित प्रयोग गरी काव्यको भाषिक सौन्दर्यको अभिवृद्धि गरिनु यस खण्डकाव्यका महत्वपूर्ण पक्ष हुन् र यिनै कलात्मक सौन्दर्यले युक्त एक परिष्कृत र मूल्यवान खण्डकाव्य हो ।

यसरी 'प्रमद्वरा' खण्डकाव्यको अध्ययन पछि बुँदागत रूपमा निम्न निष्कर्ष निस्कन्छ ।

१. 'प्रमद्वरा' कवि मित्रप्रसाद दाहालको प्रथम र उत्कृष्ट खण्डकाव्य हो ।

२. यो पहिलो पटक वि.सं. २०५७ सालमा अन्नपूर्ण अफसेट प्रिन्टर्स कमलाक्षी काठमाडौंमा प्रकाशन भएको हो ।

३. यस खण्डकाव्यको शीर्षक चरित्रकेन्द्रीत र कथ्यविषयको संकेत गर्ने खालको छ ।

४. यस खण्डकाव्यको कथावस्तुको मुख्य विषय रुरु र प्रमद्वरा बीचको प्रणय यात्रामा आधारित छ ।

५. यस काव्यको रचना गर्दा कवि दाहालले महाभारतलाई मुख्य आधार बनाएका छन् ।

६. यस खण्डकाव्यकी केन्द्रीय चरित्र 'प्रमद्वरा' हुन्, यो बहुल पात्रको प्रयोग गरिएको खण्डकाव्य हो ।

७. यस खण्डकाव्यमा बैदिक कालको तपोवनलाई मुख्य भौगोलिक परिवेश बनाइएको छ ।

८. यस काव्यमा विभिन्न भावको संयोजन गरिएको भए पनि 'रति' भावनै केन्द्रीय भावका रुपमा आएको छ र सम्भोग श्रृङ्गार रस परिपाक अवस्थामा पुगेको छ ।

९. यो प्रेमसम्बन्धी दृष्टिकोण अभिव्यक्त भएको खण्डकाव्य हो ।

१०. यस काव्यमा केही लामा र छोटा ६ वटा सर्ग र भावको लयात्मक उत्खनन्का लागि मालिनी, शिखरिणी, शार्दूलविक्रीडित जस्ता १३ वटा छन्दको प्रयोग गरिएको छ ।

११. यो कवि-प्रढोक्ति कथनपद्धतिको प्रयोग गरिएको खण्डकाव्य हो ।

१२. यो नारीवादी खण्डकाव्य हो ।

१३. यो स्वच्छन्दतावादी भावधारामा रही परिष्कृत शैलीले रचना गरिएको खण्डकाव्य हो ।

१४. यो नारीहरूको सम्मानका लागि लेखिएको खण्डकाव्य हो ।

१५. यो भावप्रधान खण्डकाव्य हो ।

१६. यसको भाषाशैली रोचक र आकर्षक रहेको छ ।

## ५.२ सम्भावित शोध शीर्षकहरु

(क) मित्रप्रसाद दाहालको मल्लिका महाकाव्यको कृतिपरक अध्ययन

(ख) मित्रप्रसाद दाहालको काव्यात्मक कृतिहरुमा पात्र विधान

(ग) रसपरिपाकका दृष्टिले मित्रप्रसाद दाहालको काव्यात्मक कृतिको अध्ययन